विधाकेन्द्रित साहित्यिक पत्रिका

# वैजयन्ती

९८

विदेशयात्रा-अङ्क-४

ISSN 2362-1117
Vaijayanti Nrs. 100.00

प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १८ अङ्क २ पूर्णाङ्क ९८ विधाकेन्द्रित साहित्यिक पत्रिका २०८१ असार-साउन

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
डा. रमेश शुभेच्छु

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल, भाभा शर्मा, आभा शर्मा, मातृका आचार्य, विभव नेपाल

**आवरण**
सुबोध घिमिरे, क्यालिफोर्निया अमेरिका

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
**चाबेल, काठमाडौँ**

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 984149610
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web : http://nepalipublisher.com / http://shabdarthaprakashan.com

सूचना - वैजयन्तीमा प्रकाशित रचनाको सम्पूर्ण जिम्मेवार स्वयम् लेखक नै हुनेछन्।

# सम्पादकीय

• नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाले नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा, स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, अन्तर्वार्ता, स्ववार्ता, मुक्तक, गीत, गजल, हाइकु, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि गरेर एक हजारभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौं रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

• यात्रा साहित्य न विवरण मात्र हो, न त संस्मरण मात्र हो । विवरण मात्र हुँदा विवरण दिनहुँ परिवर्तन हुने हुनाले रचनाको महत्त्व कति होला ? संस्मरण मात्र हुँदा पनि मान्छे जिज्ञासु हुने हुनाले विनाविवरण एकादेशको कथाजस्तो बन्नेछ । त्यसैले विवरणमा संस्मरण, अनुभव, तुलना, यात्रा गरिएको स्थान विशेषको भौगोलिक, सामाजिक, धार्मिक, आर्थिक महत्त्वका प्रसङ्गका साथ निजात्मकताको पनि आवश्यकता हुन्छ नियात्रा लेखनमा । यहाँ के कस्ता आए यसैले बताउनेछ ।

• वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

• वैजयन्तीको ९८ औं अङ्कका लागि १४ ओटा विदेशसित सम्बन्धित नियात्राहरू प्राप्त भएका छन् । वैजयन्तीले यस अघि १०, २१, ८२ र यो ९८ समेत चार अङ्क विदेशयात्रा प्रकाशित गरिसकेको छ ।

• आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ ।

• वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

• **वैजयन्ती**लाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी समयमा पनि सम्पूर्ण लेखक साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

• **शब्दार्थ प्रकाशन**को वेब साइड **http://nepalipublisher .com/downloads-vajyanti** मा हाम्रा सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

## यस अङ्कमा


| क्रम. | नियात्रा | नियात्राकार | पृष्ठ |
|---|---|---|---|
| १. कलानिधि दाहाल - नेपियरदेखि टाउपोसम्म | | | ५ |
| २. कृष्ण बजगाईं - बर्लिनमा भाइचारा चुम्बन | | | ९ |
| ३. खगेन्द्र खोल्साघरे - प्रशान्तको शान्त सेरोफेरोमा तैरिँदा | | | १७ |
| ४. घनश्याम राजकर्णिकार - संसार प्रशिद्ध ताजमहलमा चहार्दा | | | २३ |
| ५. चन्द्रकान्त आचार्य - अहिलेको अमेरिका यात्रा | | | २७ |
| ६. बिनोद खड्का - मेरिलेण्डको गाउँवस्ती | | | ३२ |
| ७. मुरारीराज मिश्र - भाग्यले ठगेको ताल 'लेक सुपेरियर' | | | ४० |
| ८. पृथ्वीको पल्लोपट्टि - राजेन्द्रकुमार आचार्य | | | ४४ |
| ९. रामकुमार पण्डित क्षेत्री - अस्ट्रेलियामा पनि दशैं आउँदो रहेछ | | | ४९ |
| १०. रामप्रसाद पन्त - मानसरोवर परिक्रमा र प्रदोषव्रतका कुरा | | | ५५ |
| ११. विनोद नेपाल - बेग्लै बाली | | | ६१ |
| १२. विमल गिरी - एसिया नाघेर युरोप | | | ६७ |
| १३. विष्णुप्रसाद शर्मा पराजुली - बुद्ध खोज्ने गाउँले पर्यटक | | | ७२ |
| १४. विश्वदीप अधिकारी - आँखामा नाचेको दुबई | | | ७७ |


पूर्वस्मृति-१, चारु-१,
गीत-२, स्ववार्ता/अन्तर्वार्ता-२, हाइकु-२, लघुउपन्यास-२,
चाड/पर्व/संस्कृति-३, नाटक/एकाङ्की-३,
विदेशयात्रा-४, स्वदेशयात्रा-४,
मुक्तक-५, गजल-५, राष्ट्रिय-व्यक्तित्व-५,
लघुकथा-६,
गद्यकविता-७,
कथा-८, संस्मरण-८, समीक्षा-८,
निबन्ध-९ र
छन्दकविताका-१३ ओटा अङ्कहरू निकालिसकेको
साहित्यिक पत्रिका **वैजयन्ती**को
९९ औं अङ्क नाटक, आख्यान र समीक्षाको सैद्धान्तिक समालोचना
**(पूर्वशताङ्क)-अङ्क** हुनेछ ।

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा. कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुन' लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा. जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत 'मातृदास' (गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा 'पण्डित' (संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीता केशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बँद राना (गजल) |
| अङ्क ३५. प्रा. राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाई (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा. लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |
| अङ्क ५५. माधव पोखरेल गोज्याङ्ग्रे (लघुकथा) | अङ्क ५६. शीतल गिरी (निबन्ध) |
| अङ्क ५७. आत्माराम खरेल (निबन्ध) | अङ्क ५८. दुर्गाकिरण तिवारी (गद्यकविता) |
| अङ्क ५९. डा. रमेश शुभेच्छु (गद्यकविता) | अङ्क ६०. विनोद नेपाल (स्वदेशयात्रा) |
| अङ्क ६१. स'ब सेन (नाटक) | अङ्क ६२. विष्णुप्रसाद शर्मा पराजुली (कथा) |
| अङ्क ६३. ज्ञान उदास (मुक्तक) | अङ्क ६४. डा. विष्णु केसी (समीक्षा) |
| अङ्क ६५. लक्ष्मण अर्याल (लघुकथा) | अङ्क ६६. प्रह्लाद पोखरेल (छन्दकविता) |
| अङ्क ६७. हरि पाण्डे पथिक (राष्ट्रियव्यक्तित्व) | अङ्क ६८. बालकृष्ण भट्टराई (राष्ट्रियव्यक्तित्व) |
| अङ्क ६९. जनक वाग्ले (गीत) | अङ्क ७०. खगेन्द्र खोल्साघरे (संस्मरण) |
| अङ्क ७१. रासा (कथा) | अङ्क ७२. रुद्र ज्ञवाली (छन्दकविता) |
| अङ्क ७३. डा. प्रदीपकुमार मैनाली (गजल) | अङ्क ७४. तिलस्मी प्रभास (मुक्तक) |
| अङ्क ७५. प्रा.डा. कृष्णचन्द्र शर्मा (समीक्षा) | अङ्क ७६. पुण्य कार्की (निबन्ध) |
| अङ्क ७७. हरि थापा (गद्यकविता) | अङ्क ७८. कलानिधि दाहाल (छन्दकविता) |
| अङ्क ७९. जीवराज भट्टराई (संस्मरण) | अङ्क ८०. कृष्ण बाउसे (हाइकु) |
| अङ्क ८१. प्रेम राई परीक्षित (लघुकथा) | अङ्क ८२. कलाधर काफ्ले (विदेशयात्रा) |
| अङ्क ८३. प्रा.डा. लक्ष्मणप्र. गौतम (अन्तर्वार्ता) | अङ्क ८४. शिव त्रिपाठी (छन्दकविता) |

# नेपियरदेखि टाउपोसम्म



**कलानिधि दाहाल**

न्युजिल्याण्डस्थित शान्त तपोभूमिजस्तो नेपियरबाट चिल्ला गाडीमा चिप्ला सडकको यात्रा एकतमास चिप्लिँदा साढे दुईदेखि तीन घण्टाको छेउछाउमा पुगिने ठाउँको नाम हो- टाउपो। बीच बाटाका अग्ला उकालाहरू, निर्जन पहाडका गगनचुम्बी शिरहरू, वन्यबाख्रामा भगौटे जङ्गली परिदृश्य देख्दै ठाउँ ठाउँ नरोक्की अगाडि बढ्न कस्तै चाहेर पनि नमान्ने मनको एकाग्रता, केही खाँदै बढी हेर्दै एसी जडित न्यानो गाडीको भित्र हुइँकिएको यात्रा नमानेर पनि जीवन यात्रा नै हो कि ? ठान्छ मनले तर यस किसिमका दौड मात्र नै जीवन हो भन्नुको मूर्खता मान्दैन मेरो चाहिँ मन।

ठाउँ ठाउँ आँखाका सामु देखिने निर्जन पहाडका पनि छाती फोरेर झर्दै गरेका सहस्रधार झर्नाका मनोहारी स्वरूपहरू हृदयभरि खात लागेर बस्छन्। टाढाबाट हेर्दा यस्ता विकट र सुख्खा ठाउँमा जलपरीहरू झर्नाका स्वरूप लिएर लुकामारी खेलेका हुन् भन्ने विश्वास कसैलाई कतै पनि हुन्न। सेता ऊन ओढेका भेडाभेडीहरू वा खसी-बोका-बाख्रीहरू पेटको आहारा टिपिरहेछन्। जाडो छेल्न यिनीहरूकै शरीरमा प्रकृतिले बनाएर ओढाइदिएका सिमलसिरकहरू बेजोड हवाका झोक्कासँग हल्लिरहेछन् वा मन्द पवनसँग भीरपाखामा फहरिरहेछन्। नजिक पुगेर हत्केलीले आँखा मिचिसकेपछिमात्र हामी झसङ्ग हुन्छौं- सबै प्रकृतिपुत्री झर्नाका पदचाप छङछङाइरहेछन्। सङ्गीतस्वरहरू सप्तसुरका तारसँग लहराइरहेछन्।

न मान्छेका आवाज छन् कतै, न गाउँबस्तीका सङ्केतहरू। न कुनै शहर निर्माणका योजना छन् त्यता, न कुनै उद्योगव्यापारका खाकाहरू। तैपनि ठाउँ ठाउँमा सडकमा गाडी किनारा लगाएर छेउछाउको भित्रपट्टि दश पन्ध्र पाइला चलाएपछि विश्रामका भव्य चौरचौतारीहरू निर्मित छन् जहाँ आनन्दले आरामको सास फेर्न पाइन्छ। आफैले बनाएर लगेका खाना खान पाइन्छ। रेष्टरूमहरू

अर्थात् शौचालयहरू जो छन् भनेर हामी कल्पना गर्न सक्दैनौं तर छन् हाम्रा भान्साभन्दा पनि सफा । कसरी गर्ने सोच्नुपर्छ । ढोका खोल्ने कुन तरिकाले, खुल्यो, भित्र पसियो । ढोका आफै लाग्छन्- ढ्याप्प । कथम् खोल्न जानिएन भने ? फ्लस कसरी गर्ने, दिसापिसाब गरिसकेपछि एउटा त्रास जन्मन्छ । एकै खालका कतै छैनन्, तरिकाहरू । कोही भित्तामा नजानिँदा सङ्केतमा हुन्छन् थिच्नुपर्छ औंलाले । सडकमा चौतारी नबन्नुका वैज्ञानिक आधुनिक कारण कति आनन्ददायक छन् । भीड नहोस्, आवतजावतमा अवरोध उत्पन्न नहोस् । त्यस्ता विकट ठाउँमा पनि यस्ता सोचले काम गरेको छ ।

यस सन्दर्भलाई नै तेस्रो विश्वका मूलुकहरूतिर फर्केर हेरौं, नेपालतिर फर्केर हेऱ्यौं भने कहाली लाग्छ । यति विकट ठाउँका त कुरै छाडौं- नेताहरूले, नीतिनिर्धारकहरूले सङ्केतसम्म पनि पाउन्नन् । जनबस्तीको मुटु, उद्योग-व्यापारको केन्द्र, राजधानीको छात्ती नयाँ सडक अर्थात् न्युरोडकै अवस्था हेरौं- दूरावस्था । मान्छेको भीड त्यहीं । बस, गाडी, मोटर साइकल चलाउने त छँदैछ बिसाउने ठाउँ पनि त्यहीं, राख्ने ठाउँ पनि त्यहीं । छिः दुरावस्थाका सिकार तेस्रो विश्वका नीतिनिर्माणकहरू ।

पुगियो सरर्र लक्षित ठाउँमा । विशाल परिधि । व्यापक फैलावट । कठाङ्ग्रिँदो चिसो । दन्तबजान अरुसँग होइन आफैँसँग आफ्नै दुई ओठभित्रका दुई फग्ल्याँटाको । अनन्त कम्पन । मौसमी खेलको बेमेल । यताको गर्मी त्यताको जाडो । यताको वर्षा त्यताको हिउँद । आँखाले नभ्याइने त्यस परिधिभित्र कहीं कतै गाडी राख्ने ठाउँ भेटिन्न, देखिन्न । नभएर होइन । व्यवस्था चुस्त दुरुस्त सर्वत्र । पर्यटकको ज्यादा उपस्थिति । फर्किने चाहनाको अभाव । बसौं, रमौं, रात नपरोस् । परे पनि त्यता नै बस्न पाइयोस् यिनै चाहनाका खातमाथि मान्छेका जात भएकाले बल्लतल्ल पार्किङस्थलको साँघुरो प्राप्तिमा गाडीका पाङ्ग्रा सुताएर सानो बच्चोलाई सुरक्षित गर्दै र आफूहरू पनि सुरक्षित भएको स्वानुभवपछि टाउपोको टाउकोदेखिसम्म बुझ्ने अन्तर चक्षु दौडिए चारैतिर ।

हाँसका बथान बकुल्लाका जन्ती । प्रकृति अजीव छ, अचम्मको छ, अजेय शक्तिको छ, अनुपम छ, अनुपमेय छ । दृश्यको खासमाभन्दा रहस्यको बासमा छ । जहाँ मान्छेको चेतनाले अनुमान गर्न असम्भव छ त्यहाँ नै प्रकृतिको आनन्दमय उज्यालो बास छ । त्यो ठिहीमा, त्यस चिसोपनमा आँखाले नभ्याइने पोखरीका चारैतिर हाँस र बकुल्लाका सुन्दर स्वरूप पौडेकाछन्- छप्प ! छप्प ! कतै चुचामात्र चोबेर, कतै पूरा जिउ नै जलतरङ्गभित्र अगाध गर्तमा, अगम्य साहसका साथ लुकामारीको रौनक फैलिएको छ । कहाँसम्म छ ? असङ्ख्य मान्छे यसै कौतुहलको सतहमा तैरिएका छन् । प्रकृतिको रहस्य बुझ्ने कसले ?

बुझाउने कसलाई र कसरी ? ज्ञानले कोसिस गऱ्यो- ऋग्वेददतिर, सामवेददतिर, यजुर र अथर्ववेददतिर। विज्ञानले चकाचौंध मर्करीप्रकाश छर्न खोज्यो- लियोनार्दो दाभिञ्चीमा, चार्ल्स डार्विनमा, विल्भर ओर्भिलमा, आइन्स्टाइन र ग्यालिलियोमा तैपनि प्राकृतिक रहस्यका खातहरू चाङ लागेर बसेका छन्। यसको सर्वाङ्ग रहस्य सायद नखुल्ला। खुलेको दिन सांसारिक स्वाद पनि सकिएला, जिज्ञासाको पनि अन्त्य होला। मान्छे हुनुको अर्थ पनि समाप्त हुन सक्छ। सबै समाप्त हुन्नन् र नै प्राकृतिक रहस्यका सर्वपक्ष उदाङ्ग बन्ने सम्भावना क्षीण हुन्छ, समाप्त छ नै।

यी चर्मचक्षु जति नै विस्फारित गरे पनि, पाउहरू जति नै चलायमान गराए पनि, अनुमित खाकाको जत्रोसुकै भारी कसे पनि न्युजिल्याण्डस्थित यस टाउपो तलाउको न आगमनको मूल भेटिन्छ, न गमनको भुल्भुल। न दृश्यको अर्थ लाग्छ, न अदृश्यको रहस्य। यति सबै भनिसकेपछि बुझ्नै पर्ने कुरा- नेपाल पनि प्राकृतिक सौन्दर्यका हिसाबले, अनुपम पर्यटकीय आकर्षणका हिसाबले, अनुपमेय मनमुग्धताका हिसाबले योभन्दा थोरै होला तर कम छैन। एकाध बन्न बनाउन खोजेका स्थल- राराफेवा त लठ्ठी नछिर्ने झारले भरिएका छन् भने अन्य कैयन् रहस्यमय स्थलहरू विस्मृतिका गर्भमै छन्, गर्तमा नै छन्। उच्चरित हुने त नेताका नौटङ्की ओठबाट जनताका कानसम्म चुनावका समय भोटका गोठमा मात्र छरिन्छन्। स्वार्थी, चण्डाल, चाकडबाज मनोलोकको बस्ती फिजिउञ्जेल पर्यटकीय आकर्षणको केन्द्र बनेर त्यसबाट अर्जित अर्थतन्त्रले परिवेशको उज्यालो मुहार हुने सम्भावना स्यालको सिङ खोजेजस्तै हो।

गहिरोसँग बुझ्दा यस टाउपो तालको बाहिरी आयतन सिङ्गो देश सिङ्गापुर भन्दा निकै ठूलो भएको, निकै फराक रहेको तथ्यसिद्ध हुन्छ। अन्तरङ्ग यसको आयतन नाप्ने विचारको ज्ञान र तथ्यको नौलो विज्ञान आविष्कृत भएको आधिकारिक खाका अहिलेसम्म कतै पाइन्न। कतै भेटिन्न। यो हाम्रो समयाभावको कारण पनि हुन सक्छ र सत्य यही नै पनि हुन सक्छ।

यसका दुई किनारामा एकै खाले उस्तै, छुट्टिनै नसक्ने शहरहरू आँखामा आँखा जुधाएर लुकामारी गरेका छन्। हाम्रो उपत्यकाको परिधि जति त यस तालका चारै किनारामा पर्यटकले गाडी पार्किङ गर्न आँखाका नानीका खाकाजस्तै सजाइएका छन्। यिनीहरूका सम्पूर्ण भौतिक चाहनाका स्वप्निल महल साकार गराउने पहिलो शक्ति यही ताल हो। हवाका तेजिला झोक्कामा ताल दौडन्छ, मन्द झोक्कामा तरङ्ग तैरन्छन्। हाँस र बकुल्लाका जोडीहरू आँखामा प्रेम भर्छन्, चुचामा प्रणय उफ्रन्छन् र तैराइमा सांसारिक मायाजालका पखेटा फिँजाउँछन्। विश्वपरीहरू किनारामा बसेर हेर्छन्। उत्तेजनाका सास फेर्छन्। मुस्कानका ओठ

फर्फराउँदै चरम यौन आनन्दका हातमा हात मिलाएर खुला मधुमासमा गोपनीयताका निम्तापत्र परेलीले बाँड्छन् । अब भन्नोस् ऋग्वेददेखि रामायण महाभारत हुँदै देवीभागवत र पुराण-गरूडलेसम्म फिँजाएका कल्पित स्वर्गभन्दा यो कतै कम छ र ?

यस तालको चारैतिरको पहिलो घेरामा रङ्गीचङ्गी बगैँचा, कुन देशका कस्ता खालका पर्यटकका आँखा कस्ता फूलमा रमाउँछन् त्यस्तै खालका पुष्पगुच्छाहरू हवामा तैरिएका छन् । भिन्न भिन्न रङ्ले रङ्गाएर अत्याकर्षक बनाएका फलैँचाहरू सर्वत्र लहर लागेका छन् तर खाली छैनन् कुनै पनि । कति सङ्ख्या होला पर्यटकको ? असङ्ख्य, अनुमानभन्दा टाढा । कुनै देश त्यस्तो विरलै होला जहाँका मान्छे यस ठाउँमा नदेखिउन् ।

तेस्रो घेरा पर्यटक गाडीका पार्किङस्थल वा विश्वका अत्याधुनिक वैज्ञानिक विकास र आविष्कारले सज्जित विरलै देश होला जुन देशका गाडी यता देख्न नपाइयोस् । थेप्चे, नेप्टे, चुच्चे, होचा, अग्ला, अजङ्मोटा, पिलन्धरे सुसुपाल कुन देह त्यस्तो होला जुन देशका मानिसको अनुहार त्यहाँ देख्न नपाइयोस् ।

चौथो घेरा पर्यटक बस्ने होटललजहरूका । उनीहरूले खाने परिकाहरूका । यो मत्स्यालयको देश । मांसाहारी मुटुको देश तर तर सम्पूर्ण परिकार । साकाहारीलाई साकाहारी । फलफुलमात्रलाई फलफुल । दध, दही, मोही जे चाहन्छ पर्यटक उही उस्तै ।

रातोपुल, काठमाडौं ।

-_-

एक अङ्कमा एक विधाको रचना मात्र प्रकाशित हुने हुनाले '**वैजयन्ती साहित्यिक पत्रिका**' नामक फेसबुकमा मागिएको विधाको रचना मात्र समय सीमाभित्र
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

**http://nepalipublisher.com/downloads-vajyanti**

**हाम्रो वेबसाइटमा वैजयन्तीका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

**के तपाईंले हाम्रा प्रकाशनका शब्दकोशहरू पढ्नुभएको छ ?**

# बर्लिनमा भाइचारा चुम्बन



कृष्ण बजगाईं

बैशालु युवतीजस्तै मुसुक्क मुस्कुराएको छ बर्लिन । उज्यालो घामले चम्काएको छ बर्लिनको मुहार । बर्लिनसरह र यहाँको मौसम देखेर उज्यालिन्छ मेरो मन । १४ जुन, २०२४ का दिन जर्मनीको ओसनाब्रुक स्टेशनबाट बर्लिन जाने ट्रेन चढ्दा फुस्फुसे पानीले पछ्याइरहेको थियो । बेतोड दौडेको एक्सप्रेस ट्रेनलाई त्यस पानीले भेटाउन सकेन । आधा बाटो कटेपछि दिक्क लगाउने पानी उतै छुट्यो । ठ्याक्कै तीन घण्टाको ट्रेन यात्राबाट बर्लिन पुग्दा मायालु घामले स्वागत गरेको थियो ।

तीन दिनको बसाई छ बर्लिनमा । कला, कलाकार र सङ्ग्राहलयहरूको शहरमा टेक्नै बित्तिकै मनको क्यानभासमा कोरिन्छन् अनेकन आकृतिहरू । मनकै एक कुनाको रङमञ्चमा प्रदर्शन हुन्छन् गीत, सङ्गीत र नाटकहरू । मेरो मनको सङ्ग्रहालयमा अनायसै खुल्छन् स्मृतिका ढोकाहरू ।

पहिलो पटक टेके पनि पत्रपत्रिका र पुस्तकहरूमा धेरै पटक पढेको छु बर्लिनलाई । सुनेको छु रेडियोमा बर्लिनका बारेमा । देखेको छु टीभीमा बर्लिन शहरलाई । कहिलै नभेटेको बर्लिनलाई बेलाबेलामा त्यसै सम्भिरहन्थें । बर्लिनमा टेक्ने सपना देखिरहन्थे । ऐतिहासिक शहर बर्लिनमा छन् प्रसिद्ध सङ्ग्राहलयहरू । छन् यहाँ संसारभरका बहुमुल्य कलाकृतिहरू । बर्लिनमा भएका एक सय सत्तरीभन्दा बढी सङ्ग्राहलयहरूले सुरक्षित राखेका छन् मानवजातिका इतिहास र तिनका सिर्जनाहरू । सार्वजनिक प्रदर्शनीमा छन् गौरवशाली कलाकृतिहरू । इतिहास बताउन तयारी अवस्थामा छन् दुर्लभ सामग्रीहरू ।

धेरैका लागि सपनाका शहर हो बर्लिन । सङ्गीतका पारखीहरूको स्वप्निल शहर हो बर्लिन । गीतसङ्गीतमा वर्षैंभरि गुञ्जिरहने बर्लिन संसारभरका शास्त्रीय र आधुनिक गीतसङ्गीतका पारखीहरूका लागि प्रमुख गन्तव्य हो बर्लिन । बर्लिनजस्तो कला, संस्कृति, इतिहास, सङ्ग्राहलय आदि भएको शहर तीन दिनमा घुमेर सकिन्न । बर्लिनको आधुनिकता मात्र पनि चिहाएर सकिन्न तीन दिनमा । सम्भव भए जति धेरैभन्दा धेरै स्थलको अवलोकन गर्ने योजना छ ।

बर्लिनको सडकमा लम्किरहेको छु । देखिरहेको छु विशाल बर्लिनको एक भाग । जर्मनीको राजधानी बर्लिन मनोरम स्थल, जीवन्त सांस्कृतिक परिदृश्य र बेग्लै जीवन शैलीका लागि प्रसिद्ध छ । संसारभरका हरेक उमेरका मानिसलाई आकर्षित गरिरहन्छ बर्लिनले । ऐतिहासिक भवन, आधुनिक वास्तुकलाका साथसाथै अतीत र वर्तमानको एकसाथ मिलन भएको छ बर्लिनमा । जीवन्त शहर चौबिसै घण्टा जागिरहन्छ । बर्लिन एक पल पनि रोकिन चाहँदैन । म घुमन्ते यात्री पनि रोकिने कुरै छैन । हिँडिरँको छु बर्लिनको सडकमा ।

बर्लिन शहर अथाह ऊर्जाले भरिएको छ । यहाँका चहलपहल मानवताको धडकन जस्तो लाग्छ । हल्लाले शहरको गतिशीलता दर्शाएको छ । बर्लिन शहरको सांस्कृतिक विविधता र आधुनिकताबीचको अनुपम समायोजनले आकर्षक गन्तव्य बनेको छ । चढ्छु बर्लिन सेन्ट्रल स्टेशनमा भुमिगत ट्रेन । छोटो यात्रापश्चात् निस्कन्छु नदीले बनाएको एउटा सानो टापु जस्तो म्युजियम आइल्याण्ड अगाडि ।

सामुन्ने छ बर्लिन क्याथिड्रल । ऐतिहासिक आकर्षक क्याथिड्रल गौरवशाली इतिहास बोकेर गर्वसाथ उभिएको छ । अवलोकनकर्ताहरूको बाक्लो भिड छ बर्लिन क्याथिड्रलको सामुन्ने । पन्ध्रौं शताब्दिदेखि सञ्चालनमा आएको क्याथिड्रलको अगाडि अकासिरहेका छन् पानीको फोहराहरू । फोहराले गाइरहेका छन् पानीको गीत । धन्न आज आकाशे पानी परेको छैन । नत्र कसले हेर्थ्यो र पानीको फोहरा ? कसले सुन्थ्यो पानीको गीत ? मन शान्त पार्ने पानीको गीत एकछिन सुन्छु । पानीको नृत्य धीत मरुञ्जेल हेर्छु । कञ्चन पानी जस्तै सङ्गलिन्छ मेरो चित्त ।

शहरलाई नियालिरहेको छ बर्लिन टीभी टावरले । अलिक पर रहेको निकै अग्लो बर्लिन टीभी टावरलाई फोहराको छेउबाट नियाल्छु म । वरपरका मनोरम दृश्यहरूमा आँखा डुलिरहेका छन् । सुन्दर दृश्यहरू कैद हुन्छन् मोबाइल फोनको क्यामरामा । निरूपम दृश्यहरूलाई हृदयको अल्बममा जतनसाथ सजाउँछु । फुर्सदको समयमा पल्टाउने छु बर्लिनका सम्झनाहरू ।

फोहरालाई छाडेर क्याथिड्रल नजिकै रहेको म्युजियमतिर पाइला चाल्छु । म्युजियम आइल्याण्ड अर्थात् म्युजियम टापुमा बनेका छन् थुप्रै म्युजियमहरू । सन् १८३० देखि बनाउन थालिएको थियो यस टापुमा म्युजियम । यस आइल्याण्डका आल्टेस म्युजियम, नोयस् म्युजियम, आल्ट नेशनल ग्यालरी, बोड म्युजियम र पर्गमन म्युजियमभित्र सुरक्षित छन् दुर्लभ सामग्रीहरू । म्युजियमभित्र सङ्गृहित छन् ग्रीस, रोम, इजिप्टका कलाकृति र मूर्तिहरू । संरक्षित छन् मानव जातिका इतिहासका केही अंश । त्यसैले त संयुक्तराष्ट्र संघको युनेस्कोले विश्व सम्पदा सूचिमा सूचिकृत गरेको छ म्युजियम आइल्याण्डलाई । यस आइल्याण्डमा पाइला

चालिरहँदा म प्राचीन स्थानमा हिँडिरँको छु जस्तो अनुभूति हुन्छ मलाई ।

म्युजियमलाई बाहिरबाट हेरेर फन्को लगाउँछु । यस पटकको बर्लिन यात्रामा म्युजियम अवलोकन गर्ने योजना छैन । उसो त जापान, नेदरल्याण्डस, बेल्जियम, फ्रान्स, पोर्चुगल, इटाली, ग्रीस, बेलायत आदि देशका महत्त्वपूर्ण म्युजियम घुमिसकेकाले यहाँका म्युजियम छुटे पनि खासै पछुतो छैन । फेरि भोलि बिहान बर्लिन नजिकै हिटलरले सञ्चालनमा ल्याएको कन्सन्ट्रेसन क्याम्प जसलाई म्युजियमकै रूपमा अहिले सुरक्षित राखिएको छ, त्यहाँ जाने कार्यक्रम भएकाले यताको खासै चासो नभएको हो । झन्डै पौने एक घण्टा म्युजियम आइल्याण्डमा बिताइसकेको छु । भित्र नजाने भएपछि बाहिर के हल्लिरहनु ?

अर्को गन्तव्य बर्लिनको पर्खाललाई बनाएको छु । चढ्छु ट्रेन । इतिहासको चर्चित घटना हो बर्लिनको पर्खाल । जर्मनी विभाजनको पीडा हो । दुई शक्तिशाली राष्ट्रको साँढे जुधाईको कारण ठडिएको हो बर्लिन पर्खाल । विश्वका विभिन्न देशमा सत्ता र व्यवस्था परिवर्तन गराउने झिल्का हो बर्लिन पर्खाल । दोस्रो विश्वयुद्धको परिणाम हो बर्लिनको पर्खाल । दोस्रो विश्वयुद्धको मुख्य कारक हुन् हिटलर । सम्झन्छु, मैले पढेको दोस्रो विश्वयुद्धको इतिहास ।

यहुदी विरोधी हिटलरको क्रुर शासनकालमा बर्लिनमा यहुदी माथि खुब अत्याचार भएको थियो । त्यस बेला बर्लिनमा रहेका अधिकाङ्श यहुदीका पसल र घरमा लुटपाट गरिएको थियो । त्यति मात्र होइन तिनलाई जलाइयो । यहुदीहरूलाई विनाकारण सरकारी नोकरिबाट हटाइयो । यहुदी सङ्गठनका प्रतिनिधि र कर्मचारीलाई निर्वासित गरियो । बर्लिनमा धेरै यहुदीहरूलाई मारियो । कतिले आत्मसर्मपण गरे । कैयौं यहुदीहरूले आत्मसर्मपण नगरेर आत्महत्या गरे । अधिकाङ्श यहुदीहरू भागे । भाग्न नसकेका र बाँचेका यहुदीहरूलाई बर्लिन नजिकैको जाक्सनहाउजन कन्सन्ट्रेसन क्याम्पमा बन्दी बनाइयो । पाप धुरीबाट कराउँछ भनेजस्तै दोस्रो विश्वयुद्धमा जर्मनीले हार बेहोर्नु पऱ्यो । क्रुर सत्ताका नायक हिटलरले आत्महत्या गरे । हिटलरको उदय र अन्त्य कुनै सिनेमाको कथाजस्तो लाग्छ मलाई । यस इतिहासबाट शिक्षा लिनुपर्छ वर्तमान र भविष्यका शासकहरूले । उक्त घटनाबाट सत्ता, सम्पत्ति र शक्ति सधैं एकनाश हुन्छ भनेर घमण्ड गर्नु हुँदैन भन्ने ज्ञान लिएको छु मैले ।

दोस्रो विश्वयुद्धको समयमा बर्लिन खण्डहर शहरमा बदलिएको थियो । बाध्य भएर बर्लिन शहरले सन् १९४५ मा सोभियत सेना समक्ष विनाशर्त आत्मसर्मपण गरेको थियो । भनिन्छ- दोस्रो विश्वयुद्धको समयमा बर्लिनमा करिब एक लाख पच्चीस हजार नागरिक मारिएका थिए । इतिहासको पानामा लेखिएको उक्त घटना सम्झँदा दुःखी बनाउँछ मलाई । दोस्रो विश्वयुद्धको समाप्तिपछि बर्लिनको पूर्वी

प्रान्तमा धेरै शरणार्थीहरू पलायन भए । आफ्नै देशमा शरणार्थी हुनुको पीडा कसरी भोगे होलान् तिनीहरूले ? कस्तो भयो होला शरणार्थी हुनुको पीडा ? तिनीहरूले के भने होलान् युद्धका नाइकेहरूलाई ? इतिहासको नमीठो यथार्थले चिमोट्छ मलाई बेस्सरी ।

दोस्रो विश्वयुद्धपछि अमेरिका, बेलायत र फ्रान्सले पश्चिम बर्लिनलाई आफ्नो कार्य क्षेत्रको रूपमा लिए । तत्कालै मार्शल प्लानअनुसार त्यसको निर्माण कार्य सुरु गरे । सोभियत संघले भने पूर्वी बर्लिनको निर्माण कार्य सुरु गऱ्यो । पूर्वी जर्मनीले पूर्वी बर्लिनलाई राजाधानी बनायो भने पश्चिमी जर्मनीले बोनमा राजधानी बनायो । दुई जर्मनीको स्थापनाले शीत युद्ध निम्त्यायो । शीत युद्धले तनाव बढायो । उक्त तनावको प्रभाव प्रत्यक्ष र अप्रत्यक्षरूपमा विश्वभरि फैलिएको थियो । अनायसै स्मृतिमा आउँछन् उतिबेला पढेका शीत युद्धका समाचारहरू । जर्मनी विभाजनपछि सयौँ कारिगर र व्यवसायीहरू दिन प्रतिदिन पूर्वी बर्लिन छाडेर पश्चिम बर्लिन जान थाले । पढे लेखेका मानिसहरू पनि पूर्वी जर्मनीमा बस्न नचाहेपछि भागेर पश्चिम जर्मनीमा जान थाले । यसबाट पूर्वी जर्मनीलाई आर्थिक र राजनीतिक रूपमा निकै नोक्सानी भयो । काम गर्न सक्ने सीप भएका दक्ष कामदारहरूको अभाव हुन थाल्यो । त्यसलाई रोक्न दुई जर्मनीको बीचमा पूर्वी जर्मनीले बर्लिनको पर्खाल लगायो । एउटै जात, भाषा, धर्म भएका देश राजनीतिक कारणले विभाजित भयो । परिवारका सदस्यहरूलाई राजनीतिले कोरेको सीमा रेखाले छुट्यायो । छुट्यायो प्रष्टरूपमा विश्व मानचित्रबाट जर्मनीलाई र बनायो दुई ओटा जर्मनी । आफ्नै मातृभूमि चिरेर भागबन्डा लगाएको दृश्य टुलुटुल हेरिरहे जर्मन नागरिकहरूले । एकदिन जर्मनी एकीकरण हुने छ भन्ने सपना देखिरहे उनीहरूले तर सपना र वास्तविकताको बीचमा ठडिएको हुन्छ विशाल पर्खाल । पर्खाल नाघेर होइन भत्काएर मात्र साकार हुन्छ सपना ।

पर्खालले कहाँ छेक्न सक्छ र मानिसका विचार ? न त रोक्न सक्छ मानिसको शरीर । अग्लो पर्खाल लगाइएको भए पनि पश्चिमी जर्मनी जान मरिहत्ते गर्नेहरू सुरुङ खनेर, हट बेलुनबाट आकाशमा उडेर, पर्खाल नाघेर पनि जान थाले । त्यसरी जानेहरू भेटिएमा गोली हानेर मारिन्थ्यो । यस्तो घटनाबाट पूर्वी जर्मनीको ठूलो बदनामी भइरहेको थियो । जे. एफ केनेडीले भनेका छन्- 'पर्खाल धेरै राम्रो चिज होइन तर एक युद्धभन्दा कैयौं उत्तम विकल्प जरुर हो ।' केनेडीले भनेजस्तै दुई जर्मनीबीचमा गोला बारुदको युद्ध त भएन तर शीत युद्ध भने चलिरह्यो बर्लिनको पर्खाल नढलुञ्जेल । युद्धको बादल मडारिरह्यो संसार भर । चलिरह्यो विश्वमा युद्धको त्रास ।

ट्रेनबाट उत्रेर बाहिर निस्केपछि चारतिर हेर्छु । बर्लिन वाल त देख्दिनँ ।

बर्लिन वाल हेर्न भनेर निस्केको 'बर्लिन वाल मेमोरियल'मा पो पुगेको रहेछु । 'बर्नावर स्ट्रास्स' सडक छेउमै रहेको यो स्थान निकै महत्त्वपूर्ण रहेछ । एकातिर हिँडेको अर्को महत्त्वपूर्ण ठाउँमा पुगेर नवीन कुरा हेर्न पाउँदा खुसी हुन्छ मन ।

फलामका मोटा मोटा डण्ठाहरू लहरै गाडिएका छन् अलिक परसम्म । यही डण्डा भएको स्थानमा बर्लिनलाई विभाजन गर्ने पर्खाल खडा थियो । पर्खाल भत्काइएपछि बर्लिनको विभाजनलाई देखाउने फलामे डण्डाहरू त्यो विभाजनको इतिहास बताउन ठिङ्ग उभिएका छन् । ती फलामका डण्डाहरूलाई स्पर्श गर्छु । अनुभूत गर्ने प्रयास गर्छु विभाजनका पीडा । पर्खालको वारि र पारि भएका परिवारका चिन्ताको अन्दाज गर्छु । म घुमन्ते यात्रुले अनुमान गर्ने त हो नि ! पीडा त भोग्नेहरूलाई बढी थाहा हुन्छ । दुई खुट्टा फलामे डण्डाको वारि र पारि राख्छु । उतिबेलाका दुई बर्लिनमा खुट्टा छन् मेरा । बर्लिनमात्र होइन पूर्वी र पश्चिमी दुई जर्मनीमा दुई खुट्टा छन् । मेरो शरीर सिमानाको बीचमा खडा छ । आखिरमा सिमाना भनेको काल्पनिक रेखा त हो नि ! किन कोर्छन शासकहरूले देश विभाजन गर्ने काल्पनिक रेखाहरू ? बारम्बार सोधिरहन्छ मेरो मनले यक्ष प्रश्न ।

बिस्तारै अगाडि बढ्छु तर छिटो छिटो दौडिरहेका छन् मेरा आँखा चारैतिर । अलिकबेर हिँडेपछि झुरुप्प मानिसहरू भएका ठाउँमा पुगेर रोकिन्छु । मलाई रोकेको थियो बर्लिनको पर्खालले दिएको पीडाका शब्द, दृश्य र आवाजहरूले । पढ्न मिल्ने, फोटो हेर्न मिल्ने र थिचेर आवाज सुन्न सकिने बर्लिन पर्खालको इतिवृत्ति बताउने स्थानमा छु । केही जानकारीहरू सुन्छु । ध्यान दिएर हेर्छु । सरसरती पढ्छु त्यहाँ लेखिएको बर्लिन पर्खालका इतिहासहरू । यो त 'इपिसेन्टर' रहेछ बर्लिन पर्खालको । यही स्थानमा बर्लिनको पर्खाल बन्न सुरु हुँदा धेरै जर्मन नागरिकहरूको मृत्यु भएको थियो । पर्खाल बनिसकेपछि पनि यही स्थानमा धेरै जर्मन नागरिकहरूको ज्यान गएको रहेछ । एकीकृत जर्मनी चाहने तिनै देशभक्तहरूको स्मृतिलाई सुरक्षित राख्ने काम यहाँ भएको पाउँछु । बर्लिनको पर्खालले दिएको विभाजनको पीडालाई अध्ययन गरेँ । अनुभूत गरेँ । एकीकृत जर्मनी चाहने नागरिकहरूको आवाज । त्यो आवाज वरपर गुञ्जिरहेको थियो । म उभिएको ठीक अगाडि रहेको घरका भित्ताहरूमा बर्लिन पर्खालसँग सम्बन्धित विभिन्न चित्रहरू कोरिएका छन् । ती चित्रहरूले बताइरहेका छन् बर्लिन पर्खालको पीडादायी इतिहास । पढाइरहेका छन् वर्तमान पुस्तालाई राजनीतिक विभाजनका चित्रकथा । एक समय राजनीतिक विभाजनको प्रतीक यो ऐतिहासिक पर्खालले अहिले एकता र पुनःनिर्माणको गाथा सुनाइरहेको छ ।

बर्लिन पर्खालले दुई जर्मनीलाई २८ वर्षसम्म विभाजित गरेको थियो । सोभियत रुसमा मिखाइल गोर्वाचोभको उदयपश्चात् पूर्वी जर्मनीमा रुसको पकड

कमजोर हुँदै गयो । त्यसपछि पूर्वी जर्मनीमा राजनीतिक उदारीकरण सुरु भएको थियो । सिमानाको नियम केही खुकुलो बनाइयो । यसैको फाइदा उठाउँदै पूर्वी जर्मनीमा धेरै प्रर्दशनीहरू भए । देशभक्तिको बाढीलाई बर्लिन पर्खालले जोगाउन सकेन । अन्ततः ९ नोभेम्बर १९८९ पूर्वी र पश्चिम जर्मनीका जनताले बर्लिन पर्खाललाई तोडे । दुई देशबीचको सिमाना खुला भयो । दुई जर्मनीको एकीकरण मात्र भएन, बिछोड भएका परिवारहरूको एकीकरण भयो । साथीसँगीहरूको पनि मिलन भयो । ३ अक्टोबर, १९९० मा जर्मन एकीकरणको प्रक्रिया समाप्त भयो र शक्तिशाली जर्मनी बन्यो । जर्मनी एकीकरणपश्चात् बर्लिन पनि एकीकृत शहर बन्यो । पहिले नै पढेको जर्मनीको इतिहासलाई फेरि बर्लिनमा पुगेर सम्झन्छु । पढेँ बर्लिनको पर्खाल अगाडि र पछाडिका प्रभावहरू । मेरा आँखाले नियालिरहेका छन् अहिलेसम्म त्यसले पारेका असरहरू ।

करिब एक घण्टा लगाएर बर्लिन पर्खालको महत्त्वपूर्ण स्थल सरसरती हेरिसकेँ । बर्लिन पर्खालको अर्को भाग हेर्न जानका लागि फेरि ट्राम चढ्छु । बर्लिन शहरको एक छेउबाट दौडिरहेको छ ट्राम । ट्रामको झ्यालबाट देखिन्छ बर्लिनको असमानता । केही स्थानमा विकास, निर्माण र आधुनिकता चुलिएर माथि पुगेको छ । कहीँ भुईंमै पछारिएको छ अभाव र गरिबी । समानरूपमा विकास हुन बाँकी नै देख्छु बर्लिनको । पर्यटकको मुख्य आकर्षण स्थल पूर्वी भागमा रहेको बर्लिन पर्खालको नजिकै आधा घण्टापछि ट्राम रोकिन्छ । बर्लिनको पर्खाल भएतिर लम्किन्छु । ट्रामका अधिकाङ्श यात्रुहरू बर्लिन पर्खाल हेर्न जाँदै रहेछन् । त्यही भिडसँगै मिसिएर हिँडिरेँछु । सडक छेउबाट कङ्क्रिटको पर्खाल लमतन्न परेर पर निकै परसम्म गएको छ । त्यही थियो बर्लिनको पर्खाल । बर्लिनको पर्खाललाई पछ्याउँदै हिँडिरेँको छु । सुम्सम्याइरहेको छु बर्लिनको पर्खाललाई । बर्लिनको पर्खाललाई स्पर्श गर्दा त्यस वेला इतिहासको त्यो पीडादायी समय र मानवीय भावनालाई महसुस गर्छु ।

तेह्र सय मिटर लामो बर्लिनको पर्खाल आफ्नै देश विभाजनको इतिहास बताउन प्रमाणसहित उभिएको छ । सुरक्षित राखिएको छ उक्त भाग संसारलाई देखाउन । जहाँ पूरै विश्वको ध्यान केन्द्रित भएको छ । मुक भाषामा बोलिरहेको छ पर्खालले विगतका पीडा । देखाइरहेको छ एउटै देश विभाजित भएपछिका घाउहरू । भत्काइएको बर्लिन पर्खालको अवशेषलाई हेर्दा इतिहासको गहिरो पीडाको अनुभूत गर्छु । त्यहाँ भेट्टाउँछु दुःख र आशाको असङ्ख्य कथाहरू । बर्लिन पर्खालले मलाई मानवअधिकार र स्वतन्त्रताका बारेमा सोच्न बाध्य बनायो । रङ्गीचङ्गी चित्रहरू कोरिएका छन् पर्खालमा । पूरै पर्खालभरि विभिन्न चित्रहरू बनाइएका छन् । कलाकारका अनुपम सिर्जनाहरू अवलोकन गर्दै जान्छु । यस्तो

लाग्छ कि म कुनै खुल्ला आर्ट ग्यालरीमा हिँडिरहेको छु । जीवन, प्रकृति, वातावरण विनाश, सम्बन्ध, प्रेम, यौन, आप्रवासी, शहरीकरण आदि विषयका अनुपम सिर्जनाहरूले अल्मल्याउँछ मलाई । यति धेरै र यस्तै सिर्जनाहरू कुनै आर्ट ग्यालरीमा पैसा नतिरी हेर्न पाइँदैनथ्यो । सित्तैंमा पाएको अवसरलाई भरपुर उपयोग गर्छु । ती चित्रहरूलाई मेरा आँखाले स्वाद मानेर हेरे । संसारका विभिन्न देशका कलाकारहरूले बनाएका बर्लिन पर्खालको भित्ते चित्रमा एकता, विश्व बन्धुत्व र भाइचाराको सामुहिक आवाज प्रष्फुटित भएका देख्छु । तिनले विभाजनकालीन समयको तनाव र पछि भएको पुनर्मिलनको कथा प्रस्तुत गरेका छन् । विभाजनको घाउ बोकेको बर्लिनको पर्खालका चित्रहरूले मलहमको काम गरेका छन् । दैनिक हजारौं अवलोकनकर्ताहरूले हेर्ने ती चित्रका मुनी कतै कुनामा चित्रकार हरूको नाम लेखिएको छ । कहीं चित्रकारको सही छ । चित्रकारहरूको नाम नसम्झे पनि चित्र त मेरो मनको ग्यालरीमा टाँसिएका छन् । कहाँ बिर्सन्छु र ती अद्भूत चित्रहरूलाई ?

दुई जना पुरुषले एक आपसमा चुम्बन गरेको चित्रले मेरो पाइला रोक्यो । संसारभर फैलिएको अहिलेको भाषा भन्नु पर्दा 'भाइरल' उक्त चित्रलाई मैले पत्रिकामा देखेको थिएँ । टीभीमा हेरेको थिएँ । अहिले प्रत्यक्ष हेर्न पाउँदा तरङ्गित हुन्छु । 'भाइचारा चुम्बन' नाम दिइएको उक्त चर्चित चित्र रसियन चित्रकार दिमित्री भ्रुवलले बनाएका हुन् । तत्कालिन सोभियत संघको कम्युनिष्ट पार्टीका महासचिव लियोनिद ब्रेझनेव र पूर्वी जर्मनीका सोशलिष्ट युनिटी पार्टीका महासचिव एरिक होनेकरको चुम्बनको दृश्यले रन्थनायो मलाई । दुई पुरुषका बीच ओठमा हुने चुम्बन समलिङ्गीहरूको मात्र हो भन्ने मेरो बुझाई थियो तर त्यो बुझाई बर्लिन पर्खालमा उक्त चित्र हेरेपछि गलत सावित भयो । कम्युनिष्ट पार्टीमा पुरुषहरू बीच यस्तो चुम्बन पनि हुँदो रहेछ । कमरेडहरूबीच हुने यस्तो चुम्बनलाई मित्रता, भाइचारा र मजबुत सम्बन्धको रूपमा हेरिँदो रहेछ । विदेशका कम्युनिष्टका सबै कुरा नक्कल गरेका नेपालका कम्युनिष्टहरूले यो 'भाइचारा चुम्बन' किन नेपालमा नचलाएका होलान् ? यदि लालसलाम वा मुठी कसेर हात मिलाउनुको साटो भाइचारा चुम्बन अनिवार्य गरिएको भए नेपालका कम्युनिष्ट पार्टीहरू पटक पटक दर्जनौं टुक्रामा विभाजित हुने थिएनन् । ओठमा चुम्बनको गहिरो स्वाद लिइसकेपछि छुट्टिएर कसरी अर्को पार्टी गठन गर्न ? मेरो मनले ठट्टा गर्छ ।

चुम्बन हेर्ने र त्यसको अगाडि उभिएर फोटो खिच्न चाहानेहरूको भिड छ । पालो आएपछि म पनि ती चुम्बन गरिरहेका कमरेडका चित्रलाई पृष्ठभूमिमा पारेर फोटो खिच्छु । मपछिका दुईजना पुरुषहरूले एकआपसमा चुम्बन गरेर

फोटो खिचे । ती कम्युनिष्ट हुन् कि समलिङ्गी हुन् छुट्याउन सकिनँ । उक्त दृश्य हेरिरहेका बेला कुनै पुरुष आएर मेरो ओठमा च्वाप्प चुम्बन गरेर यो भाइचारा चुम्बन हो है कमरेड भन्ला कि भन्ने डर पो लाग्यो । चुम्बनको र मझमलाई छाडेर बर्लिन पर्खाललाई पछ्याउँदै अलिक परसम्म पुग्छु । धीत मरुञ्जेल बर्लिन पर्खाल र त्यहाँ बनाइएका चित्रहरू हेरेर सन्तुष्ट हुन्छु । बर्लिन पर्खाल अवलोकन गरिसकेपछि अर्को महत्त्वपूर्ण स्थल 'चार्ली चेक प्वाइन्ट' अवलोकन गर्न जाने योजना बन्छ र बस चढ्छु ।

एकछिनपछि बसले गन्तव्यमा पुऱ्यायो । बसबाट उत्रेर बर्लिनको सडकमा फेरि पाइला टेक्छु । पर्यटकका भिड छ बाटामा । एकछिन् हिँडेपछि मूल सडकको बीचमा एउटा 'गार्ड हाउस' अगाडि सिमेन्ट भरिएका बोराहरू चाङ लगाएर राखिएको देख्छु । अमेरिकी झन्डा फरफराई रहेको छ गार्ड हाउस अगाडि । गार्ड हाउसको माथिल्लो भागमा अङ्ग्रेजी भाषामा 'युएस आर्मी चेक प्वाइन्ट' लेखिएको छ । यही नै रहेछ पर्यटकको आकर्षण केन्द्र 'चार्ली चेक प्वाइन्ट' । गार्ड हाउस अगाडि फोटो खिच्ने पर्यटकको लामो लाइन देखेर दिक्क मान्छु । उतिबेलाको इतिहास सम्झाउने यस स्थानबाट पासपोर्ट, सुरक्षा जाँच गर्ने कार्य दुई जर्मनीको एकीकरण भएपश्चात् हटेको छ तर विभाजनको इतिहास सम्झाउने चेक प्वाइन्ट पर्यटक र भावी पुस्तालाई जानकारी होस् भनेर सुरक्षित राखिएको छ । म खोजिरहेको छु विभिन्न जानकारीहरू । नियालिरहेको छु त्यस वरपरका घर र पसलहरू ।

बर्लिनमा पर्खाल लगाइएपछि पूर्वी बर्लिन र पश्चिमी बर्लिन बीचमा आउजाउ गर्ने र रणनितिक हिसाबले महत्त्वपूर्ण स्थानको रूपमा यो चेक प्वाइन्ट रहेको थियो । यो स्थान शीत युद्धको समयमा एकदम तनावमय स्थलको रूपमा लामो समयसम्म रह्यो । यही स्थानमा एक पटक अमेरिकी र सोभियत सेनाका ट्याङ्क आमने सामने भएर झन्डै मुठभेडको स्थिति आइलागेको थियो । यदि यहाँ मुठभेड भएको भए सायद तेस्रो विश्वयुद्ध हुने थियो होला । आणविक हतियारले सुसज्जित दुवै शक्ति राष्ट्र लडाई गर्ने बहाना खोजेर बसेका थिए । चार्ली चेक प्वाइन्टमा उभिएर फोटो खिच्छु । हातले स्पर्श गर्छु गार्ड हाउसलाई । सुरक्षाका लागि चाङ लगाएर राखिएको सिमेन्ट भरिएको बोरालाई पनि स्पर्श गर्छु । तत्कालीन समयको तनावग्रस्त चार्ली चेक प्वाइन्ट अहिले इतिहास बताउन शान्तसँग बसेको छ । मेरो मनले स्पर्श गऱ्यो शान्ति । शान्त मन लिएर म फर्कन्छु ।

लन्डन, बेलायत ।

-_-

**के तपाईंले हाम्रा प्रकाशनका शब्दकोशहरू पढ्नुभएको छ ?**

# प्रशान्तको शान्त सेरोफेरोमा तैरिंदा



**खगेन्द्र खोल्साघरे**

यात्राभित्रकै यात्रामा सबैभन्दा पहिलो यात्री त जीव हो। जीवको जन्म नै यात्रा हो, त्यसपछिमात्र संसारमा चल्न, बोल्न, हिंड्न सिकेर अगाडि पाइला चाल्दछ जीव। प्रशान्तको यात्रा छेड्ने पानी पहिलो यात्री हो तसर्थ प्रशान्त महासागरको पहिलो यात्री पानीले गरेको यात्राभित्रकै यात्राको एउटा विन्दुमात्र हुन् प्रशान्त। प्रत्येक जीव भनौं प्राणीका आ-आफ्नै यात्रा हुन्छन् जसमा प्राण हुनु, प्राण धान्नु। जीव हुनु, जीवन धान्नु। खोज यात्रा एवं आनन्द यात्रामा तैरिंदै गन्तव्यमा पुग्नु यी सबै सबै यात्राभित्रकै यात्रामा पर्दछन्। यात्रा हुनका लागि यात्री चाहिन्छ नै। प्रत्येक जीव नै यात्री हुने हुँदा मेरो जीवनको म नै पहिलो यात्री हुँ।

हामी अस्ट्रेलिया महादेशमा रहँदै आएका सन्तानका भरमा यात्रामा निस्कियौं। नेपाल र भारत राम्रै यात्रा गरेको भए तापनि चीनको (खासा) र भुटानको (जयगाउँ) नाकाबाट भित्र मात्र पाइला टेकेको म यात्री एकैचोटि विकसित मूलुक अस्ट्रेलियाको सिडनी पुग्यो। त्यहाँ मेरा सन्तानको बासो थियो रकडेल। त्यहाँ नेपाली, भारतेली, चिनियाँ मानिसलगायात नेपालकै नामले खोलिएका विभिन्न पसलहरू रहेछन्। किनमेल गर्न जाँदा केवल पैसा भिन्न थियो भाषाको जरुरी थिएन। नेपाली र हिन्दी नै पर्याप्त हुने हुँदा नेपाल भारत छोडेको अनुभव मलाई हुँदै भएन। दुईतीन दिनको बसाइपछि मलाई मेरी छोरी इभा र भतिजी गरि माले प्रशान्तको एउटा किनारा Bay of Prashanta-La Perouse घुमाउन लगे। त्यो प्रशान्त महासागरको एउटा ऐतिहाँसिक स्थल पनि रहेछ निकै विषयले। एउटा त करिब २०० वर्ष अगाडिको आदिबासी पुरानो बस्ती Aboriginal Suburb यसैको नजिक रहेछ। त्यस स्थानलाई बीच सम्बोधन नगरिए तापनि महासागरको एक किनारा नै हो। महासागरका घुम्न बस्न र छालमा पौडिंदै रेतमा आनन्दले घाम ताप्न मिल्ने महासामगरीय बालुवासहितको तटलाई विच भन्ने गरिन्छ। मेरा लागि सिडनीको पहिलो अवलोकन पनि थियो त्यो दिनको त्यो स्थान लापेरस, सँगै प्रशान्त महासागर आफै आफ्ना छालसँग आनन्दका साथ खेलिरहेकी थिइन्।

म एकक्षण त्यो दृश्यमा बहकिएँ, आफैसँग हराएँ । लाग्यो कति आन्नदमय, कलायुक्त तथा लयबद्ध धुनमा प्रशान्त रमाइ रहेकिछिन्, । चाहे ती उनकै कला होस् वा वायु वा इन्दुका पङ्खले नचाएको होस्, मेरो नजरमा प्रशान्तकै कला लाग्यो । प्रशान्त कताबाट आएर कता बग्छिन् रनभुल्लमै परिन्छ । प्रशान्त बग्न नभ्याएका जमीनमा मात्र ससाना टापु बनेको रहेछ । प्रशान्त आफ्ना छालसँगै लुकामारी खेल्दै किनारामा पुग्दै फर्कंदै गरिरहेकी छिन् । मलाई छोरीहरूले समुद्रकै बीचमा बनाएको पुरानो ढाँचाको तर हेर्दा आधुनिक र व्यवस्थित लाग्ने मिलिटरी घर देखाए । उहिलेको बेलायतको उपनिवेशकालीन पुरानो घर, बाटो, विच र ऐतिहासिक मिलिटरी पोर्ट । महासागरको बीचभागबाट त्यहाँसम्म पुग्ने रूखबाट पानी भित्रभित्रै बनाइएको पुल र महासागरको बीचभागमा बनाएको त्यो घर करिब २०० वर्ष अगाडि बनाइएको रहेछ । बेलायती उपनिवेशको सम्पन्नता र अहम्तालाई नियालेँ । विश्व सबैको साझा घर हो जसले बनाए पनि बनाउनुपर्छ भन्ने भावना सबैमा पलाए कस्तो हुन्थ्यो होला यो संसार ? भन्ने सोच पलायो ।

प्रशान्ततिरको किनारमा बसेर आनन्द साथ प्रशान्तका कल्लोलमा मनलाई तैऱ्याउँदा कविता कल्लोलिनी पनि मनमा छचल्किन लागेपछि मलाई कवितासँग छचल्किन मन लागेर आयो तर समयले नेटो काटेको भान हुन्थ्यो एकातिर भने अर्कातिर त्यहाँ जाडोको समय प्रशान्तको चिसो हावाको सिरेटो, अर्कातिर सूर्यले त्यो दिनको मेलापात भ्याएर डाँडापारि पुगेर अर्को मेलोमै जुटिसकेकोले होला यातातर्फ रात्रीले घुम्टो ओढेको सङ्केत दिँदै थियो ।

आजको विज्ञानले सृष्टि विज्ञानलाई नयाँ नयाँ प्रविधिमा बालेको बिजुली बत्ती हो । यही बत्तीले गर्दा झलमल्ल पारेकोले के रात, के दिन उज्यालै लाग्दथ्यो । लाग्छ यो आनन्दलाई बटुलबाटुल पोको पारेर बासोतिरै लैजाउँ वा यही बसेर प्रशान्तसँगै रअल्लिएर आनन्दमा रात बिताऊँ । भावना मनमा छताछुल्ल भएर पलाएका छन् । मेरो जीवन सङ्गिनी उमा पनि साथै छँदै छिन् तर म भने प्रशान्तसँगै रअल्लिएर रात बिताउँने सोचमा । कविमन न हो खै कताकता के हो ! अब भने मेरा सोचले अर्कै पाटो समायो । यो झलमल्ल बलेको बत्ती, यही पानी, यही हावा, यही घाम बलेको त हो नि तर मानिसले विज्ञान मेरो भन्छ । मन फेरि मडारिँन थाल्यो मनलाई आल्टोकोल्टो पार्न कविता लेखौं लेखौं लाग्यो कविको मन न हो ? यसो गोजीमा भएको कलम र गोजीमै राखिने थैलीमा भएको सानो कागजको टुक्रो निकाली कवितासँग एकछिन भलाकुसारी गरौं कि भन्ने लाग्दालाग्दै 'बाबा ! घर जानुपर्छ अब ।' त्यस दिनका गोठालाले घरजानुपर्छ भनेर बाटो लगाएपछि चाहनालाई थाती राखी बासोतिर फर्किने काम भयो । अर्को अर्को दिन गर्दै केही दिन बितेपछि प्रशान्तको अर्को किनारा बाइटन विचमा

बसेर वैदेही खण्डकाव्यको थालनी गरी त्यो पहिलो दिनको चाहनालाई मूर्तरूप दिनसकेको महसुस गर्न समेत भ्याएँ ।

संसारका महासागरमध्ये सबैभन्दा ठूलो महासागर प्रशान्तले अस्ट्रेलियालाई नै घेरेको रहेछ । सिडनीबाट क्वीनल्याण्ड राज्यमा पर्ने ब्रिसबेनमा भएकी छोरीका घरमा जानका लागि मेरो एकल यात्रा तय भयो । गाडी अथवा मेट्रोमा बाटोघाटो जमीन वन पाखो नियाल्दै भिन्नै यात्रानुभूति सँगाल्ने चाहना थियो हवाइजहाजको टिकट प्राप्त भएकोले मेट्रोको यात्रा पूरा चल्न पाएन तर पनि एकातर्फको अपूरो विषयको गरिमालाई ओभ्केलमा पार्ने अर्को आनन्दको यात्रानुभूति प्राप्त भयो हवाइजहाजबाट जाँदा । डेड घण्टाको उडानमा रहँदा झ्यालको सिटबाट तलतिर नियाल्न सजिलो थियो र राम्ररी नियाल्न भ्याएँ । उडानका बाटामा पर्ने एन.एस.डब्लु. राज्य र क्वीनल्याण्ड राज्यलाई नियाल्दै हावामा तैरिँदा तल प्रशान्त नागबेली रूपमा जमेकी देखिन्छिन् । नागबेली घुम्तीमा रहेका ससाना टापुमा भएका शहर वा बस्तीलाई विभिन्न भिन्न भिन्न तलाउमा फुलेका कमलका फूलजस्ता मात्र लाग्ने शहर र बस्तीहरू हेर्दा लाग्छ शहर नै समुद्र हो कि वा समुद्र नै शहर हो । कतै कुनै दिन महासामुद्रिक छाल वा ज्वारभाटाले रौद्ररूप लियो भने सिडनी कस्तो हुन्छ कहाँ हुन्छ होला ? यतिमै प्रशान्तसँगका प्रश्न थाती राखेर ब्रिसबेन उत्रेँ, विमा-समर छोरीज्वाइँ का स्वागतसँगै घरतर्फ लागेँ ।

अस्ट्रेलियामा विशेष गरी घुमफिर गर्ने स्थान भनेको समुद्रको किनारा नै रहेछ । त्यहाँका सामुद्रिक किनारा सबै टेकिसक्न दैनिक हिँड्दा जीवनका एकतीस वसन्त लाग्छ भन्ने सुन्न पाइयो । आफ्नो उमेरलाई उघारेँ र एकतीस वसन्त जोडेँ । आफूलाई सन्तानब्बे वर्षसम्म चलाउन सके मात्र प्रशान्तका सबै किनारा भ्याइने रहेछ । मनमनै हाँसेँ । ब्रिसबेनमा भएका छोरीज्वाइँ ले शहरको सेरोफेरो घुमाउने क्रममा एउटा किनारा पुगिन्छ । त्यो पनि ज्यादै पुरानो रहेछ । मलाई सिड्नीभन्दा ब्रिसबेन रमाइलो लाग्यो । त्यहाँका बासिन्दासँग परिचय गराउने काम छोरीज्वाइँ बाट भएपछि बल्ल म अस्ट्रेलिया आएछु भन्ने लाग्यो । छोरी विमा र ज्वाइँ समरले त्यहाँको सांस्कृतिक कार्यक्रममा रात्रि लोकनृत्य अवलोकन गराए ।

त्यहाँ चार पाँच दिनको बसाइपछि म सिडनी नै फर्किएँ र त्यहाँ गएर लेखपढ गर्न पनि भ्याएँ । मेरा बस व्यवसायी साथी जो सँगसँगै नेपालमा साभ्का व्यवसाय गरेथ्यौँ । अनिलकुमार चालिसेज्य'ले आफ्नै निजी गाडीमा राखेर घुमाउनु भयो भने सरिना छोरीज्वाइँ आशिषले उहाँको घर नजिकको विच लानुभयो । त्यहाँ डलफिन आनन्दले पौडिएको देख्न भ्याइयो, बाँकी स्थान छोरी इभा-ज्वाइँ कुशल पौडलबाट १९२३ ताका बनेको Harbour Bridge सँगै रहेको Opera House का साथै विभिन्न सांस्कृतिक एवं पर्याटकीय क्षेत्रको अवलोकन गराउँदै

प्रशान्तकै काखमा निर्मित जलाशयमा पालिएका विभिन्न जलचर जीवहरू घुमाउन अग्रसर हुनुभयो । हजुर बा-आमाको अस्ट्रेलिया यात्राको पाँच दिनपछि आफ्नो जीवन यात्रामा आएकी दुई महिनाकी नयाँ सदस्य वैदेही छन् यात्राकी साथी । Bondi Beach जानलाई Opera House बाट पानी जहाजबाट जानआउन नथाकी साथ दिएकी छन् । यात्रामा सँगै रमाएकी छन् । केही स्थानहरू भाइ मुक्ति, बुहारी पद्‌मा र छोराछोरी रेश्मा, शशाङ्कसँग घुम्ने मौका मिल्यो । गरिमा छोरी-ज्वाइँ रजत र छोराबुहारी सागर-अस्मितासँगको घुमघाममा बिर्सी नसक्नुको भयो ।

अस्ट्रेलियामा घुम्ने ठाउँ भनेको १०० मा ९० प्रतिशत सागरीय तट नै हो । भूगोलमा भएको सम्पूर्ण जमीनका ५ प्रतिशत जमीन अस्ट्रेलियामा भएको र त्यो ५ प्रतिशत जमीनमा ७२ प्रतिशत पानीको भाग र बाँकी बचेको २८ प्रतिशत जमीनमा पनि ०.३ प्रतिशत भागमा मात्र मानिसको बसोबास रहेको बुझिन्छ । यसमा पनि एन.एस.डब्लु, क्वीनल्याण्ड. मेलबन र क्यानभेरा राज्यमा मानिसहरू अलि बेसीमात्रामा बसोबास गरेको देखियो भने पेशागत सम्भावना पर्याप्त भएको एन.एस.डब्लु.राज्यमा पर्ने सिडनी शहरनै रहेछ । बाटोघाटो पुल करेसा सबै व्यवस्थित तरिकाले बनाइएको कानुनी विधिको शासनमा चलेको राज्य हुँदा यो राज्यमा धेरैभन्दा धेरै कुरा नभए तापनि सम्पूर्ण वस्तु विभिन्न देशबाट विधिवत निकासी गरी जनतालाई कुनै कुराको खाँचो हुन दिइएको रहेनछ । काम, दाम र मामको खाँचो जनतामा छैन ।

जेसुकै भए पनि महमै मौरी भुमिन्छन् । अरू विषयवस्तु खोतलेर यात्रानुभूतिको आनन्द आउँदैन प्रशान्ततिरै फर्किनुपर्छ, प्रशान्तका शान्त छालछालमै कल्लोलमय आनन्दको अनुभूति हुने हुँदा प्रशान्ततिरै फर्किएर विभिन्न तटका रेतमा घुम्ने, बस्ने र त्यहाँको आनन्द लिने काममा म पछाडि किन पर्थें र ? जाडोमा सागरीय तटका बालुवमा पल्टिएर दिनको आनन्द लिने र गर्मीमा त्यही रेतमा पल्टिएर प्रशान्तका कल्लोलले हम्किएको हावा खाँदै आधारातमा बासमा फर्किंदा के रात के दिन एकै लाग्दछ । त्यो विधिमा बाँधिएको वातावरण, त्यो जनलहर निर्धक्क आ-आफ्ना बासोतिर पर्किंदो दृश्य नै देख्दा मात्र पनि भिन्नै आनन्दको अनुभूति हुन्छ । यसरी सधैं जसो वा फुर्सदमा त्यहाँको जनलहर महासागरका छालमै रमाउँछ पौडिन्छ, तैरिन्छ । रेतमा पल्टिएर धीत मरेपछि किनारासँगैका होटलमा आएर विभिन्न किसिमका खाना खाने त्यो जनलहर देख्दा लाग्छ मानौं संसार सुखमय छ । यो सुखमय आत्मानुभूतिसँगै अर्को पाटोको बयान नगर्दा यात्राको आनन्द छाया पर्न जान्छ । अझै अर्को पाटो बस्ती बगैंचाको पाटो छोडियो भने यो यात्रावृत्तान्तको मजा नै अधुरो हुन्छ भन्ने लाग्छ । पहिलो पाटो नाङ्गोविनाको उदाङ्गो । नाङ्गो नहुँदानहुँदै पनि उदाङ्गो लाग्ने सूर्यको पाटो ।

सूर्यभित्रको ज्योतिलाई देख्ने भेट्ने आशामै मानिसको जीवन बित्छ तर केवल आशक्तिमा कुरिरहन्छ खै के भेटिन्छ ? भेटिन्छ त यही संसार उही सूर्यको देखिँदो ज्योतिमात्र । भेटिन्छ जीवन प्रणाली यस चलायमान संसारको निरन्तरताको बारी र बीज । यही बारी र बीजको एक आपसी मिलन विन्दुपछिको चलायमान प्रकृति र निरन्तरतामा मूल प्रकृतिलाई साथदिने जीव वनस्पितिलगायत विभिन्न प्राणीहरू । उनै प्राणीमा हुने विपरित लिङ्गीप्रतिको प्राकृतिक चासोको विषय प्रकृति नै हो वा भगवान् नै हो ? गोप्य एवं संवेदनशील अङ्गलाई रूखका बोक्रा पात आदिले छोप्न सुरु गरी आजसम्मको विकास क्रममा विभिन्न कपडाले ढाक्न सफल भएको छ मानिस तर पनि आफूमा भने नाङ्गै छ ऊ । यति हुँदाहुँदै पनि मानिस सर्वाङ्ग रहन सक्दैन ।

त्यसैको फलस्वरूप प्रशान्तका किनारामा थुप्रिएका बालुवाकै मैदानका तिरैतिर तीर ताकेर तीर हान्ने तयारी गर्दा तीर हान्नलाई केही क्षण ढिला भएको मात्र हो । प्रशान्तका किनारामा थुप्रिएको सफा लाग्ने बालुवामा जम्मा भएको जनलहर देख्दा एक भिन्नै अनुभूति हुन्छ संसारसँगको । त्यहाँ बसेर बिस्तारै सोच्नुपर्छ । आँखा खोलेर होइन आँखा चिम्म गरेर भित्री आँखा खोल्नुपर्छ अनि बाहिरी संसार नौलो लाग्दैन । सीमित अङ्ग ढाक्नलाई मात्र पुग्ने ससाना पट त्यान्द्राहरू मात्र लगाएर प्रशान्तका शान्त कल्लोलमय छालसँगै खेलेर न्यानो रेतमा पल्टिन्छ एक संसार । त्यही बालुवामा पल्टिएको जनलहर उही उदाङ्गै सूर्यबाट प्रकाशित न्यानो काखमा पल्टिएर अङ्गप्रत्यङ्ग नसा नसा सेकेर आनन्दको अनुभूति लिएर साथीभाइसँग रमाएको, खाएको देखिन्छ जनलहर । खुल्ला आकाश तल सीमित अङ्गमात्र ढाकेर खुल्ला स्वतन्त्र बाटो हिँड्दा पनि कुनै किसिमको असुरक्षा महसुस हुन्न । सबै आआफ्ना धुनमै व्यस्त हुन्छन् ।

अर्को पाटो सधै सधैं बगैंचाभित्र बास बसेको अनुभूति हुन्छ अस्ट्रेलियामा । यहाँ विशेष गरी बगैंचा जस्तो आफ्नो जमीनको घेराभित्र एक तले घर बनाएका हुन्छन् । व्यापारी क्षेत्रका अपामर्टमेण्ट, डिपार्टमेण्टबाहेक सबै सबै शहर नजिकका बस्तीमा यस्तै देखिन्छ । एकदमै फराकिला सफा बाटा घाटा, बाटो काटिरहँदा अलि पर पुगेपछि ठूलो बगैंचा आउँछ कि जस्तो लाग्छ तर त्यहाँ पुग्दा करेसाबारी नै बगैंचा बनेको देखिन्छ ।

केटाकेटीमा अग्लो डाँडोमा पुगेपछि आकाश छुन पाइन्छ भन्ने लाग्दथ्यो त्यस्तै लाग्छ । बगैंचा सोचेर हिँड्यो करेसाबारी नै बगैंचा, प्रत्येक टोल नै वनबिहार गरेजस्तो लाग्छ । अझ वसन्त ऋतुमा त के कुरा गर्नु ? त्यो गाउँ त्यो ठाउँ र त्यहाँको व्यस्ततालाई अङ्ग्रेजीमा यसरी सम्बोधन गर्न मन लाग्यो - Every Time is Working Time या Life and Every Subrub are Like a

Garden in N.S.W. भन्न रुचाएँ मैले तर अस्ट्रेलियाभरि नै यही किसिमले करेसाबारी र घर बनाइएको भेटिन्छ । प्रशान्तले आफूलाई यस भूमिमा राम्ररी जमाएकी छन्, आफू जमेर अरूलाई हँसाएकी छन् ।

--–


**के तपाईंलाई थाहा छ ?**

**हामी २०८० र २०८१ को**
**वर्ष साहित्य पुस्तकमा जुटिसकेका छौं ।**
**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका**
**पुस्तकहरूको हामी परिचय प्रकाशन गर्दछौं ।**

**त्यसैले हामीलाई पुस्तक उपलब्ध**
**गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौँ **०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

**के तपाईंले शब्दार्थका कथा, कविता र निबन्धका**
**पुस्तकहरू पढ्नुभएको छ ?**

# संसार प्रसिद्ध तालमहलमा चहार्दा



घनश्याम राजकर्णिकार

आगरा भारतको एउटा साधारण शहर हो तर त्यहाँ बहुमूल्य रत्नको रूपमा ताजमहल भैदिंदा त्यो शहर सम्पूर्ण भारत महाद्वीपकै लागि इज्जत र गौरवको कुरा भएको छ। यस्तो विश्वप्रसिद्ध ताजमहलमा म तीनपटक पुगिसकें तर यौवनावस्थामा पहिलो पटक त्यहाँ एक्लै पर्यटकको रूपमा जाँदाको कटु-मधु अनुभव र अनुभूतिका रेखाहरू यहाँ प्रस्तुत गर्दछु ।

म काठमाडौंको जुद्धोदय पब्लिक हाइस्कुल (हाल जुद्धोदय माध्यमिक विद्यालय) मा पढ्दा मलाई आफ्नो देशको इतिहास विषयमा त्यतिको ज्ञान थिएन जतिको छिमेकी राष्ट्र भारतका विषयमा थियो। त्यसबेलाको शैक्षिक नीति त्यस्तै थियो। अहिले भैँ राष्ट्रिय कुरामा जोड दिने परम्परा त्यसबेला थिएन। म आठौं कक्षामा छँदा हामीलाई विजयानन्द जोशीज्य' इतिहास पढाउनुहुन्थ्यो। भारतका विशेषगरी मुगल बादशाहहरूका भावभङ्गीमा देखाउँदै हामी ठिटाहरूलाई उहाँ मख्ख पारिदिनुहुन्थ्यो। साँच्चै भन्ने हो भने उहाँसित इतिहास पढेदेखि नै यस विषयमा मेरो चाख बढ्दै गएको हो। उहाँको शिक्षण तरिकाले नै गर्दा निस्प्राणबाट प्राणयुक्त भए भैँ लागेको थियो मलाई त्यो विषय । मेरो मन-मस्तिष्कमा ताजमहलको विषयमा रोचक प्रसङ्ग भरिदिने पहिलो पुरुष मैले सम्झेसम्म विजयानन्द माडसाब नै हुनुहुन्छ ।

त्यसबेलादेखि नै ताजमहल हेर्ने उत्कट इच्छा, उत्सुकता र कुत'हल ममा कता कता लुकेर बसिरहेको थियो होला र १७-१८ वर्षपछि अर्थात् यौवनावस्थामा यी सबले उर्लेर साकार रूप लिइछोडे। माघ महिनातिरको कुरा हो रातीको रेल चढी कोलकताबाट आगरार अग्रसर भएँ।

आगरा पहिलोपटक रेलयात्रीको रूपमा गइरहेको थिएँ । म बसेको रेलगाडी साना साना स्टेसनमा रोकिँदै गइरहेको थियो। बीच बीचमा मानिसहरू उक्लने ओर्लने गरेको देख्दा काठमाडौंमा कतै साझा बसमा गइरहे भैँ लागेथ्यो। यो क्रम आगरा नपुगुन्जेल रातीदेखि बिहान दश बजेसम्म चली नै रह्यो।

बिहान करिब १० बजेतिर म बसेको रेलगाडी आगरा स्टेसनमा पुगी रोकियो। रातभरको चिसो ठण्डीबाट छुटकारा पाएकोमा मेरो मन त्यसै हलुङ्गो हुँदै थियो, त्यसमाथि धेरै वर्षपछि ताजमहल हेर्ने धोको पूरा हुनै लागेको विचारले रोमाञ्चको अनुभव भइरह्यो। स्टेसनबाट बाहिर निस्कनासाथ होटलको व्यवस्था गर्नु पहिले नै ताजमहलकै दर्शन गर्ने मनमा लिएँ। सवारी साधान के कस्तो पाइन्छ भनी हेर्दा दुई चारओटा टयाक्सीकार छाडी रिक्सा-साइकलको बाहुल्य देखेँ। कम खर्चमा आफ्नो लक्ष्य पूरा गर्ने ध्येय थियो त्यसबेला मेरो। अतः म रिक्सा भएतिर अनायास हिँडेछु। मलाई अघि बढेको देख्नासाथ एकजना रिक्सा-चालक ख'बै तत्परता देखाई म भएतिर आयो। ताजमहलसम्म जान कति लिने भनी सोधिहालेँ। पान चपाइरहेको त्यो रिक्सावालाले फोहोर दाँत देखाउँदै हाँस्दै 'अरे साब, पैसाका क्या सवाल ? चलिए ताजमहल पहुँचा देंगे जितना मनचाहे दिजिएगा' भन्यो। हेर्दा सरल हुने यस्ता चिप्ला वाक्यको फन्दामा परेर मैले पहिले पनि एकदुई पटक धोका खाइसकेको थिएँ। सुरुमा चिप्लो कुरा गर्ने र पछि ठाउँमा पुगिसकेपछि भने जति भाडा नदिए झगडा गर्न पनि तम्सिने भारतका यस्ता रिक्सावालाहरूलाई विश्वास गर्नु ठीक छैन भन्ने मेरो व्यक्तिगत धारणा बनिसकेको थियो। यसैले त्यो रिक्सावालाको कुरा नसुनी अर्को रिक्सावालासँग कुरा गर्न मात्र के लागेको थिएँ त्यसले एकदम त्यो चाहिँलाई धम्काउँदै 'देख, ये मेरा प्यासेन्जर है बीच मे मत बहकाना' भन्न थाल्यो। उसले यति भन्नासाथ अर्कोचाहिँले मेरो वास्ता गर्न छोड्यो अनि म त्यो पहिलेको रिक्सावालालाई मनमनै घृणा गर्दै फटाफट अगाडि बढेँ।

मैले सोचेको थिएँ यसो गरेपछि म उसको पन्जाबाट छुट्ने छु तर कहाँ र ? उसले मलाई आफ्नो कब्जामा परेको शिकार सम्झेछ क्यारे ऊ ठूलो ठूलो स्वरमा- 'ए साब आइए, बैठिए, क्यों भागते हो ? भन्ने छोटो बोलीले मेरो अहम्मा चोट पुऱ्याउनु स्वाभाविकै थियो। आफ्नो मानसिक अस्थिरता शान्त गर्न उसलाई हपार्दै भनें- 'क्या बकते हो ? हमने कहा न नहीं जाउँगा, जाओ दुसरा पेसेन्जर ढुँडो।' तैपनि गएको होइन त्यो लण्ठु, पछिपछि आई नै रह्यो। कस्तो फसाद ! एक त हिन्दी भाषा राम्ररी नआउने- बोल्ने बानी खास नहुँदा धेरै अशुद्धि होला भन्ने सङ्कोच लाग्ने त्यसमाथि अरू रिक्सावालासँग यसो सोधपुछ गरूँ भने उसले इसारा गरिसकेको हुन्थ्यो र जवाफै नपाइने। यसैले मनमनै यो बेवकूफको पिण्ड छुटाउनुपऱ्यो भन्ने विचारले सुटुक्क एउटा चिया पसलभित्र पसेँ र चियापान गरेँ। केही बेरपछि बाहिर यसो हेर्छु त त्यो लण्ठु जहाँको त्यहीं रहेछ। मैले पनि अनि एउटा जुक्ति निकालिहालेँ। चिया पसलमा एउटा बेरा (काम गर्ने केटा) लाई तीन रूपैयाँ बक्सिस दिँदै एउटा ट्याक्सी खोजेर ल्याउनु

भनें । एकछिनमा ट्याक्सी आइपुग्यो र त्यो केटालाई मनमनै धन्यवाद दिँदै ट्याक्सीभित्र बस्न पुगें । विजेताको आँखाले रिक्सावालालाई एकपल्ट मैले हेरेर हिँडे । विचरा चोक्टा खान हिँडेको झोलमा डुबेको देख्नुको साथै एउटा सम्भावित झमेलाबाट मुक्त हुन पाएर मन सन्चो र जिउ हलुँगो भएको अनुभव गर्दै गएँ ।

कुनै पनि तीर्थस्थलमा पुग्दा जुन किसिमको आनन्द र सद्भावना हाम्रो मनमा प्रस्फुरण हुन्छ ठीक त्यस्तै मलाई ताजमहल पुग्दा भयो । साथै मेरो मनमा अनेक किसिमका तर्कना, कल्पना र सम्झनाहरू मडारिन थाले । टहल्दाटहल्दै मलाई लाग्यो प्रेमी-प्रेमिकाको प्रेममा प्रणयलीला र कामवासना मात्र केन्द्रित भएको हुँदैन, त्यसमा त्याग र बलिदानका धाराहरू पनि अविरल रूपमा बगिरहेका हुन्छन् । वास्तवमा ताजमहल प्रेमको भव्य स्मारक हो र यसको कहानी वा इतिहास भन्नु नै अमर प्रेमको अमर गाथा हो । भनिन्छ- मुगल खान्दानको पाँचौं बादशाह शाहजहाँ आफ्नी पटरानी मुमताज महललाई अति मन पराउँथे । पम्फाकी फूलजस्ती सुन्दरताकी खानी, मनोहरताकी रानी मुमताज पनि हृदय सम्राट्लाई एकछिन पनि छोड्न सक्दैन थिन् ।

बादशाह शाहजाहाकी पटरानी मुमताज महलले चौधौं शिशुलाई जन्म दिँदादिँदै असह्य वेदनाको अनुभव गरिन् । यही नै आफ्नो अन्तिम घडी हो भन्ने निश्चित गरी उनले तत्कालै आफ्नी जेठी छोरी जहाँआरालाई बादशाहको जुनाफमा दर्शन भेटको इच्छा जाहेर गर्न पठाइन् । बादशाह तुरुन्तै आइपुगे र किंकर्तव्यविमुढ बन्दै आफ्नी बेगमको अस्ताउन लागेको नेत्रद्वयमा दृष्टि पात गर्दै मुखाकृति करुण पार्दै थिए । आफ्नो अन्तिम घडी निकट छ भन्ने निश्चित गरेरै होला तिनले बादशाह समक्ष आफ्नो मृत्युपछि आफ्ना लालाबालाको हेरचाह गरिदिन, दोस्रो विवाह नगरिदिन तथा आफ्नो लागि संसारमा एउटा बेजोडको सुन्दर मकबरा (चिहान) बनाइदिन पनि निवेदन गरिन् । आफ्नी प्रेयसीको यस अनुनयलाई बादशाहले अक्षरशः पालना गर्ने वचन दिए । आखिर मुमताजले निमेषभरमै शान्तिपूर्वक आँखा चिम्लँदै सधैंको लागि चिरनिद्रामा लीन भइन् । यो दुःखद् घटनाबाट शाहजहाँलाई संसारै उजाडिएको जस्तो हुन गयो ।

शाहजाहाले मुमताज महलको इच्छानुसार दोस्रो विवाह गर्दै नगरी विधुर जीवन बिताए । त्यसपछि आफ्नी प्रिय पत्नीको सम्झनामा उनले एउटा भव्य मात्र होइन परन्तुसम्म अतुलनीय तथा अवर्णनीय रहने एउटा मकबरा (चिहान) बनाउने विचार गरे । त्यसको लागि आफ्नै दरबारको झ्यालबाट देखिने यमुना नदीको किनारातीरको एउटा खुला ठाउँ रोजे र त्यो ठाउँमा संसारमा कहीं कतै नभएको खालको सुन्दर भवन बनाई त्यसको नाम आफ्नै प्रेयसीको नाम मुमताज महलबाट पहिलो दुई अक्षर छोडी ताजमहल राख्ने निधो गरी त्यसको निर्माणमा उनले तन, मन, धन समर्पण गरे ।

यो महलको निर्माण गर्न विभिन्न ठाउँबाट आएका असङ्ख्य कालीगढहरू तथा बीस हजार ज्यामीहरूले २२ वर्षसम्म रातदिन निरन्तर परिश्रम गरेर तालमहल भव्य रूपमा खडा भयो । उच्चकोटीको सिंहमरमरबाट बनाइएको यो महलको विभिन्न ठाउँमा गोमेद, नीलमणि, वैदुर्यमणि, स्फटिक, सिपी, रक्तमणि जस्ता २८ थरीका मूल्यवान् पत्थरहरूको समन्वयले यसको हिसीमा अद्यापि सुनमा सुगन्ध थपे झैँ भएको छ ।

यो भव्य स्मारकनिर पुगेपछि यसको गरिमामय भव्यतालाई हेर्दै यसभित्र अवस्थित चिहान हेर्नजाने परम्परा रहेछ । म पनि अरू पर्यटकसँगै चिहान भएको ठाउँतिर गएँ । हेर्दै जाँदा थाहा पाएँ- ताजमहलको त्यो ठूलो गुम्बजको ठीक तल बीचमा पारेर एउटा चिहानसँगै अर्को पनि राखिएको रहेछ तर ती दुवै मुख्य होइन रहेछन्, मुख्य चिहान त त्यसको पनि अझ ठीक तल एक तलामुनि रहेछ जहाँ पुग्न मुख्य ढोकाको नजिकै अगाडि रहेको तेर्सिएको सिँढीबाट ओर्लनु पर्दो रहेछ । तलको त्यो मुख्य चिहान भएको ठाउँमा (जहाँ मुमताज र शाहजाहाँका शवहरू गाडिएका छन्) पुग्दा एउटा अनौठो भावना मेरो मनमा प्रस्फुरित भयो । त्यो के भने मानिसले जतिसुकै फुर्तिफार्ती गरी धन, कीर्ति कमाए पनि एकदिन शाहजहाँ र मुमताज जस्तै उनै परमेश्वरको पाउमा पर्न जानुपर्छ अनि हामीले चिताए झैँ गर्न सक्ने कुरा केही हुन्न ।

त्यो माथिको कोठामा रहेको चिहानतिर एउटा बूढो मुसलमान बसिरहेको देखेँ । पर्यटकहरूबाट केही पैसा पाउने आशाले त्यो वृद्ध व्यक्ति कोठाको विषयमा वर्णन गर्दै थियो । त्यस कोठालाई ऐना महल भन्दा रहेछन् । म पनि उतिरै लागेँ र उसले बयान गरेकोबाट थाहा पाएँ- पारसी ढङ्गबाट निर्मित त्यो कोठामा रहेको सिंहमरमरको वास्तुकला बेजोड छ । नभन्दै त्यो कोठाको वरिपरि ३५ थरीका मूल्यवान् पत्थरहरूलाई बुट्टाको रूप दिई सिङारिएको अति सुन्दर देखिन्छ । चिहानमा रहेका अरू बुट्टाहरूको अतिरिक्त करिब एक इन्चको फूलमा मात्र साठीओटा अमूल्य रत्नहरू सुशोभित भएको देख्दा मलाई आश्चर्य लाग्यो ।

यसरी ताजमहल हेर्ने लोभलाई संवरण गर्न नसक्दा मैले कटुमधु दुवै राम्ररी अनुभव गरेँ भन्नुपर्छ । एकातिर ताजमहल जस्तो दिव्य स्मारकको दर्शनले प्राचीन भारतको गरिमामय इतिहास प्रस्ट रूपमा मेरो आँखा अगाडि फनफनी घुमिरह्यो त अर्को कुरा, त्यतातिरका केही बासिन्दाहरूले देखाएको छुच्चो व्यवहारले मलाई मन मर्ने अनुभव हुन गयो तर जेहोस्, अरू यात्रा झैँ आगराको ताजमहल हेर्न जाँदा सँगालिन आएका कटु-मधु अनुभव र अनुभूतिहरू पनि मेरो जीवनपथमा एउटा अविस्मरणीय पोकाको रूपमा रहिरहेका छन् ।

--

# अहिलेको अमेरिका यात्रा



**चन्द्रकान्त आचार्य**

२०८२ साल असार ९ गते तदनुसार २३ जुन २०२५ को बेलुकी ६ बजे कतार एयरवेजको उडानबाट दोहा जाने र त्यहाँ ६ घण्टा रोकिएर संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसी जाने गरी निर्मला र म काठमाडौं एयरपोर्ट पुग्यौं। सधैं दोहा जाने उडानका यात्रीहरूमा धेरैजसो युवाहरू हुने र भिडभाड बढी देखिने गर्थ्यो भने यस पटक सुनसान जस्तो लाग्यो। केही दिन पहिलेदेखि इजराइल र इरानबीच हवाइ आक्रमण शुरू भएर मध्यपूर्व अशान्त रहेकोमा अमेरिकाले इरानमा हवाइ आक्रमणबाट भीषण बम खसाल्ने कार्य गरेर थिति झन् बढी तनावग्रस्त भएको समयमा त्यता जाने उडान नियमित हुने नहुने शङ्का लागिरहेको समयमा एयरपोर्टको सुनसानजस्तो वातावरणले मन डराएको थियो। त्यसैमा उडान समय भइसक्दा पनि बोर्डिङ्को लागि भइरहेको सुस्त चालाले कतै गोलमालको आशङ्का हुनु स्वभाविकै हो तर हामीलाई जहाजमा चढाइयो र १० मिनट ढिला भएकोमा क्षमाप्रार्थी छौं भन्दै क्याप्टेनले मीठो भाषामा स्वागत गरे र चार घण्टा पच्चीस मिनटमा दोहा पुऱ्याउने कुरा बताए। अब भने मन ढुक्क भयो, सुरक्षित रूपले दोहा पुगिने, त्यहाँ केही घण्टा बस्दा बजारको चहलपहलमा रमाउने र अमेरिकातिर लाग्ने योजनाअनुसार हामी दुईजना आरामदायी सिटमा बसेर गफ गर्न थाल्यौं। यथा समयमा खाना ल्याइयो, हामीले शाकाहारी खाना पायौं र खाएर आराम गर्न थालियो। मैले शौचालयपछि एयर होस्टेसहरू भएको ठाउँमा गई तातो पानी मागेर खाएको र दोहा पुग्न कति बाँकी छ भनेर सोद्धा सवा घण्टाजति समयमा पुगिने जवाफ पाएको थिएँ। त्यसपछि पनि निकै समय बितेको थियो र केही बेरमा नै दोहा आइपुग्ने प्रतीक्षामा हामी थियौं। अब कुनै कुरा उद्घोष हुने सङ्केत देखिँदा दोहा आइपुग्न लागेको खुसीको कुरा आउला भन्दा त ती मीठो भाषा बोल्ने क्याप्टेनले नमीठो कुरा भने- दुःखको साथ भन्नुपऱ्यो हामीलाई दोहा पुग्न बाधा पऱ्यो, अब छिटै कतै नजिकै जहाज ओराल्नुपर्छ।

सबै कुरा राम्ररी भनिएन र भनिए जति पनि बुझिएन होला, हामीले

जहाजमा समस्या आएको रूपमा कुरा बुझ्यौं । केही दिनपहिले मात्र भारतको देल्लीबाट गुजरातको अहमदावाद पुगेर त्यहाँबाट यात्रु राखेर लण्डन जान उड्दै गरेको एयर इण्डियाको विमान तत्काल खसेको कुरा मनमा आयो । सबै यात्री डराउन थाल्यौं । एकछिनमा नै हामी १५ मिनटमा नै मस्कट विमानस्थलमा उत्रिदैछौं भनेर उद्घोष गरियो । उत्रिनु त राम्रो कुरा हो तर यी १५ मिनट र उत्रिने प्रक्रियाको समयमा बिग्रेको विमान जल्न के बेर, डराएको बेलामा अन्तिमतिर नै मन पुग्दछ र झन् डराइन्छ तर मैले डर मान्नुपर्दैन भनेर निर्मलालाई सम्झाइरहें । चालिस वर्ष जति पहिलेको कुरा हो- मैले बैतडी-दार्चुला सडक सर्भेको कामले नेपालगञ्जबाट बैतडीको पाटन जान आरएनसीको जहाज चढेको थिएँ । जहाज पहिले बाजुराको मार्तडी विमास्थलमा उत्रियो, त्यहाँ बाजुराका मानिस उत्रिए र पाटन जाने गरी त्यहाँबाट जहाज उड्यो तर जहाजले राम्ररी उचाइ लिन सकेन र सुस्तसुस्त उड्दै पाटनतिर नलागेर दक्षिण लाग्दै महेन्द्रनगरको बाटो समात्यो । हामीलाई अब बैतडी जाने चिन्ता थिएन बाँच्ने मात्र चिन्ता थियो । महेन्द्रनगर भन्दा उत्तरतिर अलि माथि साना पहाडका थुम्काहरूमा जहाज भुइँमा नै बस्छ कि जस्तो गरी तल तल उड्दा कहीं झरिहाल्छ कि जस्तो लाग्थ्यो र यति सजिलो ठाउँमा खसे पनि बाँचिन्छ भनेर म ढुक्क थिएँ । केहीछिनमा सुस्त सुस्त गर्दै बिरामी परेको जहाज लत्रिँदै गरेर महेन्द्र नगर आर्लियो । पाइलटहरूले बाहिर निस्केर बाँच्न सफल भएकोमा हामी सबैलाई बधाइ दिए । मैले त्यो घटना बताउँदै निर्मलालाई यहाँ पनि केही हुँदैन भनेर सान्त्वना दिएँ । मेरो केही हुँदैन भन्ने कुरामा उनको विश्वास छ ।

एक पटक २०६३ सालतिर हामी पोखराबाट आरएनएसीको जहाजमा जोमसोम जाने र त्यहाँबाट मुक्तिनाथ जाने योजना बनाई छोरा मोहित आचार्यसहित निर्मला र म एयरपोर्ट पुगेका थियौं । मौसमको खराबीका कारण उडान रद्द भएर हामी बसमा म्याग्दीसम्म र त्यहाँबाट उता कतै हिंड्ने कतै ट्र्याक्टर भेटाएर तिनैमा चढ्ने गरेर जोमसोम पुगेका थियौं । जोमसोमबाट कागबेनीसम्म पनि त्यसै ट्र्याक्टरमा जाने भनेर अघि बढियो । त्यहाँ त काली खोला जुन पछि काली गण्डकी कहलाउँछिन् तिनै तर्नु थियो । चालकले ढुक्कसँग गाडी खोलामा हेलिदिए तर बीचमा पुगेर ढुलमूलाएर गाडी बग्छ कि जस्तो भयो । सबै यात्रीहरू रून कराउँन थाले । त्यस बेला के बुद्धि आएछ मैले न डराउनोस् केही हुँदैन भनेर सबैलाई ढाडस दिइरहें, त्यसै बेला चालकले गाडी पारि पुऱ्याए । त्यो घटना सम्झेर निर्मला ढुकक थिइन् भने यहाँ उतातिर बस्ने भाइ पनि आत्तिएका थिए । उनलाई पनि केही हुँदैन भन्दै मैले सम्झाएँ । एकछिनमा जहाज मस्कट एयर पोर्टमा उत्रियो । उत्रिएर राम्ररी नअडिंदासम्म ढुक्क हुने कुरा थिएन तर जहाज

राम्ररी रोकियो । हामी बाँच्यौ, सबै खुसी भयौं तर अब के हुन्छ कति बेर बस्ने यो सबै अनिश्चित थियो । पहिले उत्रिने मात्र चिन्ता थियो अब कति समय र के हुने हो ठेगान थिएन, अमेरिका जाने आदि कुरा त तपसिलका भईसके, जमिनमा उत्रिए पनि आफूले जमिनमा पाइला टेक्न पाइने हो या होइन फेरि चिन्ता थपियो । मैले एकजना इण्डियाको प्लेन हाइज्याकिङ्मा परेका मानिसका कुरा सुनेको थिएँ । दुई दिन एक रात प्लेनमा घोप्टे परेर बिताउनुपरेको समयका कुरा सुन्दा आफैलाई डर लागेको थियो । यहाँ पनि त्यस्तै केही हो कि भन्ने शङ्का मनमा उठ्न थाले तर एकछिनमा नै दोहा एयरपोर्ट बन्द भएको कुरा उताबाट बताइएछ र सोही कुरा हामीलाई बताइयो । अब डर अलि कम भयो । जहाज ठीक छ, कसैको आतङ्कमा परिएको छैन भनेपछि जति समय लागे पनि कुर्न हतारिनु भएन । दोहा एयरपोर्ट बन्द भएको कारण न बताइए पनि हामीले अनुमान लगाउन सक्ने विषय थियो तर कति बेला खुल्ला र जान पाइएला अथवा काठमाडौं नै जान पाइयोस् भन्ने कामना गर्दै लामो समय बिताइयो ।

गुड न्युज् भन्ने शब्द क्याप्टेनको मुखबाट सुन्न पाइयो र अब दोहा एयर पोर्ट खुलेकाले हामी छिटै जाँदैछौं भनेर हवाइजहाज उडाइयो । ६ घण्टा ट्राञ्जिट समय भएकाले अमेरिका जाने जहाज भेटाइन्छ होला कि भन्दै खुसी भएर दोहा एयरपोर्टमा उत्रियो तर हामी ७ घण्टा अलमलमा परेका रहेछौं, ८ बजे आइपुग्नुपर्ने जहाज बिहान पौने ३ बजेतिर आइपुगेको रहेछ भने १:२० मा हुने भनिएको अमेरिकाको उडान रद्द गरिएको रहेछ, त्यसैले अब के गर्ने कसो गर्ने भन्ने चिन्ता गर्दै काठमाडौंदेखि ल्याएको बोर्डिङ पास देखाउँदै लाइन खोज्दै हिँड्दा हामीलाई अन्तिमतिर पठाइयो जहाँ उभिएर ठाउँमा पुग्न कैयौं घण्टा लाग्ने अनुमान गरियो तर हामीभन्दापछि मानिस आइरहे आइरहे, सबैको गति त्यही हो भन्ने बुझियो । बल्ल थाहा भयो इरानले दोहाकै अमेरिकी सैनिक अखडा ताकेर भीषण बमवर्षा गराएको रहेछ र अमेरिकाले प्रतिकारात्मक कदम चालेको त्यही समय रहेछ जति समय हामी मस्कटमा रह्यौं । हामीजस्तै विश्वका विभिन्न ठाउँबाट आउनेहरूको त्यही गति भएकाले यो त यौटा विश्वमेलाजस्तो भयो । हामीले चिन्ता छाडेर विभिन्न ठाउँ जाने नेपाली र विदेशीहरूसँग मित्रता गाँस्दै सात घण्टा लाइनमा उभिइरह्यौं तर पनि अझै त्यति नै समय उभिनुपर्ने स्थिति थियो । त्यसै समयमा अमेरिकाको टेक्सास जाने श्रवण नामका एकजना नेपाली मित्र भइसक्नुभएको थियो, उहाँकै सल्लाहमा निर्मलाले बोर्डिङ पास र पासपोर्टहरू भित्र पठाउन सकिन् र हामीभित्र हलमा गएर नयाँ बोर्डिङ पास कुर्ने थितिमा पुग्यौं । त्यहाँ जति बेर पनि लाइनमा कुर्न रमाइलै लागेको थियो तर चिया, कफी, तातो पानी केही पाइँदैनथ्यो । धारामा चिसो पिउने पानी थियो त्यही पानी खाएर आठ

नौ घण्टा बिताइयो र लाइन बस्नेहरूमध्ये सुविधाप्राप्त यात्रीको रूपमा अर्को दिन अर्थात् पहिलेको समयको ठीक २४ घण्टापछि उड्ने जहाजको बोर्डिङ पासको साथै अझै बाँकी रहेको दस घण्टा समय बिताउन होटलको समेत व्यवस्थासित हामीलाई बिदा गरियो र त्यहाँको बाहिर निस्कने अध्यागमन कार्य पूरा गरी हामीलाई लिन आएको गाडीमा दोहा शहरको होटलमा पुऱ्याइयो। त्यहाँ दिउँसोका खाना खाई हामी आरामसँग सुत्यौं।

राती एक बजेर बीस मिनटमा दोहाबाट डालस एयरपोर्ट वासिङ्टन डिसी उड्ने हवाइजहाजमा चढ्ने हामीलाई अरू धेरै यात्रीहरूका साथ एयरपोर्ट पुऱ्याइयो। अब बल्ल दोहा एयरपोर्टको भित्री चहलपहलमा रमाउने अवसर मिले पनि रातीदेखि दिउँसो बाह्र बजेसम्म लाइन लागेको त्यो सुनसान भवन कता होला अझै कति मानिस लाइनमा लागिरहेका होलान् भनेर मन दुःखित भयो। जेहोस् दुःखसुखमा दुई भाइ रहेछन्, सँगै आउने रहेछन् भन्ने मन बनाएर गत रात्रिको कठिन परिस्थितिको सम्झना गर्दै अर्को सुखद रात्रिलाई स्वागत गर्दै पन्ध्र घण्टे वासिङ्टन डिसी उडानका रमाइला पक्षको प्रतीक्षामा हामी हवाइजाज चढ्यौं।

डलास एयरपोर्ट भर्जिनियामा पर्दछ तर यसलाई वासिङ्टन डिसी अन्तर्राष्ट्रिय एयरपोर्ट भनिन्छ। यस एयरपोर्टमा उत्रिने बेलामा सधै एक किसिमको आनन्द आउँछ। प्लेनबाट उत्रिँदै यौटा लामो बसमा चढाइन्छ, त्यस बसमा चढ्ने संसार भरिका मान्छे देख्दा लाग्छ यी सबै हाम्रा आफन्त हुन्। यस पटक त्यस बसमा गुड्दै एयरपोर्टको अध्यागमनतरि लाग्दै गर्दा मैले निर्मलासँग भनें– मलाई यहाँ आइपुग्दा कता कता वाङ्ला नै पुगेजस्तो लाग्यो। वाङ्ला मेरो गाउँ हो त्यहाँ गएजस्तै लग्नु भनेको यो ठाउँ धेरै मन परेर हो। धेरै पटक आएर होला यो ठाउँ अति प्रिय लाग्न थाल्यो। अध्यागमन कर्मचारीले पासपोर्ट फिर्ता दिंदै सोधे– 'कति घण्टा उडेर आउनुभयो ?' मैले सबै घटना छोटकरीमा बताएँ र भनें– २४ घण्टा पहिल्यै आउनुपर्ने बल्ल आउँदै छौं। उनले सहानुभुतिपूर्वक भने– 'गो एण्ड स्लीप वेल।' उनले राम्रोसँग सुत्ने सल्लाह दिए। कता कता अहिलेको अमेरिकामा अध्यागमनमा धेरै झञ्झट हुन्छ र भिसा पनि एक महिनाको मात्र दिन्छन्, कतै फिर्ता नै गरिदिनसक्छन् भनेर डराउँदै आएका मानिसलाई त्यस्तो आफन्तलाई जस्तो सहानुभूतिपूर्वक अमेरिकाभित्र छिराउने मानिसप्रति कृतज्ञता प्रकट गर्दै हामी अगाडि बढ्यौं। बाहिर छोरा मोहित आचार्य हामीलाई कुरेर बसिरहेको थियो। उसलाई भेट्नुभन्दा पहिले सामान भेट्टाऊ, लिएर बाहिर जाऊ अनि उसको गाडीमा भर्जिनियाको अलेक्जाण्ड्रिया घरमा पुगेर आराम गर। शायद यही आशयको कुरा ती कर्मचारीले भनेका हुन् तर यस पटकको यात्रामा त्यति सजिलै गो एण्ड स्लीप वेल हुने भएन किनभने अघिल्लो दिनको उडानमा आइपुग्नुपर्ने सामानहरू

यस उडानमा आउनसक्ने सम्भावना कम थियो । हुन त नियमअनुसार त्यो हुनुपर्ने हो, दोहामा बोर्डिङ पास लिँदा मैले सोधेको थिएँ र हो सामान सँगै जान्छन् भनेका थिए तर आएनन्, धेरै मानिस हताश भएर उभिइरहे । कम मानिसले मात्र सामान पाए, अरू सबै सामानको लागि जानकारी लिन पङ्क्तिबद्ध भए । अमेरिकामा लाइनमा बसेर कुर्न मानिसहरूलाई कत्ति झञ्जट लाग्दैन, नियम पालना गर्न असाध्य धैर्य धारण गर्ने हुन्छन् । हामी पनि तिनै सरह धैर्यशाली भयौं र छोरा मोहितलाई फोनमा सबै कुरा भन्यौं । ऊ बाहिर कुरेर बसिरह्यो, हामी लाइनमा उभिइरह्यौं । समयक्रममा हामीले फर्म भर्‍यौं । हाम्रा तीनमध्ये दुई सुटकेश अघिल्लै दिन आएका रहेछन् यौटा मात्र छुटेको रहेछ । ती दुइटा दिन हामीसँगै कतार एयरको मानिस बाहिरको अफिसमा आए भने अर्को सुटकेश छिटै पाउने आशा गर्दै हामी बाहिर आयौं र छोरा मोहितको गाडीमा उनको घरमा बुहारी सृष्टि र नवजात नातिनी वेदालाई भेट्न पुग्यौं ।

यस पटक अमेरिका आउने उद्देश्य नातिनीको अन्नप्राशनमा समावेश हुनुथियो । त्यो कार्यक्रम जुन २७ मा हुनुथियो । त्यसैले केही उपहार र पूजासामग्री राखेको झोला आएकाले हाम्रो कार्यक्रमलाई केही अप्ठेरो परेन, तर मेरो सुटकेश न आउँदा त्यसमा रहेका नियमित खानुपर्ने औषधीको अभाव खट्किन थाल्यो । यता हाम्रोतिर जस्तो मेडिकल दुकानमा जाने चाहेजति दवाइ किन्ने गर्न पाइँदैन । त्यसैले असजिलो परिस्थितिलाई सुल्झाउने उपाय सोच्दै गर्दा हामी आएको तीन दिनपछि कतार एयरवेजका मानिसले घरमा नै सुटकेश ल्याइदिए । अब भने यो यात्राले पूर्णता पायो र राम्रोसँग सुत्नोस् भन्ने सल्लाह पालन गर्ने समय आएको छ किनभने बाहिर निस्कन भीषण गर्मी (१०५ डिग्री फोरेनहाइट) छ भने नेपाली समयअनुसार निद्राले सताइरहने हुँदा आराम गर्नु भनेको निदाउनु नै हुन्छ तर साथीले वैजयन्तीमा विदेशयात्राको नियात्रा प्रकाशित हुने सूचना दिनुभएकाले यो सानो रचना तयार गर्ने काम मिल्यो जसोतसो लेखेर पठाएको छु ।

--

**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**

**Mirmire Nepal**

# मेरिलेण्डको गाउँवस्ती



**बिनोद खड्का**

अमेरिकाको मेरिलेण्ड राज्यको कुकिजभिलेको टेवन्टी सिल्भर फक्स स्ट्रिटमा हाम्रो अस्थायी मुकाम स्थापना भएको थियो । मित्र युवराजजीको त्यहाँ रहेको घरमा बसेका थियौं हामीहरू हाम्रो त्यो छोटो अमेरिका यात्राको क्रममा । कुनै समय हामी दुवैजना कतारमा आप्रवासी कामदारका रूपमा काम गर्थ्यौं । डिभी लोटरीले उनलाई परिवारैसहित अमेरिका लिएर गयो । अहिले उनको अमेरिकामा आफ्नै घर छ, परिवार छ, आफन्त र साथीहरू छन् । समग्रमा एउटा सानो नेपाल छ, आफ्नै घरगाउँ छ । हामी उनको त्यही चिटिक्क परेको घरमा पस्ने निक्लिने गरिरहन्थ्यौं । बस एउटा अमेरिकी दिनचर्या यसैगरी चलिरहेको थियो । युवराजजी फुत्त निक्लिन्छन्, एउटा काम फत्ते गर्छन् र घर फर्किन्छन् । त्यही क्रम चलिरहन्छ बेलाबेलामा । छोराहरू आआफ्नो पाठशाला जान्छन् अध्ययनको सिलसिलामा । सिर्जना बहिनी आफ्नै काममा जान्छिन् । दुवै बूढा-बूढीहरूको आआफ्नै गाडी छ, आआफै जान्छन् । साँझको भान्सामा चारैजनासँगै हुन्छन् एउटै डाईनिङ टेबिलको वरिपरी । खानाले भन्दा पनि खुसीको स्वादले सबैका अनुहार उज्यालिएको हुन्छ । घरभित्रको काम घरका चारैजना मिलेर गर्छन् । पक्कै पनि सुखी र खुसी परिवारको उदाहरण लिनु पर्‍यो जोकोहीलाई भने उसले त्यही परिवारलाई देखाइदेओस् ।

रातो पाको ईटाको त्यो घर बाहिर वा भित्रतिर जताबाट हेर्दा पनि उत्तिकै सुन्दर लाग्छ । घर अगाडिको आँगनको क्यानभासमा सानो घाँसे चौरको हरियो चित्र कुँदिएको छ । त्यही घाँसेचौरमाथि ढलान गरेको एउटा सानो डोरेटो हिँड्छ, उता चार मिटर परको कालोपत्रे कार पार्किङ एरियामा जोडिनका लागि । त्यो भूमिमा टुपुक्क टाँसिएका सबै घरहरूको अगाडिको बाटो करिब करिब त्यस्तै हो । देब्रेतिरका घरहरू हल्का उचाईमा भएकाले ती घरहरूदेखि पार्किङ एरियासम्म हल्का कान्लो जन्मिएको छ र कान्लोमाथि ढलान गरेका सिँढीहरू । ती सबै डोरेटा र सिँढीहरू जोडिन्छन् त्यही फराकिलो पार्किङ एरियामा । पार्किङ एरिया भने एउटै रहेछ पूरै वस्तीको लागि । म कल्पिन्छु कि त्यो घर अगाडिको चौरलाई खनीखोस्री

केही तरकारी र फूलहरू उमारौँ । पाइँदैन रे आफूखुसी खेती गर्न । सायद मरुभूमिको देशमा मनग्गे माटो देख्न नपाएर हो कि मलाई भने जहाँ माटो देखे पनि खनीखोस्री गरिहालौँ कि भइहाल्छ । हरियाली देख्यो कि सुमसुम्याउन मन लागिहाल्छ ।

ती घरहरूको अगाडि र पछाडि केही रूखहरू पनि उभिएका थिए वस्तीको शोभा बनेर । कुनै त मोटा र अग्ला पनि थिए । अगाडिपट्टि थोरै थिए सङ्ख्याका हिसाबले तर पछाडिपट्टि भने रूखहरूको बाक्लो उपस्थितिले जङ्गलकै आभास दिलाउँथ्यो । पछाडिपट्टिको वनले केही हदसम्म झाडीको स्वरूप पनि बोकेको थियो अर्थात् युवराजजीको घर पछाडि एउटा झाडी थियो । घर अगाडिको घाँसे मैदानमा तिनै रूखहरूबाट झरेका तिनका पातहरू पतकर बनेर बेवारिसे पल्टिएका थिए । पछाडिपट्टि त पातपतिङ्गरको भकारी नै देखेको थिए मैले ।

त्यही दिन बिहान म लिभिङ्ग रुममा बसेर घरदेखि बाहिरतिर हेरिरहेको थिए । घर पछाडिको झाडीमा कलिलो घाम डुलिरहेको थियो । घामसँगै टहलिरहेको थियो मन्द मन्द चिसो परिवेश । त्यत्तिकैमा मेरा आँखाहरू कुनै जीवमा पऱ्यो । सुरुमा त बाख्रो हो कि जस्तो लाग्यो । लामा लामा सिङहरू पनि देखिएपछि बाख्रो होइन भन्ने निष्कर्षमा पुगे ।

'ऊ त्यहाँ के आयो ।' मेरो मुखबाट अनायासै फुत्कियो ।

'ए त्यो जरायो हो दाई । बेलाबेलामा यतातिर चर्न आउँछ ।' सिर्जना बहिनीले स्पष्ट गर्नुभयो ।

'ऊ साना बच्चाहरू पनि रहेछन् ।' रमाजीले थपिन् । उनले अरू साना जरायोहरू पनि देखिछन् ।

'हो नि यिनीहरू आइरहन्छन् यहाँ बेलाबेलामा ।' सिर्जनाजीले थप्नुभयो ।

एउटा जरायो चरिरहेको थियो युवराजजीको घर पछाडिको झाडीमा । त्यो जरायो र मेरा आँखाहरू जुधे । निकैबेर हेरिरह्यो मलाई र आफ्नै काममा लाग्यो । ऊ डराएन मदेखि वा कुनै मानवदेखि बरु आफ्नै चरनको काममा फर्कियो । एउटा अहिंस्रक जङ्गली जनावर त्यसरी मानव वस्तीको छेउमा आएर निर्धक्क चर्नुले प्राणीजगत्को प्रेमको झलक दिनथ्यो । त्यो निकै सुन्दर दृश्य मैले कैद गरेको थिए मेरो अमेरिका यात्राको सम्झनाको डायरीमा ।

यी सबै कुराहरू युवराजजीको वस्तीका शोभाहरू हुन् । अगाडिको फराकिलो पार्किङले सुविधाको अर्को पत्र थप्छ त्यहाँको जीवनको लयमा । पार्किङ एरियामा युवराजजी र सिर्जनाजीका दुइटा सुन्दर गाडीहरू उघ्राउने मौका पाउँछन् जब दुवै बूढाबूढी आफ्नो गुँडमा घुर्सिएका हुन्छन् । म निक्लँदा एउटा मात्रै गाडी थियो त्यहाँ । एकछिन ठिङ्ग उभिएँ त्यही पार्किङ एरियाको डिलमा र अवलोकन गरेँ

पृष्ठभूमिको ।

युवराजजीको घर उभिएको लाइनमा अरू पाँच सातवटा घरहरू एक आपसमा जोडिएर उभिएका छन्, कुनै दायाँतिर त कुनै बायाँतिर । उस्तै सङ्ख्यामा छन् घरहरू ठीक पार्किङ लटको अर्को साइडमा पनि । अलि माथि यु आकारको टर्न लिएर अरू केही घरहरू पनि उभिएका छन् । ती सबै घरहरू दुई पाखे छानो बोकेर उभिएका छन् । सरसरती हेर्दा एउटा सानो वस्ती झैं महसुस हुन्छ तर त्यहाँ कुनै पसल थिएन, अड्डा अफिसहरू थिएनन् । त्यो नगरवस्ती थियो वा गाउँवस्ती परिभाषा फरक होला तर आकृति र प्रकृति हेर्दा मैले भने गाउँवस्तीकै ट्याग लगाइदिएँ भलै त्यहाँ खेत खलियान, बारी बगैंचा, गोठ गाई केही थिएनन् । त्यसो त त्यो कुकिजभिले सिटीकै एउटा हिस्सा पनि हो ।

'विन्टरमा त यहाँ हिँउले टम्मै भरिन्छ सबैतिर । हिँउले नै पुर्छ कारहरू । हिँउ पन्छाएपछि मात्रै कार देखिन्छ ।' युवराजजीले बिहानमात्रै भन्नुभएको थियो मेरो एउटा जिज्ञासाको निवारण गर्दै । त्यसपछि म कल्पनामा हराएको थिएँ कस्तो हुँदो हो हिँउले ढाकेको कुकिजभिले सिटीको भूगोल भनेर ।

'त्यो के हो युवराजजी ?' मैले सोधेको थिएँ युवराजजीसँग बिहानैमात्र जब मैले त्यो पार्किङ एरियाको डिलैमा केही बक्सहरू देखेको थिएँ । एउटा त उनकै घरको अगाडि नै पनि थियो ।

'ए त्यो बक्स हो, मेलबक्स । अमेरिकामा कुनै पनि संस्थाबाट आउने चिट्ठीपत्र, सामान सबै त्यही बक्समा डेलिभर हुन्छ ।' युवराजजीले स्पष्ट पार्नुभएको थियो ।

युवराजजीको परिवारले एप्लाई गरेको सेन्जेन भिसासहितको पासपोर्ट पनि भिसासहित त्यही बक्समा डेलिभरी हुने हुनाले उहाँहरू प्रतीक्षा गरेर बस्नुभएको थियो । भन्न त मान्छेहरू भन्छन् आजको डिजिटल युगमा हुलाकको काम छैन तर अमेरिकामा भने हरेक घरका अगाडि ड्राइभवेको छेउमा हरेक घरसँग सम्बन्धित एउटा एउटा मेलबक्स देखिनु आफैमा अर्थपूर्ण महसुस हुन्थ्यो । उता कतारमा पनि पोष्ट अफिसले घरमै डेलिभर गर्छ कतिपय कार्डहरू (लाईसेन्स, नेशनल आई डी इत्यादि) एउटा निश्चित शुल्क लिएर । व्यक्तिलाई विकल्प दिइएको हुन्छ कि सम्बन्धित संस्थामा गएर कलेक्सन गर्ने कि होम डेलिभरी गर्ने भनेर । जसले होम डेलिभरी भनेर शुल्क तिर्छ उसको घरमै पुग्छ पोष्ट अफिस । जेसुकै युग आओस् किन मेटिन दिन्थे र हुलाक अड्डाहरूले आफ्नो अस्तित्व ?

अर्को रमाइलो कुरो के बुझियो भने अमेरिकामा सवारी साधनहरूमा चालकको सिट देब्रेपट्टि हुने भए पनि पोष्ट अफिसको गाडीमा भने दायाँपट्टि हुन्छ रे ! त्यसको एउटै कारण रहेछ डेलिभरीको सहजता । चालकको सिटमा

रहेको डेलिभरी म्यानले ड्राइभवेको किनारामा राखिएका त्यस्ता पोष्टबक्सहरूमा गाडीभित्रैबाट डेलिभरी गर्न सकोस् भनेर त्यस्तो व्यवस्था गरिएको हो रे !

आजै बिहान मेरिलेण्डस्थित हिन्दू बुद्ध मन्दिरतिर जाँदा सडकको एउटा छेउमा देखिएको सानो पहेलो बक्सले मेरो ध्यान खिच्यो । त्यसमाथि त्यसमा लेखिएको 'साल्ट बक्स' शब्दहरूले एक मुठी जिज्ञासा पनि जन्मायो । अन्यत्र पनि देखेको हुँला तर त्यसरी ध्यान खिचेको थिएन । युवराजजीले मेरो जिज्ञासाको निवारण गरिदिनुभयो । त्यो बाकसभित्र खासगरी हिँउ पगाल्ने कुराहरू राखिएको हुन्छ रे ! बाल्टिमोरको सडक विभागले हिँउद सुरु हुनु पहिल्यै त्यस्ता बाकसहरू ठाउँ ठाउँमा वितरण गर्छ रे ! जसको भित्रपट्टि रोड साल्ट अर्थात् नुन र बालुवा राखिएको हुन्छ रे ! जब हिँउदमा सडकमा हिँउले अपठ्यारो पार्छ तब सडक प्रयोगकर्ताले हिँउ पगाल्नका लागि त्यो नुन र बालुवा प्रयोग गर्न सक्छ रे ! पूर्व तयारीका साथ समय, स्थान र परिस्थितिअनुसारको सेवा र आपुर्ति पनि शुसासनको एउटा नमुना हो । सुशासनको एउटा झलक देखेँ मैले अमेरिकामा । सायद त्यस्तै पूर्व तयारीमा जिम्मेवारीका साथ ध्यान दिइएको भए गएको वर्षामा नख्खु खोलाले देशको विकसित स्थान भनेर चिनिने राजधानीमै सहयोगको भिख मागिरहेको कसैको ज्यान लिँदैनथ्यो होला भनेर मनमनै सोचेको थिएँ ।

मैले घरहरू देखेँ, सडक देखेँ, कारहरू पनि देखेँ तर सार्वजनिक यातायातका साधनहरू भने फिटिक्कै देखिनँ । मनमनै सोच्थेँ कसरी टाउन सेन्टर र शहर अफिस पुग्दा हुन् ती मान्छेहरू जोसँग आफ्नै निजी सवारी साधन हुँदैन । हाम्रै वस्ती वरिपरी पनि एउटै पसल देखिएनन् । सानासाना सामानहरू खरिद गर्नका लागि पनि टाउन सेन्टरहरू नै पुग्नुपर्नेजस्तो देखिन्थ्यो यद्यपि युवराजजीले भनेअनुसार सार्वजनिक यातायातका साधनहरू पनि छन् रे वस्तीदेखि शहर र टाउन सेन्टरसम्म आउन जानका लागि । आफूले नदेख्दैमा छैन नै भन्ने निष्कर्ष पनि निकाल्नु भएन ।

म युवराजजीको घरबाट एक्लै निक्लिएर पार्किङ क्षेत्रमा उभिएर चारैतिर नजरहरू दौडाइरहेको थिए । त्यो अपराह्नको समयमा मसँग खासै कुनै गनतव्य थिएन यही जान्छु भनेर । पाइलाहरू स्वतस्फुर्त रूपमा देब्रेतिर मोडिए । तीन चार वटा घरहरू पार गरिसकेपछि अन्तिम घरसँगै जोडिएको एउटा निजी बगैंचा मेरो नजरमा जोडिन आइपुग्यो । भुई त घाँसे मैदान नै हो तर त्यही घाँसेमैदानको केही भागलाई सेतो रङ लगाइएको होचा बारहरूले बाङ्गोटिङ्गो घेरिएको थियो । घेरिएको स्थानभित्र बच्चाहरूले खेल्ने जस्ता सामानहरू राखिएको थियो । कुनै नाघ्ने, कुनै चढ्ने त कुनै सुरुङजस्तो छिर्ने सामानहरू थिए । हिजै थाहा पाइसकेको थिएँ कि त्यो कसैको आफ्नो घरमा पालेको कुकुरहरूको खेल्ने स्थल हो रे !

आज पनि त्यो स्थानले ध्यान खिच्यो । कुकुर खेलाउने घुमाउने आफ्नै जग्गा-जमिनभित्र रहेछ ।

मन दौडियो आफ्नो देश र वस्तीतिर । सम्झिएँ कुकुर डोऱ्याएर साँझ बिहान घरबाट निक्लिने कुकुर मालिकहरू र तिनीहरूको हर्कत । उनीहरू आफ्नो कुकुरलाई सार्वजनिक स्थान तथा अर्काको घर करेसातिर लगेर दिशा पिशाब गराउँछन् । सायद कुकुरलाई सर्म लाग्दो हो त्यो हर्कतका लागि तर कुकुर मालिकहरूलाई नाईं । समग्रमा कुकिजभिले कुनै पहाडी भूगोलजस्तो देखिन्थ्यो यद्यपि निकै अग्ला पहाडहरू चाहिँ देखिएनन् । भीर पाखाहरू पनि देखिएनन् । हामी बसेको त्यो सानो वस्ती पनि डिलजस्तै थियो । त्यस्तै डिल परेको सडकदेखि पल्लो भागमा अर्को उस्तै सानो वस्ती थियो । अलि पर अर्को वस्ती अनि हरेक वस्तीमै जोडिएका थिए कार पार्किङहरू । त्यत्ति धेरै घरहरू भए पनि त्यहा केवल गाडीहरू गुडेको मात्रै देखिन्थ्यो तर मान्छेका आवाजहरू सुनिएनन् न त मान्छेहरू पैदल हिँडेको नै देखियो ।

हाम्रो वस्तीदेखि अलिकति तल एउटा सानो कालोपत्रे सडक नागबेली आकारमा बगेको देखिन्थ्यो र अलि माथि पुगेर अलि फराकिलो सडकसँग मिसिनथ्यो । त्यो फराकिलो सडक तलतिर ओरालो झरेर अर्को ठूलो सडकमा मिसिन्थ्यो । एउटा अर्को कुरो के थियो भने त्यो वस्तीका हरेक घरहरू केवल घरमा मात्रै सिमित थिए तर तिनीहरूको कुनै कम्पाउण्ड थिएनन् अगाडिबाट हेर्दा । मानौं कि सबै घरहरूले एउटै आँगन सेयर गर्छन् यद्यपि त्यहाँ आँगन पनि थिएन, केवल घाँसे मैदानमात्रै थियो घरको अगाडि, बारी बगैंचा केही थिएनन् ।

म छक्क पर्थें किन त्यहाँ मान्छेहरू पटक्कै हिँड्दैनन् । सायद सुरक्षाको कारणले पो हो कि जस्तो पनि लाग्थ्यो । त्यसो त काममा जानका लागि आआफ्नो गाडी नै प्रयोग गर्ने भएकोले बाहिर हिँडिरहनु पर्ने अवस्था पनि रहेन । शहर बजार अलिक टाढा भएकाले र गाडी नै प्रयोग गर्नुपर्ने भएकाले हिँडिरहने कुरै भएन । समग्रमा त्यहाका वस्तीहरू शान्त र शालिन महसुस हुन्थ्यो ।

अगाडि बढ्ने क्रममा एउटा कान्लो उक्लिए र माथिल्लो भागमा पुगे । माथिल्लो भागमा एउटा विशाल घाँसे मैदान देखियो मेरो नजर भरिने गरी । बाल्यकालको कुनै समयमा गाई बाख्रा चराउन गोठालो जाने गरेकाले होला मलाई हरियो घाँसे मैदान देख्यो कि मनै कल्पिन्छ । 'अहा, एक गोठ गाई बाख्रा थिए भने राम्रै चरनको व्यवस्था रहेछ यो स्थानमा । कति रमाउँदा हुन गाईबाख्राहरू यो चौरमा पस्न पाए ।' मुखबाट फुत्त निक्लियो । मलाई लाग्छ कि घाँसे मैदान जोडिएको गाउँवस्ती स्वर्गकै एउटा स्वरूप हो तर त्यहा कुनै गाई बाख्राहरू चरेको भने देखिएन । मानौ स्वर्ग त थियो तर इन्द्र र अप्सराहरू विनाको ।

अलि अगाडि पुगेपछि त्यो घाँसे मैदानमा केहीपर गहिरो भाग देखियो । त्यो गहिरोमा एउटा फुटबलको पोष्टसहितको ग्राउण्ड देखियो । म जहाँ हिँडिरहेको थिएँ त्यो घाँसे मैदानको क्षेत्रफल हाम्रो टुँडिखेलभन्दा अलि ज्यादा होला तर कम थिएन । त्यो मैदानलाई तीनतिरबाट कतै काठको त कतै तारको बारले घेरिएको थियो । त्यो बारको बाहिरपट्टि एक साइडमा जङ्गल देखिन्थ्यो भने अरू दुई साइडमा कालोपत्रे भित्री सडकहरू । बारले नछेकिएको एउटा छेउ हाम्रै वस्तीसँग जोडिएको थियो । कालोपत्रे सडकको पल्लो किनारामा पनि केही घरहरू देखिए । ती घरहरू कतै छुट्टाछुट्टै उभिएका थिए त कतै सामुहिक रूपमा एक अर्कोसँग टाँसिएर । हरेक जसो घरको प्राङ्गणमा एउटा एउटा गाडी देखिन्थ्यो । कुनै कुनैमा थिएन पनि । सायद त्यो घरको मान्छे अफिस वा कामबाट फर्केको थिएन होला । घर, साना कालोपत्रे सडक, घाँसे मैदानका अलावा साना ठूला रूख बिरुवाहरूको पनि बाक्लै उपस्थिति थियो । सरसरती भन्नुपर्दा त्यो कुनै गाउँ वस्ती थियो न कि कल्पनाको अमेरिका, जहाँ केवल गगनचुम्बी घरहरू, फराकिला सडक, सडकभरि गाडी, बजार र मान्छेहरूको भिडभाड मात्रै कल्पना गरिन्छ ।

म आफैलाई सोधिरहेको थिएँ कि आफ्नै गाडी नहुने मान्छेले सार्वजनिक बसहरू भेट्न कति दूरी हिँडनुपर्ला ? अर्थात् आफ्नै निजी गाडीविनाको जीवन पक्कै पनि सहज नहोला । अफिसका अतिरिक्त शहर बजार पनि त जानै पऱ्यो, गाडीविना कसरी जाने ? ठिङ्ग उभिएर चारैतिर अवलोकन गर्न थालें । त्यहाँका पृष्ठभूमिका दृश्यहरूलाई मिहिन ढंगले खोस्रिन थालें । कहिलेकाहीँ अलिअलि चल्थे पाइलाहरू आफ्नै तालमा तर मेरो मन र मस्तिष्क भने त्यहाँको परिवेशमै हराइरहेको थियो । अलिक पर एउटा अग्लो र फराकिलो तर नाङ्गो रूख एक्लै उभिइरहेको थियो । त्यो रूख आफ्ना पातहरूले छोडेर परदेश लागेपछि नाङ्गै पल्टिएर अर्को वसन्तको प्रतीक्षा गरिरहेको थियो । रूखको मुन्तिर एउटा बेन्ची यात्रीहरूको प्रतीक्षामा टोलाइरहेको थियो ।

फुटबल ग्राउण्डको पल्लो छेउमा एउटा दश बाह्र वर्षको केटोलाई एउटा मान्छे फुटबल खेल्न सिकाउँदै थियो । अलिपर बसेर एउटा मान्छे त्यो दृश्य निहालिरहेको थियो । लाग्यो सायद त्यो मान्छे त्यही केटाको बाउ होला र उसले छोरालाई प्रशिक्षकबाट प्रशिक्षण दिलाउन ल्याएको होला ।

बेलाबेलामा त्यो पहेँलो रङको अगाडि ट्रकहरूको जस्तो चोसो भएको बस गुड्थ्यो त्यो बाटोमा । त्यस्ता बसहरू मैले केवल अमेरिकामा मात्रै देखेको हुँ पहिले । पछि दोहामा पनि देखिन्थे । सुने अनुसार क्यानडामा पनि चल्तीमा छन् रे ! खासगरी स्कुल बसको रूपमा प्रयोग भएको देखियो त्यो भूगोलमा । त्यसो त

त्यो बस पनि अमेरिकाको एउटा साङ्केतिक परिचय हो भन्ने लाग्छ मलाई ।

अर्को रमाइलो कुरो के बुझियो भने यो बस सडक छेउमा रोकेको छ र त्यसले 'स्टप' सङ्केतको बोर्ड एक्टिभ गरेर रेड लाइट फ्ल्यास गरिरहेको छ भने अरू कुनै पनि गाडीहरूले त्यो बसलाई उछिन्न वा पार गर्न पाउँदैन रे ! दुवैतर्फका गाडीहरू रोकिएर बस्नुपर्छ रे त्यो स्कुल बसले त्यो सङ्केत नहटाएसम्म । त्यो बसको चालकले पनि सम्बन्धित अभिभावक आएर आफ्नो बच्चालाई लिएर नगएसम्म बसलाई अगाडि बढाउन पनि मिल्दैन रे ! आहा, कानुन त यस्तो हुनु नि सुरक्षाको सवालमा, कुनै मोलाहिजा नै छैन ।

एउटा कालोपत्रे सडक पसेको रहेछ त्यो घाँसे मैदानभित्र र जोडिएको रहेछ त्यहींको एउटा कालोपत्रे पार्किङ एरियामा । सँगै रहेछन् दुइटा अस्थायी शौचालय । मैले घाँसे मैदान भने पनि बाल्टिमोर काउन्टीकाअनुसार त्यो त पार्क रहेछ । अलिकति पर एउटा बोर्ड पनि उभिएको देखियो । त्यो बोर्डले बाल्टिमोर काउन्टीको त्यो पार्कको प्रयोगका सम्बन्धमा केही नियमहरू बताएको रहेछ । अरू त अरू दुइटा नियम चाहिँ मैले कण्ठै पारे । त्यो थियो कि पार्कको प्रयोग बिहान सूर्योदयपछि र अपराह्नमा सूर्यास्तसम्ममात्रै गर्न पाइने रहेछ । लिखित अनुमति नलिईकन त्यो पार्कमा बसेर मदिरापान गर्न नपाइने रहेछ । गज्जब लाग्यो मलाई ती नियमहरू । अरू त ठिकै हो तर त्यो चौरमा कुकुरको दिशा देखियो ठाउँठाउँमा । नियम मिचुवा र असभ्य कुकुर मालिकहरू अमेरिकामा पनि हुँदा रहेछन् । स्थान र नियमभन्दा पनि व्यक्ति र व्यक्तिको आचरणले पनि प्रभाव पार्दो रहेछ । त्यही भएर होला कानुनको डण्डा जहाँ पनि चाहिने ।

हेर्दाहेर्दै एउटा गाडी पस्यो त्यो कम्पाउण्डभित्र र पाकिङ एरियामा गएर बस्यो । त्यो कारबाट निक्लेको मान्छे त्यही शौचालयमा पस्यो र त्यहाँबाट निक्लेर आफ्नो गाडी लिएर तुरुन्तै बाहिरतिरै निक्लियो । ऊ शौचालयको प्रयोग गर्ने प्रयोजनका लागि आएको रहेछ । बस, मैले त्यहाँ देखेका मान्छेहरू त्यत्ति चारजना थिए । पाँचौ म थिएँ र पछि थाहा पाएँ युगान्त बाबु मेरै पछिपछि आइरहेको रहेछ । जम्मा ६ जना रहेछौ हामी त्यहाँ ।

'युगान्त, तिमी कता जान लागेको ?' अनायासै उसको उपस्थिति देखेर मैले सोधेँ । सायद दौडिन आएको थियो होला, फुटबल खेल्न त पक्कै होइन किनभने उसँग फुटबल थिएन ।

'म यत्तिकै आएको, हजुर कता जानु हुन्छ भनेर हेर्न ।' उसले स्वभाविक उत्तर दियो । म अलमल्ल परेँ किन मलाई हेर्नु पर्थ्यो र जता गए पनि । कतै म हराउँछु भन्ने पो सोच्यो कि जस्तो लाग्यो ।

'म यतै वाल्क गर्छु, परतिर जान्न । तिमी घर जाऊ । चिसो बढेको छ र

तिमीले हाफ प्यान्टमात्रै लगाएका छौ । तिमीलाई जाडो हुन्छ ।' मैले उसलाई भने ।

'म दौडेर आएको, मलाई जाडो हुँदैन । हस म जान्छु तर हजुर पर नजानुस् है ।' उसले जवाफ दियो ।

मैले त्यो फुटबल ग्राउण्डमा तीन राउण्ड मारे । त्यो ठाउँ गहिरो भएकोले माथिल्लो भागको परसम्म देखिदैनथ्यो । म आफ्नै सुरमा हिँड्दै थिए । चौथो राउण्ड सुरु गर्दा मैले निकै पर एउटा मानवाकृति देखें । त्यो मानवाकृति त्यही बेन्चीमा बसेको थियो । जतिसुकै पर भए पनि ऊ युगान्त नै थियो भनेर पहिचान गर्न गाह्रो परेन । मलाई यो बुझ्न पनि गाह्रो परेन कि ऊ मलाई नै पर्खिरहेको छ । ऊ त मलाई टाढा नजानु भनेर फर्केको थियो तर किन गएन घरतिर, एउटा प्रश्न जन्मियो । त्यो चिसोमा हाफ प्यान्ट लगाएको त्यो बच्चालाई त्यसरी प्रतीक्षामा रोकिराख्नु उचित थिएन । त्यसैले मैले पनि फर्किने नै योजना बनाएँ ।

साँझमा मैले सिर्जना बहिनीलाई बताए कि युगान्त पनि मेरै पछिपछि गएको रहेछ उता चौरतिर । मैले उसलाई म टाढा कतै जान्न बरु तिमीचाहिँ घर फर्किऊ भन्दा पनि ऊ मलाई नै पर्खेर बसेको भनेर सुनाए । सिर्जना बहिनीले प्रष्ट्याइन कि ऊ आफ्नो घरमा आएको कुनै पनि पाहुना यदि एक्लै घरबाट निक्लियो र उसले त्यो थाहा पायो भने ऊ पछिपछि लाग्छ किनकि त्यो पाहुना नहराओस् वा कुनै समस्यामा नपरोस् । ऊ भन्छ रे- 'अगाडि हिँड्दै जाँदा कतै हराउनुभयो र घर फर्किने बाटो भुल्नुभयो भने कसले हेरविचार गर्छ र ?'

म छक्क परें त्यो सानो तेह्र चौध वर्ष उमेरको केटोको सोच र जिम्मेवारी देखेर । एकातिर चिसो फैलिरहेको छ परिवेशमा तर उसले हाफ प्यान्टमात्रै लगाएको छ । त्यसमाथि ऊ भर्खरै दौडिएर आएको रहेछ । घरमा गएर थकाई मार्दै खाजा खानुपर्ने केटो मलाई ग्राउण्डतिर जान लागेको देखेर घरभित्र नपसी सिधै मेरै पछिपछि लागेको रहेछ । म कतै छलिउँला वा हराउँला भनेर मेरो सुरक्षाको चिन्ताले ऊ आफ्नो भोक र थकाईलाई पनि मतलब नगरी मेरै पछिपछि लागेको रहेछ ।

मलाई लाग्यो कि युगान्तजस्ता छोराहरूलाई देशको सिमानाको जिम्मा दिइयो भने देश एक इन्च पनि हराउँदैन तर के गर्नु देशको दुर्भाग्य, युगान्तले देश छोडिसकेको छ, थुप्रै युगान्तहरूले देश छोडिसकेका छन् । युवाहरू विदेसिने क्रम बढ्दै जाने हो भने मेरिलेण्डहरूमा नेपाली गाउँवस्ती नै जन्मिएलान् तर नेपालका गाउँवस्तीहरूलाई कसले सुरक्षित बनाउँला ? बस, यो सवालले मलाई रातको पहिलो प्रहरभरि चिथोरिरह्यो । विश्वमा शान्ति छाओस् ।

सिर्जनानगर, सल्लाघारी, भक्तपुर ।

--

# भाग्यले ठगेको ताल 'लेक सुपेरियर' निहार्न पुग्दा ....



मुरारीराज मिश्र

लगभग हरेक मिनेटको अन्तराल जस्तोमा देखिने सानाठूला तालहरूलाई पछाडि छोड्दै प्रतिघन्टा ७०-८० माइलको रफ्तारले हाइवेमा बेतोडले कुदिरहेको थियो हामी चढेको गाडी। हामी अर्थात् पत्नी कल्पना, छोरी डा. सम्पदा, छोरा इ. कौशल र ज्वाइँ डा. टेलर ज्याकोव सुलेरुड र म समेत पाँचजना। छोरी गाडी चलाउँदै थिइन्, ज्वाइँ अगाडिको सिटमा हुनुहुन्थ्यो भने हामी आमाबाबु र छोरा पछिल्लो सिटमा थियौं।

हाम्रो भ्रमणको उद्देश्य विश्वको सबैभन्दा ठूलो ताजा पानीको ताल लेक सुपेरियर (Lake Superior) को अवलोकन र डुलुथ शहरमा बस्ने सम्धि-सम्धिनीको निमन्त्रणामा वहाँहरूसँग भेटघाट थियो। काठमाडौंबाट प्लेनको झन्डै २४ घण्टाको उडानपछि ३ अक्टोबर २०२४ को राती, श्रीमतीजी र म पारिवारिक भेटघाटको क्रममा छोरी सम्पदाको कर्मथलो अमेरिकी राज्य मिनिसोटा आइपुगेका थियौं। छोरा कौशल पनि एक महिनाको बिदा मिलाएर बेलायतबाट यतै आएको थियो। यसै मेसोमा छोरी-ज्वाइँ मिलेर हामीले घुम्ने ठाउँको रूपमा छनौट गरेका ठाउँमध्येको एक स्थान लेक सुपेरियरमा जाने साइत हामी यता आएको १३ दिनपछि १६ अक्टोबर २०२४ मा जुरेको थियो।

मिनिसोटालाई तालैतालको राज्य भनिँदो रहेछ। यहाँ सानाठूला गरेर दश हजारभन्दा बढी स्व-निर्मित तालहरू रहेछन्। प्राकृतिक सौन्दर्यको लागि प्रसिद्ध मिनिसोटा संसारको चौथो ठूलो नदी मिसिसिपीको उद्‌गम स्थल पनि हो। बिहानको खाना खाएर हामी घरबाट निस्कियौं। मिनिसोटाको राजधानी सेन्ट पाओलको व्यस्त शहर मिनियापोलिसबाट केही बेरको यात्रा पछि हामी शहरभन्दा बाहिरको तीव्र गतिको हाइवेमा प्रवेश गर्‍यौं। हाइवेका दुवैतिर हरिया रूखहरू र तीनका बीच-बीचमा राता पात भएका रूखले गर्दा वातावरण लोभलाग्दो थियो।

यतातिरका जग्गामा मकै खेती मात्रै हुनेरहेछ। अहिले मकै टिपिसकेकाले बारीमा जताततै मकैका ढोड र कतै ढोडलाई मेसिनको सहायताले पेलेर गोलो

पाङ्ग्राजस्तो बनाएर राखेका दृश्य देखिन्थे । ठाउँ ठाउँमा हावाबाट बिजुली उत्पादन गर्ने पङ्खा विन्ड मिल घुमिरहेका थिए । सररर चलिरहेको चिसो हावाका कारण बाहिरी वातावरण भने चिसो थियो ।

समथर बाटो र लेन अनुशासनले गर्दा अत्याधिक स्पीडमा पनि सवारी साधन व्यवस्थितरूपमा चलिरहेका थिए । हर्न बजाएको कतै सुनिँदैन थियो । भ्रमण अवधिभर यताका ट्राफिक प्रहरी कस्ता हुन्छन् भनी हेर्न समेत पाइएन । काठमाडौंमा सवारी ट्राफिक प्रहरीको उपस्थिति रहँदारहँदै पनि अनियन्त्रित र अव्यवस्थित व्यवस्थापन देख्दै आएको मलाई, यता भने हर्न बजाएको पटक्कै नसुन्दा र कतै पनि ट्राफिक प्रहरी नहुँदा पनि संयमित र नियन्त्रित रूपमा चलेको यातायात व्यवस्थापन देख्दा मलाई कस्तो-कस्तो लाग्यो । सबैले इमानदारीसाथ नियम पालना गर्ने हो भने सबै समस्या स्वतः समाधान हुने रहेछन् नि भन्ने विचार पनि मनमा खेले ।

बाटोमा मानिस हिँडेको देख्न शहरी क्षेत्रमा समेत मुस्किल हुने यहाँ, हाइवेमा त झन् मानिस हिँडेको देख्नु स्यालको सिङ भेटे झैं हुने नै भयो । बाटोका दुवैतर्फ करिब प्रत्येक एकघण्टाको दूरीमा पिउने पानी, शौचालय, आराम कक्ष र पेय पदार्थ तथा खाजा स्वचालितरूपमा किन्न मिल्ने फराकिलो क्षेत्रफलमा बनेको सफा र सुविधा सम्पन्न रेष्ट एरिया बनाइएका रहेछन् । सवारी चालक फ्रेस हुँदै रोकिँदै यात्रा गरुन् र दुर्घटना नहोस् भन्ने कुरालाई ध्यानमा राखेर यस्ता रेष्ट एरियाहरू स्थानीय निकायबाट बनाएर सञ्चालन गरिएको रहेछ ।

यो देखेर, काठमाडौं बाहिर यात्रा गर्दा बाटोमा शौच लाग्दा झाडी वा कुनाकाप्चामा जानुको विकल्प नभेटेको मलाई अचम्म लाग्यो । देश संघीयताका गएको र तीन तहको सरकार रहेको अवस्थामा आफ्नो क्षेत्रमा आउनेजाने यात्रुको सुविधाको लागि कम्तीमा पनि ठाउँ ठाउँमा व्यवस्थित शौचालय र पिउने पानीको व्यवस्था त स्थानीय निकायले गर्नुपर्ने हो भन्ने कुरा सोचाइमा आए । फेरि आफ्नै सुविधाको लागि मरिहत्ते गर्ने हाम्रा जनप्रतिनिधिको दिमागमा यस्तो जनसुविधाको कुरा के आउँथ्यो होला र ? भन्ने सोचाइ आएपछि मन अमिलो भयो ।

गाडीभित्र छोरा, छोरी र ज्वाइँ आफ्नै तालमा गफिँदै थिए । हामी बूढाबूढी भने दुई बेग्लाबेग्लै देशमा रहेका छोराछोरीसहित विदेशी भूमिमा यसरी एकैपल्ट सपरिवार यात्रा गर्ने अकल्पनीय मौका जुरेकोमा मनमनै पशुपतिनाथलाई धन्यवाद दिँदै थियौं । विश्रामसहित करिब तीन घण्टाको यात्रापछि छोरीले मिनिसोटाको डुलुथ स्थित र्‍याडिसन होटेलको 'हार्वर भ्यु ३६०' रेष्टुरेन्ट पुऱ्याइन् । गाडी पार्किङमा राखेर हामी लिफ्टबाट रेष्टुरेन्टको सबैभन्दा माथिल्लो तल्लामा गयौं । यो घुम्ने रेष्टुरेन्ट रहेछ । एक ठाउँमा बसेपछि थाहै नपाउने गरी ३६० डिग्री घुमेर

चारैतिरको दृश्य देख्न सकिने । यहाँबाट हेर्दा जतातते लमतन्न परेको लेक सुपेरियर ताल मात्रै देखिन्थ्यो । गाढा नीलो पानीयुक्त, विशाल सिमानाविहीन ताल ।

यता आउने अघिल्लो दिन टेक्सास राज्यमा रहेका भाइ प्रदीप अर्यालसँगको फोनवार्तामा लेक सुपेरियरको कुरा चल्दा उनले 'दादा, लेक सुपेरियर त नामले मात्रै ताल हो, यो यति ठूलो छ कि वास्तवमा यसलाई ताल हैन समुद्र नै भन्नुपर्छ' भनेका थिए । झन् आफ्नै आँखाले देखेपछि त प्रदीपभाइको कुरामा लालमोहर लगाउन करै लाग्यो मलाई । उसैपनि भूपरिवेष्टित देशको वासिन्दा भएकोले यत्रो ठूलो ताल देख्दा समुद्रको आभास भयो मलाई । मन रोमाञ्चित भयो ।

म एकटकले नीलो विशालकाय ताल निहार्न थालें । भाग्यले मानिसलाई ठगेको भन्ने कुरा त सुनिदै आएको हो तर भाग्यले प्रकृति र स्थानलाई पनि ठग्दो रहेछ भन्ने कुरा यहाँ आएपछि देखियो । यदि यसो नहुँदो हो त, समुद्र हुन चाहिने सबै गुण भए तापनि यसको पहिचान तालको रूपमा मात्रै सिमित हुँदैनथ्यो होला शायद । 'हैन बाबा, ताल यहाँबाट मात्रै हेर्ने कि त्यसलाई छुन पनि जाने ?' छोरी सम्पदाको प्रश्नले मलाई यथार्थको धरातलमा ल्याइपुऱ्यायो । मबाहेक सबैले खाजा खाइसकेछन् । मैले पनि हतारहतार खाएँ । बिल भुक्तानी गरेर हामी ओर्लियौं । यहाँबाट ताल नजिकै पर्ने भएकाले गाडीलाई पार्किङमै छोडेर लेक सुपेरियर छुन पैदलै अघि बढ्यौं । करिब ५-७ मिनेटको दूरीमा हामीले तालको नीलो पानी छोएर, समुद्रको उपाधि पाउन नसकेको यो तालको मनभित्र गुम्सिएको पीडा र चिसोपनको राम्रैसँग अनुभूत गऱ्यौं ।

क्षेत्रफलको आधारमा विश्वको सबैभन्दा ठूलो ताजा पानीको ताल लेक सुपेरियर क्यानाडाको ओन्टारियोसम्म फैलिएको र समुद्रजस्तै विशाल छ । यसको आकार १ लाख २८ हजार वर्ग किलोमिटर रहेको छ । समुद्र सतहभन्दा माथि रहेको एउटै कारणले मात्र यसलाई ताल भनिएको रहेछ । यो तालको उत्तरमा क्यानाडा र अमेरिकाको मिनिसोटा तथा दक्षिणमा विस्कान्सिन र मिचिगन राज्य पर्दछन् । यो एक हिमनदी हो । यसले विश्वको सतहको ताजा पानीको दश प्रतिशत ओगटेको छ । यसको नीलो पानी र बलौटे किनाराहरूले समुद्र बिर्साउँछन् ।

केही बेर हामीले लेक सुपेरियरसँग बितायौं । तस्वीर खिच्यौं । तालमा रमाउँदै पौडिरहेका बकुल्ला प्रजातिका चराका बथानका गतिविधि निहाऱ्यौं । तैरिंदै गन्तव्यतिर जानलागेका जहाज हेऱ्यौं । जति हेरे पनि आँखा र मनलाई दृश्यको रसास्वादन गर्न पुगेको थिएन तर सम्धि लियोन सुलेरुड हामीलाई कुरिरहनु भएकोले फर्कनुपर्ने बाध्यता थियो । मनले नमान्दानमान्दै लेक सुपेरियरलाई बाइबाइ गऱ्यौं ।

त्यहाँबाट फर्केर सम्धि लियोनको घर गयौं । उहाँले हार्दिकताका साथ

स्वागत गर्नुभयो । लेक सुपेरियरभन्दा अलिक हाइटमा रहेको उहाँको घरबाट फेरि पनि नीलो ताल निहार्ने मौका मिल्यो हामीलाई । मनभरी लेक सुपेरियरको सौन्दर्य र आफन्तजनको न्यानो आतिथ्यता सँगाल्दै मौका मिले फेरि पनि भेट्ने बाचा गरेर, डुलुथबाट हामी आफ्नो बासस्थान रहेको मिनियापोलिस ग्लेसन लेक रोडतर्फ हुँइकियौं ।

उमामहेश्वर मार्ग, कुमारीगाल, का.म.पा.-७

-_-


**शब्दार्थ प्रकाशन**ले

**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ

र

अझै अरू प्रकाशन गर्दैछ ।

के तपाईं पनि आफ्नो शब्दकोश

प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

**गीत, गजल, म्युजिक भिडियो, विवाह, कार्यक्रम आदिको लागि**

हामीलाई सम्झनुहोस्

Four Cube Entertainment

9860660925/9841466812

# पृथ्वीको पल्लोपट्टि



राजेन्द्रकुमार आचार्य

## पूर्व प्रसङ्ग

क्यानडा निवासी छोरी-ज्वाइँ इन्दु र विनोद हुमागाईंको निम्तो मान्न म र बूढी हरिता २०८२ जेठ १२ गते सोमवार कोरिया हुँदै त्यहाँ जाने हवाइ टिकट बन्यो । तदनुसार जेठ १२ गते अपराह्न खाना खाइवरी छोरा कमलसित नयाँ ठिमीबाट केवल एक घण्टामा गौचर हवाइअड्डा पुग्यौं । कोरियन एयरले जनही बाइस किलोसम्म तौल भएका दुईवटा झोला लग्न दिंदो रहेछ हाते झोलाबाहेक । आवश्यक जाँचबुझ भयो । उडान त काठमाडौं-कोरिया ६ घण्टाको तर एक घण्टा ढिलो भयो । पहिले आउने जाने गरेकी कावासोतीकी सुनिता न्यौपाने भेट हुनुभयो सँगै क्यानडा जाने । हामी पन्थेलाई सजिलो हुनेभयो । छोरासित बिदा भएर हामी भित्र पस्यौं ।

## डल्ले पृथ्वीको आधा फन्को

हाम्रो पहिलो अन्तर्राष्ट्रिय उडान । सिट भेटिएपछि बसियो र अगाडिको जहाज उडेको देखाउने टिभी स्क्रिन खोलियो । ८:३० मा उडान भयो र जेट विमानले पूर्वोतर दिशा समात्यो । साढे नौतिर एसियन शाकाहारी खाना ल्याइदियो र खायौं । नेपालबाट पूर्वोत्तर दिशामा पर्ने र झन्डै तीन घण्टा पहिले उज्यालो हुने कोरियाको राजधानी सिओलमा जेठ १३ गते बिहान २:३० मा पुग्दा बिहानीको घाम झुल्केका थिए । काठमाडौं कोरिया ६ घण्टाको उडानमा हावाले अलि हल्लाएकोले उस्तो निद्रा परेन । त्यहाँ १३ घण्टाको ट्रान्जिट थियो । बुक गरेको मतिना लाउन्ज पुग्न आधा घण्टा लाग्यो । हवाइअड्डा ठूलो हुनाले छिचोल्न हम्मे हम्मे पर्ने । कोरियालीहरूको अङ्ग्रेजी बुझ्नै गाह्रो । होटलमा पस्न पनि पालो कुर्नुपर्ने । जेनतेन पसेको शौचालय छैन ।

जसोतसो वाइफाइ जोडाएँ । ज्वाइँ र सुनितासित सम्पर्क भएपछि सजिलो भयो । बाहिरको सार्वजनिक शौचालयमा काम सकेर उपलब्ध खानेकुरा आफै झिकेर खाइयो । तीन घण्टाका लागि मात्रै बुक भएकोले सुनितासँग गएर बिस्तरा भएको ठाउँमा पुग्यौं । मजाले सुत्न पाइयो । चर्पीको व्यवस्थापन नजिकै थियो ।

निस्कने गेटतिर जाँदा दोलखाका सापकोटा दम्पती भेटिए । सुनितासँग आएका बर्दघाट-भुताहाका केशव काफ्ले लगायतका साथी पनि भेटिए । १३ घण्टा व्यतीत भएपछि हामीलाई ५०० सिटवाला ठूलो जहाजमा हाल्यो ।

अपराह्न ४ बजे उडेको जहाजमा ५ बजे शाकाहारी खानेकुरा ल्यायो र खायौँ । जापानको उत्तरी ठूलो टापु होकाइडो माथि केही हल्लाए पनि अरू बेला शान्त रह्यो । फलस्वरूप निद्रामा प्रगति भयो । जापानपछि रुसको बेरिन समुद्र हुँदै उत्तरी ध्रुव महासागर, रुसको पूर्वी छेउ र अमेरिकाको अलास्काको पश्चिमी चुच्चोको बीचबाट छिराएर अलास्का पार गरी पृथ्वीको आधा फन्को मारी १० घण्टाको उडानमा क्यानडाको पश्चिमी द्वाररूप भ्यानकुबरमा स्थानीय समय दिउँसो १२ बजेतिर ओराल्यो । रकी पर्वतमाला टल्कियो । कोरियाको भन्दा केही सानो रहेछ हवाइअड्डा । भित्री समुद्र नजिकै रहेछ । हामीलाई भारतीय मूलका प्रहरी कर्मचारीले सहयोग पुऱ्याए, हिन्दीमा पनि बोल्दा रहेछन् ।

हामीले कोरियन जहाजबाट सामान बुझी ठेलामा हालेर जाँचबुझ गरायौँ । झोलाहरू एयर क्यानडाको जहाजमा हाल्न लग्यो । हामीले सुत्ने ठाउँ खोजेर नौ घण्टाको समय गुजार्यौँ । हामी छ जना बेलुकी १० बजे जहाज चढ्न पाइयो । २:३० घण्टाको उडानमा रकी पर्वत, क्यालगरी शहर आदि हेर्दै पश्चिमी क्यानडाका ब्रिटिस कोलम्बिया र अल्बर्टा गरी दुइटा प्रान्त भ्याएर तेस्रो प्रान्त सस्काचुअनको राजधानी शहर रिजाइनाको हवाइअड्डामा बिहान १२.३० मा ओर्लिन पायौँ । त्यहाँ छोरी इन्दुसहित ज्वाइँ विनोदले हामीलाई कुर्नुभएको रहेछ । सुनिताका पति, स्वयम्भू श्रेष्ठ दम्पतीकी छोरी र उनका धनगढीका खड्का पति उदय आदिसित भेट भयो । आधा घण्टा कुरेपछि मात्र झोलाहरू बुझ्न पाइयो । १५ किलोमिटर जति पर रहेको छोरी ज्वाइँ को घरमा २ बजे पुगी खाना खाएर कोल्टे पर्यौं ।

### नेपाली परिवारको आतिथ्य र आउजाउ

नेपालबाट १२ घण्टा ढिलो घाम उदाउने पश्चिम क्यानडाको २ लाख जति जनसङ्ख्या भएको सानो शहर रिजाइनामा २०० भन्दा बढी नेपालीहरू बस्दा रहेछन् । उनीहरूले सँगै दशैं, तिहार, फागु, तीज आदि पर्व सँगै मनाउन, खेलकुद र साङ्गीतिक कार्यक्रम गर्न, छुट्टीका दिनहरूमा घुमफिर तथा वनभोज गर्न, बालबालिकालाई नेपाली सँगीतमा नचाउन र अन्य प्रान्त तथा शहरहरूमा हुने कार्यक्रममा सहभागिताका लागि सङ्गठन बनाएका रहेछन् ।

एउटा छुट्टीको दिनमा घर घरघरैबाट खानेकुराहरू लिएर गई गरिएको सामुहिक वनभोजमा हामी पनि आमन्त्रित थियौं । त्यहाँ साना ठूला गरी ११० जतिको उपस्थिति हुँदा निकै रमाइलो भयो । कार्यक्रम सस्काचुअन प्रान्तको संसद भवन वरिपरिको विशाल चौर तथा वास्काना तलाउ किनारमा ठाउँ ठाउँमा

बनाइएका वनभोज स्थलहरूमा गरिँदो रहेछ । दुबीचौर, बैंस, लेक पिपल, लेकाली सल्लाहहरूको वनविहार राम्ररी संरक्षण गरिएको रहेछ । सडकहरू फराकिला र व्यवस्थित छन् । गाडी पार्किङको उचित प्रबन्ध छ । नेपालीहरूका पनि प्रत्येक परिवारका एक दुईवटा गाडी छन् । सातामा दुई दिन शनि र आइतबार सार्वजनिक विदा हुन्छ । पाँच दिन भने सघन काम गरिँदो रहेछ । छुट्टी मनाउन नेपालीबाहेक विश्वका कैयौं देशका आप्रवासी, रोजगार वा विद्यार्थीहरू पनि जाँदा रहेछन् ।

हामी विशेषगरी गुल्मी वामीटक्सारका डा. डिल्ली पौडेलको परिवारसित बढी घुलमिल भयौं । कारण उहाँका बाआमा तेजनाथ र तारा आउनुभएको रहेछ र उहाँकी पत्नी अन्जु रिजाल मलाई सर्वप्रथम खरिदारको जागिर खुवाउने मुसिकोटका भुवनेश्वर रिजालकी छोरी हुनुहुने रहेछ । त्यस्तै हामी गुल्मी वाग्लाका पीताम्बर भण्डारीको परिवारसित घुलमिल भयौं । कारण उहाँका पिता पूर्व स्थानीय विकास अधिकारी र विद्वान् लेखक चिरञ्जीवी भण्डारी हुनुहुन्छ । हामी लोकन्थली बस्दा उहाँको घरको तरकारी खान्थ्यौं । उहाँकी जेठी छोरी सुशीला बुटवल, कान्छी छोरी सरिता यहीँ रिजाइना र कान्छा छोरा भ्यानकुभरमा बस्नुहुन्छ । यहाँ सरिता र उहाँका पति बैतडीका डा. उद्धव ठगुन्नासित पनि निकै बसाउठी भयो । त्यसरी नै पीताम्बरका ससुराली अथवा सावित्राका दाइ भाउजू बर्दियाका हरिराम गैरे र विष्णु पौडेलको परिवारसित पनि आतिथ्य ग्रहण गरियो र सँगै बसाउठी भयो । हरिरामकै भाइ तुलसी गैरे र बुहारी सन्जु काफ्ले परिवारको आतिथ्य ग्रहणको साथै पटक पटक भेटघाट हुन गयो । वालिङ ८३ किलो घर भएका त्रिविका पूर्व सहप्राध्यापक अच्युत अर्याल दम्पती यहाँ छोरा-बुहारीसित बस्न आउनुभएको रहेछ । उहाँको पारिवारिक निम्तो र बसाउठी पनि लोभलाग्दो छ । उहाँले २०४५ मा बालसाहित्य सामग्री प्रकाशित गर्नुभएको र पोखरा र भैरवाका लोकसाहित्य सङ्गोष्ठीहरूमा भाग लिनुभएको रहेछ । उहाँका भाइकी छोरी हुनुहुने रहेछ राधा अर्याल र ज्वाइँ दीपक काफ्ले रूपन्देहीको फर्साटिकरमा घर जग्गा भएका र विभिन्न क्याम्पस पढाएका । यो परिवारसँग पनि आतिथ्य र आउजाउ निकै भयो । मेरी छोरी इन्दु र राधाको कर्मस्थल पनि एउटै रहेछ । अर्को परिवार सोलुखुम्बुका मिङ्मा शेर्पा र दोलखाकी सरिना श्रेष्ठको छ । यो परिवार पनि बडो फरासिलो र सहयोगी छ । अर्को इलामकी रिमा वैद्यको परिवार जो अहिले कुपण्डोल पुगेको छ । अर्को परिवार कास्कीका डा. राजु तिवारी दम्पती र बा विष्णु तिवारी दम्पती हुनुहुन्छ । त्यस्तै छोरी ज्वाइँसित सँगै पढेका गोर्खाका अर्जुन लामिछाने, प्युठान जन्मघर भई लमही बसाइ सरेका नारायण पोखरेल र गीता अधिकारी, कास्की माझठानाका प्रा.डा. कपिल लामिछानेका भतिजा इन्जी. विजय लामिछाने, उहाँकी पत्नी र आमा, झापाका गणेश गौतम र

विराटनगरकी अन्जु तिम्सिना, अर्घाखाँचीको मालारानी पुख्यौंली भई रूपन्देहीको कोटिहवा बस्ने दीपा बन्जाडे, बुटवलको सनसाइन स्कुलका प्राचार्य रुक्माङ्गद गैरेका छोरा-बुहारी आदिसितको बसाउठी पनि स्मरणीय रह्यो ।

**सार्वजनिक कार्यक्रमहरूमा**

जुलाई १ क्यानडाको राष्ट्रिय दिवस रहेछ । यो दिन वास्काना तलाउ किनारमा रहेको संसद भवननेर दिउँसो जुटेर क्यानडाको झन्डा शिरमा सिउरी, गन्जी र गालामा टाँसी, राष्ट्रियताको प्रतीक रातो पातको जस्तै रङ्गको टिसर्ट लगाउने र खानपिन तथा साङ्गीतिक धुनमा रमाउने गर्दा रहेछन् । राती १०.३० देखि १०.४५ सम्म रङ्गीन आतिसबाजी हुँदो रहेछ । त्यो हेर्न मानिसहरू जुट्दा रहेछन् । हामी पनि एक घण्टा पहिलेदेखि वास्काना तलाउकिनारको थुम्कोमा गएर बस्यौं र अवलोकन गर्यौं ।

नेपालीहरूको संस्थाले पश्चिम क्यानडा निवासी नेपाली खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्दो रहेछ । दुई दिन छुट्टी उपयोग गरेर रिजाइनाका थुप्रै नेपाली परिवार आआफ्ना कारमा ५७२ किलोमिटर पूर्वमा रहेको झण्डै ८ लाख जनसङ्ख्या भएको शहर विनीपेगमा ६ घण्टा जतिको यात्रामा पुग्यौं । होटलमा झोला थन्क्याएर थम्सनबाट हाल यहाँ आएका प्रा.डा. विद्यानाथ कोइरालाका भदै र ज्वाइँका दामली इन्जि. प्रसिद कहाँ डा. डिल्ली पौडेल र दीपक काफ्लेसहित हाम्रो परिवार साँझको आतिथ्य स्वरूप भोजनमा गयौं । गोदावरीकी वन्दना आचार्य उहाँकी पत्नी र दुई सन्तान रहेछन् । फरासिलो परिवारसित रमाइलो भयो ।

दोस्रो दिन पनि खाना खुवाउनुभयो । यहाँ उत्तम जातको न्युरो पाइँदो रहेछ । झोलाभरि हालिदिनुभयो । हामीलाई विनीपेग र रेड रिभरको सङ्गम स्थित फोर्कपार्क, रेल्वे स्टेसन, कर्णाली चिसापानीको जस्तो पुल, संसद भवन, दृश्यस्तम्भ आदिको अवलोकनको साथै नौकायन पनि गराउनुभयो । यहाँको मुख्य शहर डाउनटाउनमा ५० तलेसम्म घर रहेछन् । उहाँ बसेको घर जमिनमाथि २७ तला र जमिनमुनि छ तलाको भूमिगत कारपार्क भएको रहेछ ।

नेपाली राजदूत भरत पौडेलले खेलकुद तथा साङ्गीतिक कार्यक्रमको उद्घाटन गर्नुभयो । प्रतिस्पर्धामा रिजाइनाको टिमले पनि केही आइटम जित्यो । फर्कने तेस्रो दिन ठूला पसलमा किनमेल गरियो । विशाल बारीहरूमा हल्केका गहुँ, मसुरो, झुल्दै गरेको कनौला भन्ने तोरी हेर्दै, ट्रान्स क्यानाडियन हाइवे १ बाट छेउछाउमा रेलगाडीसित लुकामारी खेल्दै फर्क्यौं ।

**रिजाइना विश्वविद्यालयमा**

ज्वाइँ विनोदको 'मानव स्रोत व्यवस्थापन' विषयको स्नातकोत्तर उपाधि

हस्तान्तरण कार्यक्रममा भाग लियौं । तीन दिनसम्म चलेको सो कार्यक्रममा यो वर्ष २,७०० जनाले उपाधि लिए । विशाल सभाकक्षमा छ खण्डमा कार्यक्रम चलेको थियो । अनौठो पक्ष के भने यो विषयको उपाधि लिने ५५० जतिमा गोराहरू २०% पनि थिएनन् । फेटावाला पन्जाबी, कपाल ढाक्ने मुसलमान महिला, काला अफ्रिकी हप्सी, गहुँगोरा दक्षिण एसियाली, कोरियाली आदिको मिश्रित सङ्ख्या पाइयो । बुझ्दा यहाँका गोराहरू कक्षा १२ उत्तीर्ण गरेपछि प्रायः नोकरीतिर लाग्दा रहेछन् तर स्टाफ प्रायः गोरा थिए ।

**क्यानडाको रूप एक रङ अनेक**

बेलायती महारानीलाई राष्ट्रियताको प्रतीक मान्ने कमनवेल्थ अन्तर्गतको क्यानडा एउटा सङ्घीय राज्य हो । त्यसैले क्यानडा एउटै भएर पनि संसद भवनमा तीनवटा झण्डा फहराउँछन्: बेलायत, क्यानाडा र स्थानीय प्रान्तको । भाषा अङ्ग्रेजी, फ्रेन्च र आदिवासीको पनि प्रचलित छ । आदिवासीलाई चित्त बुझाउन उनकै लिपिमा उनको भाषाका अभिलेख राखिदिएका छन् । पहिले आदिवासीको गीत गाएर मात्र क्यानडाको राष्ट्रगान गाइँदो रहेछ ।

क्यानाडाको क्षेत्रफल ६,५१,०३६ वर्ग किलोमिटर छ । नेपालभन्दा ६५ गुणा ठूलो क्यानडाका तीनवटा टेरिटरी र १० वटा प्रान्तहरू छन् । दक्षिणतिर पूरै सीमा सं.रा. अमेरिकासित जोडिएको छ । अन्य दिशातिर अलास्काबाहेक समुद्रले घेरिएको छ । यो विश्वको दोस्रो ठूलो देश हो । यसको जनसङ्ख्या ४,१५,२८,६८० छ । सङ्घीय राजधानी ओटावा तर सबभन्दा ठूलो शहर टोरन्टो हो । पूर्वदेखि पश्चिमसम्म समयान्तर २ घण्टा हुन्छ । विश्वकै ठूलो गहुँ र मसुरो उत्पादक देश हो । अन्य उत्पादन मकै, दुग्ध पदार्थ, तोरीजस्तो कनोला, मासु, चेरी, स्याउ, घोडा आदि पर्छन् ।

उत्तरतर्फ एस्किमो जाति, दक्षिणमा ताम्रवर्णी आदिवासी, युरोपेली गोराहरू, अफ्रिकाली कालाहरू र अन्य देशहरूबाट आएका आप्रवासीहरू छन् । मुख्य दल कन्जर्भेटिभ र लिबरल हुन् । प्रतिव्यक्ति आय करिब ४६ हजार क्यानेडियन डलर र साक्षरता ९९% रहेको छ ।

बुटवल, हाल : क्यानडा ।

-_-

**के तपाईंले शब्दार्थका कथा, कविता र निबन्धका पुस्तकहरू पढ्नुभएको छ ?**

# अस्ट्रेलियामा पनि दशैं आउँदो रहेछ



रामकुमार पण्डित

हाम्रो जेठो छोरा सुरागले पाँच वर्ष अघि अस्ट्रेलिया आएदेखि आफ्नो परिवारसँग दशैं मान्न पाएको छैन । यो वर्ष उसको स्नातकोत्तर तहको दीक्षान्त समारोह दशैंको मुखमै परेको हुँदा ऊसँगै दशैं मनाउने गरी हामी (उसको आमाबुबा) आएका छौं । दशैंको मुखमा उसको लागि आएर दशैं मान्न सिधै नेपाल प्रस्थान गर्नु उचित लागेन । स्वदेशको कामलाई तन्काएर, यात्राको अवधि लम्बाएर यतै दशैं मनाउने निधो भइसकेको छ । सोही अनुरूप हाम्रो गतिविधि हुन थाल्छ ।

२०८० साल असोजको २८ गते (अक्टोबर १५, २०२३) घटस्थापनाको दिन । बिहान पाँच-साँढे पाँचतिर म ओछ्यानबाट उठ्छु । नित्यकर्मपश्चात् नुहाउँछु । घटस्थापनादेखि नवमीसम्म नौरथा नुहाउने चलन मभित्र संस्कारको रूपमा रहेको छ । सानै उमेरदेखि आमाले यी दिनमा अनिवार्य नुहाउन निर्देश दिएको कुरा प्रौढ अवस्थामा आइपुग्दा संस्कार बनिसकेको छ तसर्थ दुर्गा भवानीलाई स्मरण गर्दै स्नान कर्म सक्दछु । घर बाहिर आएर सूर्यलाई हेर्दै जप गर्छु । त्यसपछि भित्रै बैठक कोठामा नियमित गर्दै आएको योग-ध्यान करिब आधा घण्टाभित्र सक्छु । त्यतिञ्जेल मेरी धर्मपत्नी सुनिताले पनि नुहाइधुवाइ सकेर भान्सामा चिया उमालिसकेकी हुन्छिन् । मेरी साली सुमित्रा खड्का पनि उठेर बिहानको कलिलो घामलाई स्वागत गर्दै हुन्छिन् । सिड्नीको अष्ट्रलियामा रहेको उनकै घरमा आएदेखि नै हामी बसिरहेका छौं । चिया पिउनुअघि सुनिताले मलाई भनिन्- 'चिया पिएर जमरा राख्दिस्योस् !' यो वाक्यले म असमञ्जसमा पर्छु, कारण यसअघि मैले एक्लै कहिल्यै जमरा राखेको थिइनँ । घरमा सधैं बा आफैंले जमरा राख्नुहुन्थ्यो । बाले विधि पुग्ने गरी राखेको जमरालाई सम्झदै त्यसैगरी कसरी राख्नेहोला भनेर म कल्पनामा हराउँछु । चिया पिएपछि जलले आफूलाई सेँचन गरी शुद्ध भएर जमरा राख्न तयार हुन्छु । सानो पूजाकोठामा पूजासामग्री र चाहिने सरदाम तयार थियो । आज आइतबार कार्यालय बिदा भएकोले, त्यता जान नपरेको सुमित्राले पनि आफ्नो घरको सामग्री झिकेर सघाउन थालिन् । जमरा राख्नलाई चाहिने सामग्रीहरू जौ, अबिर केसरी, दुर्गा भवानीको तस्वीर

आदि अघिल्लो दिनमै हामीले सङ्गम स्वीट्सबाट किनेर ल्याएका थियौं । सङ्गम स्वीट्स हामी बसेको अष्ट्रल ज्ञानुगन शहरबाट दक्षिणपूर्वी क्षेत्रको दश-पन्ध्र किलोमिटर पर पर्दछ । यसको मालिक भारतीय मूलका व्यापारी हुन् भने त्यहाँ भारतीय र नेपालीलाई आवश्यक पर्ने सामग्रीहरू पाइन्छ । जमरा राख्नलाई, सकेदेखि वागमती नदीबाट नसके चोखो स्थानबाट सफा बालुवा ल्याएर त्यसमाथि जौ छर्ने चलन घरमा देखेको हामीले समुद्रबाट बालुवा ल्याएका थियौं । चार दिनअघि असोज २४ गते गोल्डकोष्ट भ्रमणबाट सिड्नी फर्कने क्रममा कोफ हार्बरस्थित जेट्टी विचबाट सुनिता र सुरागले मलाई पत्तै नदिई प्लास्टिकभरि बालुवा हालेर ल्याएका रहेछन् । सो बालुवालई पानीमा भिजाएर सुनिताले दिन्छिन् । मैले प्लाष्टिक माथि फिजाउँछु । त्यसमाथि जौ छर्छु । जौलाई हलुका ढङ्गले बालुवाले नै पुरेपछि त्यापिङ कागजको ढकनीले छोपिदिन्छौं । एक साइडमा गणेश भगवान् र दुर्गा भवानीका तस्वीर मिलाएर राख्छौं । दुर्गा भवानीलाई अबिर केसरीले सिँगार्छौं । नेपालमा कलशभरि गाईको गोबरले सिँगारेर त्यसमा पनि जमरा राखिएको याद आउँछ तर अस्ट्रेलियाजस्तो शहरमा गोबर कहाँ पाउनु ? काठमाडौंमै गाइ पाल्नेको सङ्ख्या घटेर अचेल यस्तो विशेष पूजाको लागि गोबर, रातो माटो आदि पूजासामग्री बेच्ने पसलमा पाइन थालिसक्यो । जुन सामग्री पाइँदैन त्यसलाई मनमै सजाउँदै पूजास्थल सजाउँछु । दीयो, कलश, गणेश स्थापनापछि आफूले जेजस्तो जानेको छ त्यसरी नै पूजा गर्छु । सुनिता पनि उनले जाने जति सिकाउँछिन् । सुमित्रा चाहिँ 'हजुरहरूले राखेको हेरेर अर्को वर्ष म यस्तै गरी राख्छु' भन्छिन् । म या देवी सर्व भुतेषु ....मन्त्र आदि उच्चारण गरी पूजा गरेर आफ्नो मन, त्यहाँ बसेका सबैको मन र घरमा देवी भित्रिएको आभास दिलाउँछु । रेहान र युवान सुमी (सुमित्रा) को पाँच र तीन वर्षीय छोराहरू मसँगै बसेर देवीलाई नमस्कार गर्छन् । उनीहरूको भारतीय हजुरबा र हजुरआमा आएर पूजा गरेको देखेर यस्तो गर्नुपर्छ भनेर सिकेका रहेछन् । ती बालकहरूले जानीनजानी गरेको भक्ति देखेर म प्रफुल्लित हुन्छु । पूजा सकिएपछि उनीहरूलाई टीका लगाइदिएर किसमिस र काजु प्रसाद खान दिन्छु ।

बिहान घटस्थापना गरेपछि दिउँसो त हामी फिरन्ते न ठहरियौं । सिड्नी भित्रका यताउति नजिकका सामुद्रिक विचहरूमा, पार्कहरूमा हामी टहलिन्छौं । हाम्रो यात्राको प्रमुख गाइड नै छोरो सुराग हो । उसले पौराणिक कालको श्रवण कुमारले खर्पनमा आफ्ना बाबुआमालाई हालेर वन बिहार गराएजस्तै आफ्नो गाडीमा राखेर हामीलाई घुमाउँछ । साँझ घरमा आएर फेरि म जमरामा पूजा गरेर साँझको आरती गर्दछु । नौरथाको दोस्रो दिन म र सुराग पूजा सकेर बैठक कोठामा टि.भी. हेर्दै हुन्छौं । सुनिता र सुमित्रा भान्छा कोठामा व्यस्त । दुई

बालकहरू तारेको अण्डा खाँदै हुन्छन् । मेरो साढुभाइ दीपक सैनी ती दुई बालकका पिता आएर सुमित्रालाई सचेत गराउँदै भन्छन्- 'यो नौरथामा मासु र अण्डा नखाउँ । बच्चालाई पनि खान नदिउँ । यी सबै पूजा हामीहरूकै भलाइकै लागि त भइरहेछ, त्यसैले शुद्ध बनौं ।' उनको हिन्दी भाषामा आएको अभिव्यक्ति सुनेर सबै मौन हुन्छन् । उनको मूल घर पञ्जावमा भएको र भारतमा धेरैले नौर थाभरि सके एक छाक मात्र खाएर व्रत बस्छन् नसके शुद्धतामा ध्यान दिन्छन् । त्यसैले उनले यस्तो कुरा गर्नु स्वभाविक हो तर हामी नेपाली अष्टमी र नवमीमा देवीलाई बोका, खसी आदि भोक नलगाई सक्दैनौ । हामी मौन समर्थन जनाउँछौं ।

तेस्रो दिन बिहान पूजा सकिइसकेको छ । सुमित्राले सुनितालाई सुनाउँछिन्- 'हाम्रो दीपकको ठूलोबुबा एक महिनादेखि बिरामी थिए, हिजो राती गए रे ! अब के गर्ने होला ?' दीपकको पञ्जावी रीतिरिवाजअनुसार यस्तो अवस्थामा फगत् शुद्ध खाना खाने रहेछ, अरू केही गर्नुपर्ने रहेनछ । उनीहरूले सामान्य जीवन यापन गर्दछन् । हामीलाई भने जमराको पूजालाई निरन्तरता दिने कि नदिने दुविधा हुन्छ । सुमित्राले त 'यो पूजा हजुरहरूले गर्नुभए हुन्छ किनकि हजुरहरूलाई जुठो लाग्दैन' भनिन् तर जुठो परेको घरमा हुने हो कि नहुने हो भनेर बडो खुल्दुली हुन्छ । निक्यौंल गर्नलाई म आफ्नै पुरोहितका पुत्र करुण चालिसेलाई सम्झन्छु । करुण र उसको परिवार सिड्नीकै हर्सभाइलको अर्पाटमेन्टमा केही वर्षदेखि बस्दै आइरहेका छन् । यति नै बेला उनकी आमा कल्पना चालिसे पनि छन् । उहाँसँग मेसेन्जरमा कुरा भएपछि उहाँले पनि नेपालमा आफ्ना जेठाजू बद्री चालिसेलाई सोधेर मात्र भन्न सकिने कुरा बताउनुहुन्छ । नेपालमा बुझेपछि जुठो परेको घरमा जमराको पूजा गर्नु राम्रो नहुने भन्नुभएपछि हामीले जमरालाई नमस्कार गरेर पूजा गर्न छोड्छौं ।

कार्तिक ३ गते (दशैंको पाँचौ दिन) हामी सिड्नीको ओपेरा हाउस (नाट्य घर) बाट फेरी चढ्छौं । समुद्रको छातीमाथि तैरिएको फेरीबाट देखिने ओपेरा हाउसको सुन्दरताले कसको चाहिँ मन नहर्ला र ? को चाहिँ त्यसको सुन्दरतालाई हेरेर मोबाइलमा त्यसको चित्र कैद गर्न नचाहला र ? त्यस्तै हार्बर पुलले कसलाई नलोभ्याउला र ? हामी फेरी चल्दै गर्दा यी दुई अमूल्य निधिको देखुन्जेल दर्शन गरिरहन्छौं । फेरीले टरोङ्गा जू जाने स्थलसम्म पुऱ्याएर छोड्छ । हामी टरोङ्गा जू हेर्न जान्छौं । जूभित्र भएका विभिन्न किसिमका कङ्गारुले मन तानिहाल्छ । त्यस्तैगरी त्यहाँभित्र राखिएका जेब्रा, जिराफ, उँट, सिंह, बाघ आदि प्रमुख आकर्षक जनावर लाग्दछ । हिंसक जनावर सिंह, बाघलाई ठूलो तारजाली भित्र राखिएको छ । चराचुरुङ्गी, जलचर, उभयचर आदि पनि आकर्षक छन् । यी सबै हेरेर आनन्द मान्दै बाहिर निस्कँदा दिउँसको साँढे तीन बजेको हुन्छ । हामीले करिब दुई

घण्टा त्याहाँ समय बिताएको पत्तै हुन्न । बाहिर निस्कँदा चर्को घामको महसुस हुन्छ । म सुरागलाई भन्दछु- 'हेर् त, दशैँमा यस्तो चर्को घाम । हाम्रो नेपालको चैत्रको जस्तो गर्मी छ । उता नेपालमा असोज कार्तिकमा कति आनन्दको मौसम हुन्छ । न त जाडो न त गर्मी, त्यस्तो मौसम यहाँ पनि भए पो दशैं मनाएको स्वाद हुन्छ ।' ऊ जवाफ दिन्छ- 'के गर्ने त, यहाँ यस्तै छ ।' अस्ट्रेलिया दक्षिणी गोलार्दमा परेको कारण नेपाल र अस्ट्रेलियाको मौसम उल्टो हुन्छ । एकातिर गर्मी हुँदा अर्कोतिर जाडो याम हुन्छ । म मनमनै भन्छु- बरु अष्ट्रेलियन नेपालीहरूले चैत्रमा दशैं मनाए उचित हुन्थ्यो होला । हामीले सानैदेखि शारदीय मौसममा दशैं मान्ने गरेको कारणले होला, दशैं भन्नासाथ कलिलो घाम, बिहान बेलुका हलुका जाडो, अलिअलि कुहिरो, शीत परेको बिहानी, कतै धान पाक्दै गरेको त कतै धान काटिसकेको फाँट, तोरी फुलेको बारीको याद आउँछ तर यही किसिमको वातावरण यो महिनामा अस्ट्रेलियामा पाउन असम्भव छ । यहाँ आएका नेपाली दाजुभाइहरूले उता नेपालमा परिवारसँगै दशैँजस्तो ठूलो चाड सँगसँगै मनाउने चाहना गर्नु पनि अनुचित होइन । वर्षमा चार पटक दशैं आउँछ हिन्दूशास्त्रमा । असोज र चैत्रको त सबैलाई थाहा छ । त्यसबाहेक असार र पौषमा पनि दशैंको तिथि हुन्छ, जुन चलनचल्तीमा नरहेको अवस्था छ । अस्ट्रेलियामा रहेका सबै नेपाली, भारतीय हिन्दूहरूले वर्षमा चार पटक पर्ने दशैंको साइतमध्ये कुनै एकलाई, जो यहाँको मौसम उपयुक्त होस्, त्यसलाई रोजे भने त्यो जत्तिको उचित दशैं अर्को हुन सक्दैन ।

कार्तिक ५ गते आइतबार दशैंको महत्त्वपूर्ण दिन महाअष्टमी । हामी तीन जनाको साथै सुमित्राका दुई पुत्रसमेत गाडीमा श्री रामकृष्ण मन्दिरको दर्शन गर्न जान्छौं, बिहानै । यो मन्दिर भारतीय हिन्दूहरूले सन् १९८९ मा निर्माण गरेका हुन् । हामी बसेको ज्ञानुगनबाट तीनचार किलोमिटरको दूरीमा उत्तरपूर्वी दिशामा यो मन्दिर स्थापना गरिएको छ । त्यहाँ जुनसुकै मठमन्दिर आदि कानुनको परिधिमा रहनुपर्ने भएको हुँदा यो मन्दिर पनि दर्ता भएको पाइन्छ । नेपालमा शक्तिपीठ गुह्येश्वरी र पशुपतिनाथको दर्शन गर्ने गरेको याद गर्दै हामी सवा सातमा पुग्छौं । आइतबार सार्वजनिक बिदा परेको हुँदा धेरै भारतीय र थोरै नेपाली भक्तजनको उल्लेख्य उपस्थिति त्यहाँ देखिन्छ । हामी लाइनमा बसेर आधा घण्टाजतिमा दर्शन सक्छौं । बाहिरबाट हेर्दा मन्दिरको भवन सामान्यजस्तो लागे पनि भित्र राम, कृष्ण, शिव लगायत धेरै देवीहरूको मूर्ति राम्रो तरिकाले स्थापना गरिएको रहेछ । त्यहाँबाट घर फर्कन्छौं । पूजाचौकीमा जमराको पूजा नगरे पनि जमराले धर्म छोडेको छैन । सर्लक्क उम्रिएको छ । अलि अलि पहेंलो, अलि अलि हरियो । छिमेकी घर नेपालीकै छ । अष्टमी भएकोले त्यस घरको आँगनमा खसीको मासु काटेको

ठ्वाक्क, ठ्वाक्कको आवाज सुनिन्छ । उनीहरूले बाख्रा फार्मबाट आधा खसी ल्याएर दशैं मनाएका रहेछन् । त्यहाँ नेपालमाजस्तो जता पायो त्यता पसल हुन्न । डिपार्टमेन्टल स्टोरमा जानुपर्छ । त्यस्तो स्टोरमा काटिराखेको मासु बाहेक जिउँदो पशुलाई आदेश दिएर काट्न लगाउने अवस्था छँदै छैन । हामी पनि बजारबाट खसी र कुखुराको मासु किनेर ल्याएर पकाउँछौं । नेपालमा पनि बाआमाबाट छुट्टै खान थालेदेखि पशु बलि चढाउँदैनौ, मासु पसलबाटै किनेर खान्छौं ।

कार्तिक ६ गते माहानवमीको दिन । हाम्रो नेपाली चलनअनुसार अष्टमी या नवमीमा हातहतियारसहित गाडीको विश्वकर्मा पूजा गर्ने चलन छ । सुरागले उसको गाडी र मेरो साढभाइ दीपकको गाडी पार्किङबाट बाहिर झिकेर पानीले सफा गर्छ । म र सुनिताले भने बमोजिम विधि गरेर गाडीको पूजा गर्छ । गाडीमा रातोसेतो कपडा चढाउनलाई पाउँदैन । पसलमा खोजेको पनि भेटिएन । हामीले नेपालबाट लिएर गएको त्यो किसिमको कपडा उसले असोज १ गते नै गाडी पूजा गर्दा चढाएको थियो, एकदिन सार्वजनिक पार्किङबाट हराएछ । हिन्दूहरूमध्ये कसैले आफ्नो निजी प्रयोगको लागि लगेको हुनसक्ने अनुमान हामीले लगाउँछौं ।

कार्तिक ७ गते विजया दशमीको दिन । सुमित्राले हाम्रो पाँच दिन भएपछि चोखिन्छ, म त टीका लगाउँछु भनेर अघिल्लो दिनमै भनेकी थिइन् । जमरा कहीं नपाइए त्यही श्री रामकृष्ण मन्दिरमा पनि पाइन्छ भनेर हामी मन्दिर गएको बेला थाहा पाएका थियौं । सुमित्राको घरको दायाँपट्टि न्यौपाने थरीको नेपाली परिवारको घर छ भने बायाँपट्टि बङ्गलादेशी परिवारको । नेपाली परिवारमा जमरा राखेको छ, अलिकति दिन्छौं भनेको हुँदा सुमित्राले त्यहाँबाट जमरा ल्याउँछिन् । सबै सरदाम ठीक पारेपछि दशबजेतिर हामी टीका लगाउन थाल्छौं । त्यहाँ सबैभन्दा जेठो मै भएको हुँदा पालैपालो श्रीमती, साढुभाइ, साली, सुराग, रेहान र युवानलाई टीका र आशिष एवं जमरा दिन्छु । आफ्नो गच्छेअनुसार सबैलाई दक्षिणा पनि । सोही क्रममा जेठोको रोलक्रमअनुसार सबैले सबैलाई टीका लगाउँछौं । यसो गर्दा रेहान र युवानलाई धेरैले टीका लगाइदिएर नोट दक्षिणा दिँदा उनीहरूको हातमा धेरै नोट देखिन्छ । पैसाको चाङ हेरेर उनीहरूको मुहारमा खुसीको असीमित आभा देखिन्छ । रेहानले हाँस्दै भन्छ- 'दिस इज माइ बेष्ट डे । आइ लाइक दशैं ।' रेहान र युवान त्यहीं जन्मिएर हुर्किएको हुँदा उनीहरूलाई नेपाली भाषा र हिन्दी भाषा दुवैको ज्ञान एकदम कम छ । उनीहरूको बोलीचालीको भाषा अङ्ग्रेजी नै हो । हामीले टीका लगाउँदै गर्दा छिमेकी घरबाट सात वर्षीया जुजु पनि आउँछिन् । उनकी आमाले आफ्नो घरमा टीका नलगाई बाहिर लाउँदैनौ, उसलाई नलगाइदिनु भनेको हुनाले हामी त्यसै गर्छौं । रेहान र युवानको हातभरि पैसा देखेर उनी मलिन भएको भाव बुझेर म दश डलरको नोट उनको हातमा

थमाएर खुसी फर्काउने प्रयत्न गर्दछु । निर्दोष बालबालिकाको मुहारमा हाँसो देखेपछि म पनि आफ्नो बाल्यकालको दशैं सम्झन्छु । आफ्नो घर र मामाघरमा टीका लगाएर पैसा दक्षिणा पाएपछि भएको असीमित खुसीलाई झल्झली सम्झन्छु । परिवार सबैको हाँसोखुसी देखेपछि मलाई लाग्छ- 'अस्ट्रेलियामा पनि दशैं आउँदो रहेछ ।' त्यसै दिनको साँझमा अस्ट्रेलियाको अनलाइन समाचारमा हेरेर थाहा हुन्छ, अष्ट्रेलियन प्रधानमन्त्री एन्थोनी अल्वानिजले नेपालीहरूलाई पारिवारिक मिलन गराउने दशैंको उपलक्ष्यमा हार्दिक शुभकामना दिएछन् ।

दशैं मानेपछि स्वदेश फर्किने पालो हुन्छ । हामी बूढाबूढी कार्तिक नौ गते राती सिड्नी हवाइस्थलबाट प्रस्थान गर्छौं । डेढ महिनासम्म छोरा, साली र उनको परिवारबाट पाएको साथ सहयोग र मायालाई छातीभरि सङ्गालेर । उनीहरू सबैसँग हवाइस्थलबाट छुट्टिनुपर्दा मनभरि नरमाइलो अनुभूति हुन्छ । त्यो पीडा म देखाउन चाहन्न र हवाइस्थलमा उनीहरूको आँखामा आँखा जुधाउन गाह्रो पर्छ । सुनिता त आँखाभरि आँसु ल्याएर रून्चे स्वरमा बाइ भन्छिन् । भोलिपल्ट मलेसियन एयरलाइन्समा क्वालालम्पुरबाट काठमाडौं आउँदा हवाइजहाजभरि अधिकाङ्श नेपाली अनुहार देखिन्छ । हाम्रो सिटबाट ठ्याक्कै पछाडि एक पुरुष र महिला अष्ट्रलियाबाट फर्केका रहेछन् । दुवै अपरिचित भए पनि आपसमा कुरा गर्दा मैले सुनें- ती पुरुष न्यूक्यासलमा बसेका रहेछन् । आफ्नो सन्तानलाई भेट्न गएका । तिनले आफ्नो परिवारसहित महाअष्टमीमा क्यानबेरा गएर खसी काट्न लगाएर न्यूक्यासल लगेका रहेछन् । उनी भन्छन्- 'क्यानबेरामा बाख्रा फार्ममै गएर खसी काट्न लगाएको । त्यो दिनमा नेपालीहरूले दुई सय जति खसी काटे त्यहाँ । अस्ट्रेलियामा रक्ती, खुट्टा र टाउको खाने चलन रहेनछ । त्यसै फाल्दा रहेछन् । हामीले त्यो पनि हाल्न लगायौं ।' यति भन्दा उनको मुहारमा खुसी झल्किन्थ्यो । उनी जति खुसी भए पनि म मनमनै भन्छु- 'अत्यन्तै गर्मी छ अस्ट्रेलियामा । गर्मीमा कसरी खाइसक्ने होला सिङ्गै खसीको मासु ?' अनि बलि चढेका पशुलाई सम्झेर दुखित बन्छु ।

त्यसदिन दिउँसै घर आइपुग्छौं । दशैंको चतुदर्शी तिथि छ । हामी घर र ससुरालीमा दशैंको टीका लगाएर दशैं समापन गर्छौं ।

का.म.पा. ६ सिमलटार ।

-_-

**के तपाईंले हाम्रा प्रकाशनका शब्दकोशहरू पढ्नुभएको छ ?**

# मानसरोवर परिक्रमा र प्रदोषव्रतका कुरा



रामप्रसाद पन्त

मानसरोवरको पूर्वोत्तर किनारभन्दा करिब एक किलोमिटर माथि बसस्टपमा बसेका हामीहरूले टुलुटुलु मानसरोवर हेरेर निर्णयको प्रतीक्षा गरिरह्यौं । चुरो कुरो थियो– मानसरोवर प्रदक्षिणा गर्नका लागि सागाबाट आएका हाम्रा बसहरूलाई अनुमति दिने कि नदिने ? अलिकति कमिसन खाएर छोडिदिने कि ?, एक वा दुईलाई मात्र अनुमति दिने कि ? वा कुनैलाई पनि अनुमति नदिएर मानसरोवर क्षेत्रमा गुड्ने सरकारी गाडीमात्र प्रयोग गर्ने ? हाम्रो मुस्ताङमा झैं सिन्डिकेट लागु हुँदो रहेछ मानसरोवर परिक्रमामा पनि ।

अन्ततः एउटामात्र सरकारी बस प्रयोग गर्ने सर्तमा विवाद टुङ्गिएछ । समयमा नै कुरा मिलेको भए हामी मानसरोवरको आधाभन्दा बढी परिक्रमा गरिसक्ने थियौं । दुई घण्टा व्यर्थै गयो । लामो समयदेखिको व्यग्रता र तीव्र उत्सुकतापछि तीनवटा बस मानसरोवर किनारमा ओर्लेर दायाँ प्रदक्षिणा गर्नका लागि बायाँ किनारतिर लागे । कच्ची तर ग्राबेलिङ गरेजस्तो बाटोमा अगाडि लागेको सरकारी बस धुलो उडाउँदै बुर्कुसी मा¥यो । पछिल्तिर आफै चढेर आएको बसमा बसेको म नै भयभीत भएँ– बस कतै पल्टिएर सहयात्रीहरूको हरिबिजोग हुने हो कि भनेर ।

मलाई चिन्ता पनि लाग्यो, कसरी बसेका होलान् ? कति त्रसित भएका होलान् साथीहरू ? ड्राइभरको बुद्धिलाई दुत्कारेँ मैले । अरू दुईवटा बसलाई पछाडि छाडेर आफू कहाँ पुग्छु भन्ने सुरमा अन्धाधुन्द कुदाएको होला ? मैले पछि सुनेँ– यिनीहरूले यस्तै हर्कत गर्छन् रे ! अन्य तीर्थयात्रीहरूसँग पनि । यो घटना नयाँ होइन ।

मैले भनिसकेँ– कच्ची धुलेबाटो छ । हाम्रा ड्राइभरहरूले यात्रुलाई असुविधा नहुने गरी मन्दगतिमा गुडाइरहेका छन् । खाल्डाखुल्डीको ज्ञान छ, बसको सुरक्षाको सवाल छ यिनीहरूलाई । सिन्डिकेटको समस्याले ढिलाइ भएको समयलाई फिर्ता लिन चाहँदैनन् हाम्रा ड्राइभरहरू ।

अगाडिको बस धुइँपाताल कुदेर नदेखिने भएपछि मेरो ध्यान सरोवरको

सूक्ष्म अवलोकनमा केन्द्रित भएको छ । सरोवरको निलिमा र तरङ्गित लहरहरूले दिएको दिव्य आनन्द म वर्णन गर्न सक्तिनँ । निख्खर सेता रजहाँसको जोडीले गरेको जलक्रीडा या भनुँ स्वच्छन्द विचरण वर्णानातीत छ । कुनै एकल र कुनै समूहमा तैरिरहेका ती हाँसहरू स्वच्छन्द छन्, स्वतन्त्र छन्, भयरहित छन् र कल्पनातीत आनन्दमा छन् ।

म सरोवर र बाटो बीचको तटीय क्षेत्रमा पनि दृष्टि दौडाउँछु । वाह्य मरुभूमिको भन्दा भिन्न रूप देख्दैछु म । त्यहाँको भुइँघाँस झाङ्गिएको छ, गाँजिएर फैलिएको छ, मानौं ती गाँजहरू त्यहीं उम्रिएका गाँज होइनन्, कतैबाट काटेर डोकोमा ल्याई घोप्ट्याएका घाँसका थुप्रा हुन् । ठाउँ ठाउँमा कुशका मुण्डा गाँजहरू पनि देखिन्छन् । प्रश्न उठ्छ, यति उचाइमा कुशको अस्तित्त्व नदेखिनु पर्ने हो कसरी सम्भव भयो ?

सनातनधर्मीहरूले तीर्थस्थलहरूमा फूल, अबीर चढाउँछन् र दैवी अस्तित्त्वको चेतना सञ्चार गर्छन् तर बौद्ध धर्मावलम्बीहरूले ढुङ्गाका चाङ लगाउँछन् र देवतालाई घर बनाइदिएको मान्यता राख्छन् । सरोवर किनारमा पनि मैले त्यस्तै देख्छु । यतिमात्र होइन, बौद्ध भिक्षुहरूले धर्मदेशना दिनका लागि बनाइएको ढुङ्गैढुङ्गाको मण्डप र देशना ग्रहण गर्नेहरूका लागि बनाइएको खुल्ला ढुङ्गे चउर पनि निर्माण भएको देख्छु ।

म अनुमान लगाउँदै छु– मानसरोवरको जलले चर्चेको क्षेत्र र मोटरबाटो बीचको भूमि सालाखाला पचास मिटर होला । यसको अर्थ ८८ किलोमिटरको मोटरबाटोको परिधि छ भने मानसरोवरको जलले चर्चेको क्षेत्रमात्र कति वर्गकिलोमिटर होला ? यसको यकिन सङ्ख्या निकाल्ने काम म गणितज्ञलाई नै छोडिदिन्छु ।

बडे बडे आकारका मुसाहरूको प्रभुत्व र खरायोहरूको छिटफुट अस्तित्त्व देखेर म अनुमान लगाउँदै थिएँ– 'यी काँडे भुइँघाँसहरू यिनै प्राणीहरूका आश्रयस्तम्भ रहेछन् । यी भुइँघाँसहरूको ओत नै यी प्राणीहरू जिउने आश्रयस्थल रहेछ ।' यिनै जीवजन्तुहरूको जीवन र जगत्मा दृष्टि केन्द्रित भइरहेको वेला अगाडिपट्टि उत्तर-पूर्वबाट ओर्लिएर मानसरोवरमा मिसिँदै गरेको खोला भेटिन्छ । त्यसको नाम मेर्सर रहेछ । यस्ता खोलाहरू अरू पनि मिसिएका छन् भन्दै थिए गाइडहरू तर जति खोलाहरू मिसिए पनि सरोवरको सतह नबढ्ने र निकास पनि नभएको भन्ने सुनेर आश्चर्यचकित हुँदै थिएँ म । जुन चमत्कार म स्वयम् देखिरहेको छु । 'प्रत्यक्ष किं प्रमाणम्' अर्थात् प्रत्यक्ष प्रमाण भइसकेपछि मैले यसलाई दैवीशक्ति नभनेर के भनुँ ?

करिब आधा घण्टाको कुदाइपछि बसहरू रोकिए । हामीले सरोवरमा

ओर्लेर जलसेचन, अर्चन मार्जन वा आचमन गर्ने र केरूङ वा सागाबाट बोकेर ल्याएका रित्ता ग्यालिन भर्ने काम गऱ्यौं । स्वच्छ थियो जल, पवित्र थियो जल, कञ्चन थियो जल । कसैले घुँडासम्म डुबाए, कसैले पाद स्पर्शमात्र गरे, कसैले पितृलाई सम्झेर जलाञ्जली दिए, कसैले निहुरिएर जलमा शिर स्पर्श गरे, कसैले भने किनारमै लम्पसार परेर सरोवरलाई दण्डवत् गरे तर शिवलिङ्गस्वरूप ढुङ्गा र तैंत्तीस कोटी देवतास्वरूप बालुवा मिसिएको जल ग्यालेनमा भर्न कसैले भुलेनन् । ग्यालेनमा ढुङ्गा र वालुवा राख्नुको साङ्केतिक अर्थ के पनि रहेछ भने फर्कंदा रसुवागढी चेकपोष्टमा चिनियाँ प्रहरीले जलमाथि शङ्का नगरून् ।

हामी बस चढेर पुनः अगाडि बढ्दै थियौं, अगाडिपट्टि मान्धाता हिमालले हामीलाई 'मेरो काखमा आऊ म तिमीलाई मुटुभरिको माया दिन्छु र अँगालोमा कस्छु' भनेर बोलाएजस्तो आभास भयो । हामी मानसरोवरको दक्षिणी किनार वा मान्धाता हिमालको काखको नजिक नजिक हुँदै थियौं । मेरो दृष्टि सिधै अगाडि मान्धाताको चुचुरो र उत्तरी पाखोमा केन्द्रित भइरहेको थियो । एकछिनअघि र जतमय देखिएको हिमाल अब कञ्चनमय बन्दै थियो । काला चट्टानहरूको उपस्थितिले छिर्केफिर्के पनि देखिँदै थियो । त्यही कालो, रातो, पहेँलो र सेतो रङ संमिश्रण भएको हिमालमा मैले चित्र-विचित्रका आकृतिहरू देख्दै थिएँ । एकछेउ वयस्क मानिसको अनुहार, अर्कोछेउ जिराफको घाँटी, अलिकति माथि मयूरको आकृति, अलिकति तल भालुको अनुहार, एकातिर जोडी खुकुरी र अर्कोतिर पुतलीका आकृति बनेर मेरा आँखामा दृष्टिभ्रम छरिरहेका थिए । हो, म साँच्चै त्यस्तै देख्दै थिएँ ।

पुराणहरूमा वर्णित मान्धाता ऋषिले तपस्या गरेको पर्वत भएकोले नाम रह्यो मान्धाता । त्यसको दक्षिणी पानीढलो हुम्ला र उत्तरी पानीढलो मानसरोवर । एरोनटिकल लाइनको आधार मान्ने हो भने अनुमानित ४-५ कि.मि. होला - नेपालको सीमाबाट मानसरोवर । त्यति नजिक रहेको मानसरोवर पुग्न हामीले चार दिनको यात्रा गरेका हौं ।

हेर्दाहेर्दै सूर्य अस्ताचलबाट नदेखिने भए । सन्ध्या ओर्ल्यो धरतीमा । मान्धाता हिमाल देखिन छाड्यो ।

ooo

प्रदोष पदार्पण गऱ्यो भूमण्डलमा
प्रदोषले प्रभाव पाऱ्यो हाम्रा शारीरिक अवयवहरूमा
प्रदोषले बास जमायो हाम्रो मनमस्तिष्कमा
सनातनीहरूका लागि प्रदोष व्रत-सांस्कृतिक पर्व
व्रत बस्नेहरूका लागि चोखिनिती र खानपानप्रति सजगता

प्रदोषहरूमा पनि उत्तम प्रदोष–शनिप्रदोष र शिवप्रदोष

शनिवारको दिन पर्ने–शनि प्रदोष र सोमवारका दिन पर्ने शिवप्रदोष

प्रत्येक पन्ध्र दिनमा त्रयोदशीको सन्ध्यामा कसैलाई पनि नसोधीकन सुटुक्क आउने र मान्नेहरूको मनमा खुसुक्क प्रवेश गर्ने व्रत–प्रदोष व्रत ।

हाम्रो यात्रा प्रारम्भ हुनुभन्दा हप्ता दिनअघि आयोजित भेलामा नमस्ते होलिडेजका प्रबन्धनिर्देशक वसन्त बरालले यात्रा परिचय दिएपछि नीलम शर्माले प्रदोषबारे चर्चा गरेकी थिइन् । प्रदोषलाई प्राथमिकता दिएकै कारण हाम्रो यात्रावधि एक दिन थपिएर एघार दिन पुगेको थियो । अन्यथा हामी भोलि चतुर्दशीको दिन अपराह्न मात्र मानसरोवरको किनार टेक्ने थियौं र जनैपूर्णिमाको दिन सरोवर किनारमा स्नान र पितृकर्म गर्ने थियौं । नमस्ते होलिडेजले आफ्नो ट्राभल सञ्चालनको इतिहासमा पहिलो पटक हामीलाई प्रदोष व्रतकै निहुँमा दुई रात बस्ने मौका दिएर प्रशंसा बटुलेको थियो । त्यसैले यस यात्रालाई 'महातीर्थयात्रा' भनिएको थियो ।

संयोगले अहिले हामी प्रदोष व्रतविधिलाई पालन गर्दै मानसरोवरको प्रदक्षिणा गरिरहेका छौं । सन्ध्या भएको कारण हामीले देख्न त पाइरहेका छैनौं तर हामीभित्र अटल विश्वास छ– यस वेला शिवपार्वती कैलासमा नृत्य गर्दै हुनुहोला । भ्रमणमा कतै जानुभएको छ भने पनि यस प्रदोष कालमा अवश्य कैलाश पुग्नुहुन्छ होला । यसै कुरामा विश्वास गर्दा रहेछन् नित्य प्रदोष व्रत गर्नेहरूले ।

प्रत्येक पन्ध्र दिनमा त्रयोदशीको सन्ध्याकालमा पर्ने प्रदोष (अपवादको रूपमा तिथि, पलाका कारण यदाकदा द्वादशीको दिन पनि पर्दो रहेछ) मध्ये शनिवारको दिनमा पर्ने शनिप्रदोष र सोमवारका दिन पर्ने शिवप्रदोषलाई बढी महत्त्व दिने प्रचलनप्रति मलाई बढी सन्तोष किन लागिरहेको थियो भने– शिव मेरा मानसपिता र शनि मेरा स्वामी । म उपमन्यु ऋषिको सन्तान । उपमन्यु ऋषिका पिता व्याघ्रपाद तपस्यामा लीन भएका कारण बालक छोरा उपमन्युको संरक्षण गर्ने काम शिवजीबाट भएको र शिवजीले मानसपुत्रको रूपमा स्वीकार गर्नुभएको कुरा पुराणमा वर्णित छ । यस कारण शिव मेरा पनि परमपिता, राशिअनुसार मेरा स्वामी शनिदेव । शनिदेवले नित्य निरन्तर मेरो संरक्षण गरि दिनुभएको छ । शनिदेव न्यायका पनि देवता । 'अरू कसैले तँमाथि अन्याय गरे पनि तैंले कसैमाथि अन्याय गर्नुहुन्न' भनेर मलाई निरन्तर चेतावनी दिइरहनुभएको छ शनिदेवले । यसै कारण पुत्रत्व र संरक्षकत्व स्वीकार गर्ने यी दुवै देवलाई मैले आफ्नो शयन कक्षको शीर्षस्थानमा संस्थापन गरेको छु । 'अक्षरब्रह्म सम्मान' स्वरूप आर्षवाङ्मय संस्थाका प्रमुख ब्रह्मवेत्ताचार्य अर्जुन विरक्ति स्तोत्रीयद्वारा प्रदान गरिएका स्वविरचित यी सम्मानपत्रहरू मेरो जीवनको

अन्त्यसम्म स्थानान्तरण नहुने गरी संस्थापित छन् ।

यी सबै कुरा मनमा गुन्दैछु र यात्रा गर्दैछु । हामी मान्धातालाई पछाडि पार्दै, पश्चिम मोडिँदै र मानसरोवरलाई तल पार्दै उकालो चढ्न थाल्छौं तर धेरै चढ्दैनौं उचाइ । हाम्रा बसहरू रोकिन्छन्, हामी ओर्लिन्छौं ।

'लौ हेर्नुस् राक्षसताल' गाइडहरूको आवाज सुनिन्छ ।

'कहाँ छ खोइ ताल ? अन्धकार व्याप्त भइसकेको छ, केही देखिँदैन । खाली विद्युत् खम्बाबाट ओर्लेको बिजुलीको उज्यालोमा राक्षसको झल्को दिने याकका सिङहरू मात्र देखिँदै छन् । सनातनधर्मी र बुद्धिष्ट दुवैका लागि कैलास मानसरोवर उत्तिकै महत्त्व राख्ने भएकोले राक्षसको प्रतीकस्वरूप याकका खप्पर सहितका सिङ राख्ने प्रचलन बुद्धमार्गीहरूले चलाएका होलान् ।

अलिकति तल राक्षसताल हेर्नका लागि काठका मचानहरू बनाइएका रहेछन् । हामी त्यहीं पुगेर राक्षस तालमाथि दृष्टिपात गर्‍यौं तर केही देखिएन । आकाश हो कि धरती ? पहिचान हुन सकेन ।

वास्तवमा हामीमाथि सिन्डिकेट लाद्नेहरूले दुई घण्टा खाइदिए । त्यसको प्रतिफल मिल्यो अहिले हामीलाई । सहयात्रीहरूले एकै आवाज निकाले- 'हामीलाई आत्मसन्तोष भएन । हामीले राक्षस ताल हेर्न पाएनौं । अतिरिक्त समय निकालेर तालको आकारप्रकार हेर्ने मौका हामीले पुनः पाउनुपर्दछ ।'

यात्रुहरूको यस आवाजलाई व्यवस्थापनपक्षले सहज रूपमा स्वीकार गर्‍यो । त्यसपछि हामी अविलम्ब बस चढ्यौं र मानसरोवर किनारबाट उक्ले जसरी राक्षसतालको किनारतिर ओल्र्यौं ।

मानसरोवर र राक्षसतालको दृश्यावलोकन गरेर फर्कंदै गर्दा जब धरतीमा अँध्यारो छायो, बाहिर हेर्ने वस्तु देखिएन, त्यस वेला मेरो अन्तरमनमा बसेका, मैले सुनेका, देखेका, भोगेका र किंवदन्तीमा रहेका यावत् कुराहरू एकाएक मेरो मनमस्तिष्कबाट ओइरिन थाले ।

वास्तवमा शिवजीको जटाजुटबाट अङ्गप्रत्यङ्ग हुँदै अवतरण भएको गङ्गाको जल नै त मानसरोवर रहेछ । सूर्यको रापिलो र न्यानो किरण सरोवरमा पर्दा र हावाको गतिमा फेरबदल हुँदा रङ्ग परिवर्तत भइरहने मानसरोवर तालको स्वभाव त रहेछ । संस्कृत साहित्यका महाकविहरू-कालिदास, भारवि, माघ, भास, वाण, दण्डी र श्रीहर्ष आदिले आ-आफ्ना काव्यहरूमा गरेको सजीव वर्णन साँच्चै सत्य रहेछ । पार्वतीले ब्रह्ममुहुर्तमा कैलासबाट आई स्नान गर्ने र जल लिएर जाने किंवदन्ती पनि मलाई यथार्थ जस्तो लाग्यो । स्वर्गका देवता र अप्सराहरूको विचरण गर्ने स्थल भनिएकोमा पनि मलाई अन्यथा लागेन । आकार प्रकार हेरी मानसरोवरलाई सूर्यको रूप र राक्षस ताललाई चन्द्रमाको रूप भनी परिकल्पना

गरिएको कुरालाई पनि मैले प्रतिरूप नै ठानें ।

मानसरोवरको परिधि ४१० वर्ग कि.मि. र गहिराइ ३०० फिट तथा राक्षसतालको परिधि ८४ वर्ग कि.मि. र गहिराइ १५० फिट भनिएकोमा पनि अविश्वास गर्ने ठाउँ रहेन ।

अँध्यारोको आगमनसँगै भित्र पसेको मेरो अन्तर्दृष्टि पूर्ववत् भौतिक जगत्तिर प्रक्षेपित भयो । त्यसै वेला पिचरोड भेटियो । मानसरोवर किनारको यति लामो यात्रा गर्दा नभेटिएको पिचरोड यहाँनेर कसरी भेटियो ? खुल्दुली लाग्यो मनमा । सोधेपछि पो मभित्रको उत्कण्ठाले विश्राम पायो । त्यो त सिमकोटबाट हेलिकोप्टरमा हिल्सा र हिल्साबाट बसमा ताक्लाकोट हुँदै ६५ किलोमिटर यात्रा गरी दुईअढाइ घण्टामा राक्षसताल आइपुग्ने खास्साको राजमार्ग पो रहेछ । मानसरोवर तटीयक्षेत्रमा तीर्थालु बिरामी भएमा प्राथमिक उपचारको लागि लगिने हेल्थपोष्ट होर्चु र त्यहाँ सम्भव नभएमा ताक्लाकोट अस्पताल जाने पक्की राजमार्ग ।

करिब पन्ध्रबीस मिनेटको राक्षस ताल किनारको यात्रापछि हामी मानसरोवर किनार सन्निकट 'छु गुम्बा' गेष्ट हाउस भित्र छिर्यौं । ८८ किलोमिटर लामो मानसरोवर किनारको यात्रा गर्न हामीलाई झन्डै तीन घण्टा लागेछ ।

गेष्टहाउस भने पनि छु गुम्बाले दिने सुविधा धर्मशालाको जस्तो रहेछ । हिजाअस्तिको यात्रामा हामीले भोगेका विलासितायुक्त कोठा र ओछ्यान त्यहाँ थिएनन्, न त एटेच शौचालय नै थियो ।

आज प्रदोषका दिन । प्रदोष व्रत लिने धेरै थिए हामीसँग । यसै कारण यात्रादलका सबै सहभागीहरूले साथ दिने भएका थियौं व्रतालुलाई । यात्राटोलीको भावनाअनुरूप पाकटोलीद्वारा तयार गरिएको लसुन, प्याज, टमाटररहित खाना खाएर ६/६ जनाका दरले कोठा कोठामा विभक्त भयौं तर त्यस्तो दुर्गम स्थानमा पनि प्रत्येक यात्रीले एक एकवटा बेड पाउनु र संयुक्त शौचालयमा पानीको व्यवस्था हुनुलाई अन्यथा ठानेनौं ।

–_–

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

# बेग्लै बाली



विनोद नेपाल

असोज १९, २०८१ अर्थात् अक्टोबर ५,२०२४ बिहान हामी क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलमा छौं र यहाँबाट निर्धारित उडान समयमै हुने तालिका सार्वजनिक भइसकेको छ र हामी ढुक्क छौं। उडानका लागि यात्रु बोलाहटको सूचना जारी भएसँगै सम्बन्धित कक्षतर्फ लाग्छौं र विमानमा प्रवेश गर्छौं।

समयमै उड्छ विमान। बिहानको झन्डै साढे दश बजे उडेको हामी सवार विमानको चालक दलले दुई घण्टाको उडानपश्चात् झन्डै मध्याह्नको समयमा उचाइ घटाउँदै अवतरणको प्रक्रिया प्रारम्भ गरेको सूचना गर्छ। सो सूचना पाएदेखि नै म आफूलाई चनाखो बनाएर दृश्यहरू नियाल्न थाल्छु।

त्यसो त झन्डै पौने तीन घण्टाको यस उडानमा लगभग पूरै अवधि समुद्रमाथि नै उड्नुपर्छ तर उचाइ घट्दै जाँदा अघि उचाइबाट निकै तल अस्पष्ट देखिने अथाह सागर नजिकिँदै मात्र जाँदैन बेलाबेला यस्तो दृश्य देखिन्छ जहाँ नीलैनीलो मात्र छ। र लाग्छ समुद्र र आकाश जोडिएका छन्। साँच्चै अद्भूत दृश्य छ आँखा सामु, लाग्छ उस्तै नीला आकाश र समुद्र एकाकार भएका छन्। सगर र सागरको सुन्दरता एकसाथ नियाल्न पाउँदा रोमाञ्चित हुन्छु म।

मलाई स्वच्छ आकाश मन पर्छ, समुद्रको स्वच्छताले पनि उत्तिकै छुन्छ। लाग्छ- आहा! मान्छेको मन पनि यस्तै स्वच्छ भइदिए?

हेर्दाहेर्दै समुद छेउ अथाह जलराशी माथिको जमिनको लामो धर्सोलाई लक्षित गर्दै विमान त्यतैतिर सोझिन्छ। हेर्दा लाग्छ विमानले सागरको कञ्चन जललाई स्पर्श गर्छ। यही रोमाञ्चक दृश्य हेर्दाहेर्दै जमिन टेक्छ विमानले तर झ्यालबाहिर नियाल्दा यस्तो लाग्छ अलि परसम्म त विमानका पाङ्ग्रा भूमिमा गुडिरहेका भए पनि पखेटा जमिन बाहिर पानीमाथि छन्। ओर्लिसकेपछि थाहा हुन्छ धावनमार्गको प्रारम्भ विन्दु समुद्र पुरेरै बनाइएको छ यहाँ।

डेनपसार स्थित नुगराह राय अन्तर्राष्ट्रिय विमानस्थलमा विमान अवतरण गर्दा दिनको करिब २ बजेको छ र यहाँको तापक्रम झन्डै ३३ डिग्री भएको जानकारी गराइएको छ। सन् १९३१ मा निर्मित यो बालीको एकमात्र अन्तर्राष्ट्रिय

विमानस्थल हो ।--

विद्युतीय प्रवेशाज्ञा लिइसकेकाले त्यसको लागि अलमलिनु वा प्रवेशाज्ञा प्राप्तिको प्रक्रियामा सामेल हुनु त छैन तर इन्डोनेसिया प्रवेशको प्रथम विन्दु भएकाले यहाँ अध्यागमनको प्रक्रिया पूरा गर्नु छ हामीलाई ।

अध्यागमन नजिक पुग्नासाथ अहिलेसम्मका यात्रामा अन्यत्र कतै नदेखिएको नौलो अभ्यास देखिन्छ, यहाँ केही स्वघोषणा अर्थात् आफ्ना बारेका जानकारी उपलब्ध गराउनुपर्ने रहेछ र त्यसका लागि ल्यापटपहरू राखिएका छन् टेबुलमा । हामी अर्थात् श्रीमणि-प्रभा जोडी, सुमित्रा र म तिनका सामु उभिन्छौं र स्क्रिनमा देखिएको फारममा आफ्ना बारेका मागिएका जानकारी र विवरण भर्दछौं । यसपछि प्रवेश अनुमतिका लागि अध्यागमनमा राखिएका स्वचालित यन्त्रका सामु पुग्दछौं ।

सङ्केत गरिएका स्थानमा आफ्ना राहदानी स्क्यान गर्ने प्रयत्न गर्दछौं तर तिनको सहायताबाट प्रवेश गर्ने प्रयास सफल हुँदैन । यस्तो प्रयासमा असफल हुने हामी मात्र होइनौं, फाटफुट सफल भएपनि अधिकाङ्श असफल नै भएका छन्, शायद यन्त्रमै समस्या छ । यता खाली छ तर अर्कोतिर सुरक्षित स्थानमा रहेका कर्मचारीले काम गरिरहेका छन् र त्यहाँ लाम छ । अब हामी पनि उतै लाम लाग्न जान्छौं ।

मेरो पालोमा मलाई सोधिन्छ एउटा मात्र प्रश्न- 'कति दिन बस्ने ?'

जवाफमा म भन्छु- 'करिब एक हप्ता ।'

राहदानीमा छाप लगाउँछन् ती कर्मचारी र 'इन्ज्वाए' भन्दै फिर्ता गर्छन् ।

राहदानी हात परेपछि म बाहिर निस्कन्छु ।

विमानबाट ओर्लनासाथै म यहाँको वाइफाइ सञ्जालमा जोडिइसकेको छु र यतिञ्जेल ह्वाट्सएपमा सन्देश आइसकेको छ हाम्रो स्वागतमा बाहिर उपस्थित स्थानीय यात्रा व्यवस्थापकका प्रतिनिधिको । 'काम सकेर आउनोस् म यहाँ पार्किङमा आइसकेको छु' भन्ने उनको सन्देश मेरो आँखामा परेको छ ।

लगेज हात पारेपछि हामी बाहिर निस्कन्छौं ।

आ-आफ्ना पाहुनाको प्रतीक्षामा रहेकाहरूको लाम छ यहाँ । पाहुनाका नाम अङ्कीत कागज देखाउँदै बसिरहेछन् थुप्रै । हामी हाम्रो नाम खोज्दै अघि बढ्छौं । उ...पर देखिन्छन् हाम्रो नाम सहितको कागज लिएका व्यक्ति । हामी उनैतिर लाग्छौ र चिनाउँछौं आफूलाई ।

हाम्रा यात्रा व्यवस्थापकले उपलब्ध गराएको विवरणमा विमानस्थलमा हाम्रो स्वागत मालाद्वारा गरिने उल्लेख छ । यसैले हामीलाई लागेको छ अब हाम्रा गला फूलका मालाले सजिनेछन् । यत्तिकैमा यात्रा व्यवस्थापकका प्रतिनिधि

गोलैंची फूलका माला लगाइदिँदै दुई हात जोडेर नमस्कारको अभिवादन गर्दछन् अनि हाम्रो फोटो खिच्छन् । यसरी फोटो खिच्नुको औचित्य सूचना सम्प्रेषण हो । यसपछि हाम्रो पहुँचबारे सम्बन्धित यात्रा व्यवस्थापकलाई जानकारी हुन्छ, यो यस्ता यात्रामा जहाँसुकैको अभ्यास हो ।

फूलको माला र नमस्कारको अभिवादन । हामीलाई भावनात्मक रूपले नजिक्याउँछ र हाम्रो मन जित्छ प्रथम दृष्टिमै बालीले । लाग्छ बालीको बसाई सुखद हुनेछ र नयाँ नौलो अनुभूति हुनेछ । यसपछि हामी होटलतर्फ लगिन्छौं ।

विमानस्थलबाट होटलको दूरी धेरै टाढा छैन, एकप्रकारले भन्नुपर्दा जोडिएकै छ भन्दा हुने तर सडक हुँदै आउँदा करिब दश मिनट लाग्ने । साँगुरो सडक हुँदै बढ्छ हाम्रो गाडी र कुटा स्थित 'बेडरक' होटल सामु अडिन्छ । हाम्रा लगेज लबीमा राखिदिँदै चालक बिदा हुन्छन् । हाम्रा अबका चार रात यही होटलमा बित्नेछन् ।

हामी होटलको प्रक्रिया पूरा गर्छौं । हामीलाई भनिन्छ 'लिफ्ट र कोठामा यही कार्डले काम गर्छ ।' अब हामी कोठातर्फ लाग्छौं ।

हिजो रातको हो काठमाडौं-क्वालालम्पुर उडान, त्यही पनि भनिएभन्दा ढिलो भई उढ्दा मध्यरात नाघिसकेकाले निद्रा खलबलिएको छ तर यहाँ आइपुग्दा निद्रा हराएको छ, नौलो भूगोल, नौला दृश्यले कौतूहल जगाएको छ । पहिलो दिन घुमफिरको कुनै औपचारिक कार्यक्रम छैन, यसैले हामी केहीबेर विश्राम गर्छौं । घुम्नकै लागि पुगेका हुँदा विश्राम लामो भने हुँदैन ।

छोटो विश्रामपश्चात् पाँचौं तलामा रहेको कोठाबाट ओर्लिई काउण्टरमा पुगी वरपरका स्थान जहाँ हामी आफै घुमफिर गर्न सक्छौं, बारे होटलका कर्मचारीबाट जानकारी लिन्छौं । हामी समुद्री किनार र बजारबाट नजिकै छौं भन्ने जानकारी हुन्छ ।

अब हामी सर्वप्रथम स्थानीय मुद्रा सटही गर्नेतर्फ लाग्छौं । त्यसो त सीमकार्ड र मुद्रा सटहीको सुविधा विमानस्थलमै पनि उपलब्ध नभएको होइन तर हामी बाहिरै आवश्यक मुद्रा सटही गर्ने योजनाका साथ विमानस्थलबाट सिधै होटलतर्फ आएका हौं । मनि एक्सचेन्ज पुग्दा थाहा हुन्छ आजको सटही दर एक अमेरिकी डलर बराबर करिब १५ हजार इन्डोनेसियन रुपिया छ, नेपालमा डलर खरिद गर्दा प्रतिडलर नेपाली १३४ रूपियाँ २० पैसा परेको छ हाम्रो ।

इन्डोनेसियाको मुद्रा एकमात्र एकाइको भएकोले हजार, लाख भन्दा घटिका अर्थात् सय-पचासका कुरा यहाँ हुँदैनन् भन्ने थाहा छ हामीलाई । हामी केही सय डलर साट्दछौं र लाख लाखका नोट लिएर घिरौंला जत्रा नाक बनाउँदै बजारतर्फ लाग्छौं ।

पहिलो चोकमै भव्य मूर्ति छ वरुणको । कलात्मक सो मूर्ति पूर्वतर्फ मोहडा भएको जाज्वल्यमान छ । वरुणलाई समुद्रका अधिष्ठाता वा जलका अधिपति मानिन्छ । हामी यस मूर्तिलाई नियाल्छौं, विभिन्न कोणाबट फोटो खिच्छौं र अघि बढ्छौं । अलि अगाडि बढ्दा भव्य चर्च देखिन्छ । यो धार्मिक सहिष्णुताको नमुना लाग्दछ ।

भ्रमणका क्रममा जलवेष्ठित बालीमा वरुणका साथै महाभारत तथा रामायणका पात्रहरूका थुप्रै मूर्ति देख्दछौं । साना ठूला मन्दिर र हामीले पुज्ने देवीदेवताका मूर्ति घरैपिच्छे देखिन्छन् । तिनलाई देख्दा हामी हाम्रो तुलसीको मठ सम्झन्छौं यद्यपि आकार-स्वरूपमा भिन्नता छ, यी ढुङ्गा, सिमेन्ट वा काठका र अग्ला छन् । तिनको तल्लो भागमा खासगरी पहेँला-सेता रङका वस्त्र पहिराइएको छ र यी उचाइमा पनि एकनासका छैनन् । अर्को कुरा- तिनका सामु पातबाट बनेको चार कुने दुनामा फूल, फलफुल, खानेकुरा आदि राखिएको छ । यो देख्दा हामी हाम्रो नेवार समुदायको घरका ढोका सामु पूजा गर्ने प्रचलन सम्झन्छौं ।

अघि बढ्दै जाँदा हाम्रो दृष्टि लामो बाँसको लिङ्गोमा पर्छ । सो लिङ्गोको टुप्पोमा झुन्डिएको आकृति यसो हेर्दा हाम्रो यहाँ कार्तिक महिनामा बालिने आकाशदीप बाल्ने शैलीको देखिन्छ यो तर यहाँ बत्ती बालिँदैन रहेछ त्यसमा । हामी जिज्ञासा राख्छौं नजिकैका पसलेसँग- 'के हो यो ?' उनी भन्छन्- 'अहिले हाम्रो पर्व चलिरहेको छ, त्यसै अवसरमा टाङ्गिएको हो । पर्वभरि यो यसै रहिरहन्छ ।' त्यसपछि त हाम्रा आँखा यिनैमाथि पर्न थाल्छन्, हरेक घरका सामु पो छन् कतै होचा कतै अग्ला लिङ्गा हेर्दा लाग्छ यसको र घर सामुका मन्दिर आकृतिको संरचना शायद आर्थिक क्षमताको पहिचान पनि होला ।

साँझ परिसकेको छ, हामी खानाको खोजीमा लाग्छौं, यत्रतत्र छन् भारतीय रेस्टुराँ । हामी दाल, रोटी तरकारी रोज्छौं र खानपिनपछि चार जनाको खानाको झन्डै आठ लाख इन्डोनेशियन रूपिया बुझाई होटल फर्कन्छौं ।

पूरा चार दिनको भ्रमण योजना छ हाम्रो । यो बसाईमा हामी बालीका विभिन्न स्थानको अवलोकन गर्दछौं । भ्रमणका क्रममा देखिएका गाउँहरू नेपाल बिर्साउने खालकै लाग्छन् । धानको खेती विशेष छ यहाँको, कतै रोपिँदै, कतै गोडिँदै र कतै काटिँदै छ धान । फलफुलका हकमा नरिवल त हुने नै भयो सुन्तला, कटहर, आँप, मेवा आदि फलफुल लटरम्म फलेका छन् । विभिन्न जातका तरकारी र फूलको खेती प्रशस्त देखिन्छ गाउँतिर । कफी खेतीका लागि प्रशिद्ध छ बाली, हामी कफी फार्मको अवलोकन गर्दछौं ।

यहाँका सडक उतिसारो फराकिला छैनन् र ठूला सार्वजनिक सवारी साधन पनि छैनन् । स्कुटर मोटरसाइकल र कार आदि छन् प्रशस्त तर ट्वाँ टुँ र प्वाँ पुँ

पनि सुन्नु पर्दैन खासै र भन्ने नै हो भने त लाग्छ बाली ध्वनि प्रदूषणबाट पूरै मुक्त छ तर खासगरी शहर प्रवेश गर्ने र निस्कने क्रममा सडक जाम भने साँच्चै पट्यारलाग्दो महसुस हुन्छ । घरहरू प्रतिस्पर्धा अर्थात् तँछाडमछाड गर्दै अग्लिएका छैनन् । प्रायः ससाना नै छन् होटल र व्यावसायिक भवनबाहेकको उचाइ अस्वाभाविक छैन । निश्चय नै आधुनिकता छ, शहरमा अग्ला आधुनिक घरहरू नभएका होइनन् तर अग्लिने चुलिने प्रतिस्पर्धा महसुस हुँदैन तिनमा । लाग्छ आफ्नो पहिचानप्रति, आफ्नोपनप्रति सजग छ बाली ।

हामी कहाँका थारु, मगर, गुरुङ आदि जस्ता देखिन्छन् मान्छेहरू । पहिरनको हकमा पनि कतै थारुको जस्तो र कतै मगर गुरुङकै जस्तो देखिन्छ । लुङ्गीको चलन छ, भड्किलो पहिरन देखिँदैन । चर्को छैन बोली, नम्र छन्, दुई हात जोडी नमस्कार गर्छन् झुकेर स्वागत र विदाइमा मुस्कानसहित । हिन्दू हुनुमा गौरव गर्दछन्, ब्रह्मा, विष्णु र महेश्वरलाई हामी झैं सृष्टिकर्ता, रक्षक र संहारक मान्दछन् बालीबासी हिन्दू ।

उद्योग धन्दा खासै छैनन्, विदेशीको लर्को लागेको छ, ओहरदोहर छ विदेशीको, छिनछिनमा उडान र अवतरण भइरहेको छ विमानको, पर्यटन नै यसको प्रमुख व्यवसाय र यहाँका बासिन्दाको आयआर्जनको माध्यम हो तर अहँ, यसको आफ्नोपनलाई पर्यटनले कुनै हस्तक्षेप गर्न सकेको छैन, प्रभावित पार्न सकेको छैन । यस्तो महसुस हुन्छ सजग छ बाली र आफ्नो मौलिक विशिष्ट पहिचान कायम राखेको छ बालीले ।

साँच्चै भनुँ ? पत्याउनुहुन्छ ? हामी विदेशीको देखासिकी गर्छौं, आफ्नो फाल्नु र अर्काको अपनाउनुलाई हामी सभ्यता ठान्दछौं, आधुनिकता ठन्दछौं तर बालीले अर्काको सिको गरेको छैन, अर्काको अपनाएको छैन, आफ्नै संरक्षण गरेको छ, आफ्नैमा रमाएको छ ।

बालीमा तडकभडक छैन, नक्कलझक्कल छैन, हल्लाखोर छैन । यसको आफ्नै नाम छ, आफ्नै गरिमा र गौरव छ । यसैले यसको पहिचान भिन्न र विशेष छ । यो शान्त छ, सुन्दर छ, झर्कोफर्को मन पराउँदैन, यो भलाद्मी छ र बाली साँच्चै बेग्लै छ । हरेक ठाउँको कुनै न कुनै पहिचान हुन्छ । भिन्न खालको पहिचानले त्यस स्थानको विशिष्टता जनाउँछ । बाली यस्तै भिन्न पहिचान भएको गन्तव्य हो र बालीको यात्रा गरेपछि वास्तवमै यस्तो अनुभूति हुन्छ, बाली भिन्नै छ, वास्तवमै बेग्लै छ ।

विश्वको चौथो बढी जनसङ्ख्या र सर्वाधिक मुस्लिम जनसङ्ख्या भएको मूलुक हो इण्डोनेसिया र यहाँको हिन्दू धर्मावलम्वी बहुल एवम् हिन्दू संस्कृति युक्त एकमात्र प्रदेश हो बाली । बालीलाई सन १९५८ को इन्डोनेसियाली राष्ट्रिय

क्रान्तिपश्चात् गणतन्त्र इन्डोनेसियाको एउटा प्रान्त बनाइएको थियो । हिन्दूबहुलता बालीको एउटा भिन्न र विशिष्ट पहिचान हो । यही हाम्रा लागि यसप्रतिको आकर्षण हो र त्यसकै लागि भ्रमण योजना बनेको हो । बाली इन्डोनेसियाका धनी राज्यहरू मध्येको एक हो । बालीको अर्थतन्त्र मूलतः पर्यटनमै आधारित छ र यहाँ गरिबी निकै न्यून छ ।

यात्रा सम्पन्न गरिसक्दा यात्रा सार्थक भएको महसुस हुन्छ, साँच्चै मोहित गर्छ बालीले, लोभ्याउँछ हामीलाई यसको शान्त, सुरम्य अवस्थिति एवम् सभ्य शिष्ट व्यवहारले र त्यही मीठो सम्झना लिएर फर्कन्छौं स्वदेश ।

आखिर एउटा यात्रा न हो जिन्दगी ? यही अनिश्चित यात्राको निश्चित अवधिको एउटा यात्रा सम्पन्न गरेर स्वदेश फर्कँदा आँखामा नाचिरहन्छ बाली र लाग्छ अहिलेसम्म देखेका ठाउँभन्दा भिन्न, साँच्चै बेग्लै छ बाली ।

वनस्थली, काठमाडौं ।

-_-

**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**

**Mirmire Nepal**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

**के तपाईंले शब्दार्थका कथा, कविता र निबन्धका पुस्तकहरू पढ्नुभएको छ ?**

# एसिया नाघेर युरोप



**विमल गिरी**

भारी मन बोकेर एसिया महादेशलाई नाघेर युरोपसम्मको दूरी तयसँगै यात्रैयात्राको विदेशिने क्रमले डेढ दशकभन्दा बढी नाघिसकेको छ। यसैक्रममा नीलो समुद्र र हरियाली वातावरणले शृङ्गारिएको प्राकृत सुन्दरतम देश नेदरल्याण्ड जाने योजना बन्यो। फूलै-फूलको शहर। पर्यटकलाई आकर्षित गर्ने म्युजियमको देश, विकास निर्माणको तीव्रता र ऐतिहासिक ठाउँ हेर्न शताब्दीऔं पुरानो त्यो ऐतिहासिक सङ्ग्रहालभित्रको संरचना आ-आफ्नो धर्मसँग सम्बन्धित स्थलहरूको आँगन हेर्न अत्तालिरहेको छ मन।

हतारमा यात्रा गर्दा विभिन्न कुरालाई ध्यानमा राख्नुपर्छ भन्ने कुरा मेरा प्रिय कवि श्यामलको कविता 'हतारमा यात्रा'लाई मनन गर्दै चाहिने सर्जामहरू जम्मा गरेर निजी बाहनमा चढियो।

दिनभरिको कामको थकाइ, बेलुकीको यात्रा रमाइलो हुनेमा आशावादी हुँदै गाडीमा भएको नाभिगेटरमा गन्तव्य स्थान हल्याण्डको आम्स्ट्राडम सेटिङ्ग गरेपछि हुइँकायो ड्राइभर छोरा निश्चलले। यात्रीहरू म र श्रीमती। समय साँझको ८:५० भएको थियो। नयाँ ठाउँको यात्रा भनेपछि त्यसै पनि हौसिन्छु म।

एक सय बीस किलोमिटर प्रतिघण्टाको दरले गाडी दौडाउँदै छ छोराले। बाटामा कति गाडीलाई उछिनेर अगाडि बढियो। कति गाडीले हामीलाई पछाडि छाडे छाडे। हिउँदको बेला। हेर्दा उज्यालै भए पनि रात परिसकेको थियो।

अचम्म लाग्छ, नेपाल र युरोपको समय मिलाउने पारा देखेर। युरोपमा छ महिनामा एक घण्टा समयलाई बढाउने र घटाउने गरिन्छ। युरोपमा गर्मीयाममा लामो दिन हुन्छ र अबेरमा सूर्य अस्ताउँछ। बिहान पाँच बजे नै सूर्य उदाउँछ। १० बजे रातीसम्म झलमल्ल घाम लाग्छ। उज्यालैमा बेल्जियमको विभिन्न शहर छिचोल्दै प्राकृतिक पदमार्ग, उपत्यका र बाटामा ठाउँ ठाउँमा ठूला चम्किला भवनहरू देखिन्थे। युरोपभरिका घरका बनौट, यातायात र त्यसको सञ्जाल प्रायः उस्तै हुन्छ।

१२० किलोमिटर प्रतिघण्टाको स्पिडमा हुँइकिरहँदा देखिने जमिनको दृश्य

साँच्चै मनमोहक थियो । समथर जमिन, हरिया जङ्गल कुनै कलाकारले वर्षौं लगाएर बनाएका चित्र जस्ता । तहतह र खण्डखण्डमा विभाजित खेतका गरा झैं लाग्ने भूबनोट । शिशिर ऋतुको प्रारम्भमा प्रायः युरोपभरि प्रकृतिले असाध्यै सुन्दर पार्दो रहेछ ।

विशाल भूभागहरू आँखाले भ्याइनसक्नुका घाँसे मैदान र त्यसमा चर्दै गरेका गाइका बथान र भेडा र घोडाका बगाल हेर्दै हामी अगाडि रेलमार्गको किनारैकिनार पिचरोडबाट कमिलाको ताँतीसरि दौडिरहेका ट्रकहरू, फराकिला फाँट र ती फाँटमाथि फैलिएका विशाल सामुद्रिक ताल अनि क्षितिजरेखासँगै टाँसिएर दौडिएका ससाना पहाडका शृङ्खलाहरू झैं लाग्ने मनमोहक दृश्य हेर्दै दौडिरहेका छौं ।

संसार सबैभन्दा अनौठो देश । जहाँ पानी माथि छ जमीन तल । विश्वकै एकमात्र यस्तो देश जहाँ अनौठा कुराहरूले भरिपूर्ण छन् । सडकको वरिपरी रङ्गीचङ्गी फूल फुलेका बगैंचाहरू, कलात्मक गगनचुम्बी भवनहरूले मनै लोभ्याउथे ।

बेलुकीपख पश्चिमको आकाशलाई राताम्मे पारेर क्षितिजरेखाबाट बिस्तारै तलतिर घर्म्रदै गरेको सूर्यतिर औंल्याउँदै जीवन सङ्गिनी उषाले भनिन्- अहा ! कस्तो राम्रो, दिनमा ताप दिने सुनौलो सूर्य जब दिन ढल्कँदै जान्छ अनि रातो किन भएको होला र कहाँ जान्छ होला यो उज्यालिने सूर्य रातमा । मैले अस्ताउँदो सूर्यलाई देखाउँदै मनमा उर्लिएका भावनाका तरङ्गलाई खेलाउँदै यो जिन्दगी पनि यसरी नै अस्ताउँछ एक दिन, उज्यालोको सपना बोकेर हिँड्दाहिँड्दै कहाँ पुगेर के हुने हो पत्तै हुँदैन जिन्दगीको ।

जमिनमुनिको सम्पूर्ण भूभागमा भूमिगत रेलमार्ग अनि त्यसैमाथि अति अग्ला र ठूला भवनलाई आम्स्ट्राडामका शहरले आफ्नो खोकिलामा सजिलै राखेको देख्दा जो कोहीलाई पनि अचम्म लाग्छ । विश्वको न्यायालयको प्रधान कार्यालय द हेग (डेनहाग्) ले पनि जो कोहीलाई आकर्षित गर्दछ ।

नेदरल्याण्डको पानीमुनि जीवन
साइकलको शहर, स्वच्छ हावा, शान्त बोट-हाउस यात्रा
आम्स्टर्डाम-रोटरडाम
साँच्चै अविस्मरणीय स्थान ।

उज्यालोले राती हो वा दिउँसो छुट्टयाउन गाह्रो छ । तीन घण्टाभरिको यात्रामा निकै थाकेका थियौं हामी । थकाइ भोकलाई बोकेर हिमालय किचेनमा आइपुगेका छौ । जीवन हाँसेर बाँच्नका लागि हो भन्ने मान्यताका साथ अरूलाई सधैं खुसी रहन अभिप्रेरित गर्ने प्रिय अम्बिका बहिनी, विना बहिनी र साना साना

भान्जीहरू आर्य र अंशुसँगै खुसी बाड्यौ एकार्कामा ।

पराई आकाशमुनि रातको समयमा रेस्टुरेन्टकी सानु कद हँसिलो अनुहारको वेटर बहिनीले- 'पिउनको लागि के ल्याऊँ ?' भनिन्, मैले यहाँको प्रसिद्ध बियर हेनेकेन ल्याउनु न भने र सबैले चियर्स गर्दै विभिन्न परिकारसँगै पिउने खाने काम भयो । त्यति पिउँदिन म कैले कैले मात्र हो । पिउन अलि गाह्रो भएको छ । भुपिलाई सम्झिएँ 'पिउन कति गाह्रो छ पिएर त हेर साथी ।' राजनीति, साहित्य र कलाका विविध प्रसङ्गमा गफिँदै छौं- 'ल थाकेको अनुभूति, भइरहेको छ र मात्रै अलिकति लिएको हुँ । उसो त सबैले थोरै थोरै मात्र पियौं ।

दुई दशक अघि अमेरिकामा स्थापित 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज' विश्व एकेडेमीको रूपमा विकसित हुँदै गरेको अनेसास नेदरल्याण्ड च्याप्टरका अध्यक्ष हिमालय किचेनका प्रोपाइटर सूर्यराज गिरीसँग बसाइमा समाजको सकारात्मक गन्तव्यका लागि बाँचेका अक्षरजीविहरूको कुरा भए र स्टाफहरू मामा कैलाश गिरी हुनुहुन्थ्यो । दुई जोडी स्थानीय जोडीहरू उत्साहपूर्वक अनुभूति साट्दै खाने पिउने गरिरहेका थिए । मैले थोरै बुझेअनुसार ती जोडीहरू आफ्नै भाषामा बोलिरहेका थिए । भाषाप्रेम, देशप्रेम र नागरिकप्रेम एक किसिमले युरोपियनहरूको विशेषता नै हो । आफन्तहरूको कुरा सुनिरहँदा कुरैकुरामा सङ्गिनी उषाले भन्दै थिइन्- 'जीवनमा भ्रमण त गर्नै पर्ने रहेछ । भ्रमणले मानिसलाई धेरै जान्ने सुन्ने बनाउँदो रहेछ ।'

दुःखसुख भोग्दै समयले निखार्दा-निखार्दै यो उमेर भो । आशा, आकाङ्क्षा, कल्पना र सङ्घर्ष अनि धैर्यका अनुभवहरू बगिरहन्छन् नदी झैं । मनमनै कल्पें- 'हिजो हामी कहाँ थियौं ? आज यहाँ छौं भोलि कहाँ पुगिने हो ?' मैले थोरै थपें ।

मैले यसो भित्ते घडीतिर हेरे गफैगफमा बिहानको तीन बजिसकेको थियो हतार हतार रेस्टुरेन्ट बन्द गरेर हामी हुइकियौं । नेदरल्याण्डको राजधानी आमस्ट्राडम एउटा क्यानलैक्यानलले भरिएको पर्यटकीय शहर हो र यस शहरलाई उत्तरको भ्यानिस भनेर चिनिन्छ । यहाँ करिब ९० वटा नहर (द्वीपहरू) थिए । १७ औं शताब्दीको प्रारम्भमा आप्रवासन बढ्दै गएपछि एक व्यापक योजना एकै ठाउँमा राखिएको थियो र जसको मुख्य नहरहरूको वरपरका भागहरूमा १५५० स्मारक भवनहरू छन् । यो भवन र स्मारकहरूलाई २०१० मा युनेस्कोको स्मारक भवनहरू विश्वस्थलको रूपमा सूचीबद्ध गरिएको थियो ।

यहाँ अवस्थित नहरहरूलाई चार मुख्य भागमा छुट्याइएको छ । नहरको रिङ क्षेत्रमा पन्द्र सयजति पुलहरू छन् । ती पुलहरूका लम्बाइलाई जोड्ने हो भने सय किलोमिटर जति हुन आउँछ । नेदरल्याण्ड यस्तो देश हो जहाँ भाषा साहित्य र कला (चित्रकार) ले भरिपूर्ण भएको देश मानिन्छ । विश्वप्रसिद्ध चित्रकारहरू

रेम्ब्रान्ट, भेरमेर, भेनगगको जन्म पनि नेदरल्याण्डमा भएको थियो । उनीहरू मरेर गए पनि लाखौंलाख व्यक्तिको मनमा उनीहरू बाँचिरहेका छन् र सयौं वर्षसम्म बाँचिरहने छन् ।

नेदरल्याण्डको अतिव्यस्त व्यापारिक केन्द्रहरूमा जहाँ गाजा, चरेस, कोकिनजस्ता हानिकारक पदार्थहरू बाटाबाटामा खुलेआम किनबेच हुन्छन् । गल्लीहरूमा गाजा र चरेस खानेका भिडहरूले डङ डङ दुषित धुवाँ उडाइरहेका हुन्छन् । दुर्गन्धबाट मुक्ति पाउन मानिसहरू नाक थुनेर आफ्नो गन्तव्यतर्फ लम्कँदै गरेका भेटिन्थे । मान्छेहरूको आवतजावत प्रसस्तै देखिन्थे । नजिकै रेडलाइट यरिया । जताततै सिसाभित्र अफ्रिककन र स्थानीय नाङ्गा चेलीहरूको लस्कर । देशअनुसारको भेष भन्थे, हो रहेछ । हामी मुखामुख गर्दै आफ्ना बाटो ततायौं ।

सबै आआफ्नै धुनमा हतारमा हिँडिरहेका थिए । कत्तिलाई कहाँ पुग्नु छ के के भ्याउनु छ, मान्छेको भिड उस्तै छ । सबैलाई हतार छ । फुत्त मेरै अगाडिबाट घुडामाथिको ट्याटु देखाउँदै मेरै अगाडि एउटी काली आउँदा त छक्कै परें म । पर्फुमको महकसँगै सडक र पेटीमा हात समातेर हिँडिरहेका युगल जोडीहरू, बैसालु मुस्कानका साथ सुन्दरीहरू स्तन, नितम्ब, जाँघ हल्लाउँदै अर्धनग्न ओहोरदोहोर गरिरहेका थिए ।

युरोपमा समयको अत्यन्त ख्याल गरिन्छ । त्यसैले आउनुपर्ने र पुग्नुपर्ने समयमा रत्तीभर तलमाथि हुँदैन । साधनहरू पनि ठीक ठीक समयमा हिँड्ने र रोकिने गर्दछन् । हाम्रा देशमा जस्तो यात्रुहरूलाई घन्टौघन्टासम्म बाटोमा कुराउने कल्पना नै गर्न सकिन्न यहाँ ।

बाटाभरि साइकल यात्रीहरूको निकै भीड देखिन्छ । सामान्य मानिसहरू बिहानै साइकल चढेर काममा गएका देखिन्छन् । दिउँसो पनि ठूला सडकहरूमा मनग्य साइकल यात्रीहरू भेटिन्छन् । शहरमा यात्रीहरू भने नगण्य देखिन्छन् ।

जमिनैजमिनले घेरिएको भूपरिवेष्ठित राष्ट्रको नागरिकलाई त्यहाँको समुद्रै समुद्रले भरिएको परिवेशले निकै मोहित बनायो । जताततै हेरेर नभ्याउने पानी । जताततै डुङ्गा, बोट र जहाज देखिन्थे । चढ्ने र उत्रनेको त्यस्तै भिड । हामी (अम्बिका, उषा र निश्चल) पनि प्रति व्यक्ति ११ युरो तिरेर बोटमा १ घण्टा घुम्यौ । विभिन्न अनुहारहरूसँग एकाकार हुन पाउँदा मन प्रफुल्ल भयो । १५ भाषामा सुन्न र सुनाउन मिल्ने रेकर्डेड छोटो ब्रिफिङ सुनिन्थ्यो

वाणिज्य, आर्थिक, सांस्कृतिक, मनोरञ्जन, शिक्षा र पर्यटनको बारेमा सुनाइरहेका थिए । हामी सबैका लागि एउटा अविस्मरणीय र एउटा रोमाञ्चकारी यात्रा थियो । गर्मी हपहपी छ तर सबैलाई आनन्द । अनुहार राताम्मे छन् सबैको । भर्खरका कुरकुरे बैंशका ठिटाठिटीहरू आफ्नो छोप्नुपर्ने अङ्गहरूलाई थोरै

कपडाले छोपिएका देखिन्थे । खुलेआम चुम्बन गर्दै, एकर्कामा औंला मुसार्नमा तल्लिन देखिन्थे । कसैलाई कसैको चासो र मतलब थिएन ।

हामी भने मुखामुख गर्छौं । जताततै खुसी एवम् मायालु वातावरणयुक्त छ । शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता अधारभूत अधिकार राज्यले सुनिश्चित गरेको छ । ढुक्क छन् सबैजना । मोरामोरी कतै हेर्दैनन् । अचम्मको बसाइ, ओटले ओठलाई डसेका छन् । विभिन्न मूलुकका काला, गोरा, सबै सबै अटाएका छन् । प्रकृतिले दिएका यी सुन्दर उपहारहरू आखिर मान्छेकै खुसीमा थिए । बाटोमा देखिने प्राकृतिक दृश्यहरूले वसन्त निम्त्याउँदै थिए । पालुवाका मुजुराहरू उकुसमुकुसिँदै हरियालीमा परिणत हुने तरखरमा देखिन्थे ।

यसो हेर्दा सत्र अठारका वर्षका झैं लाग्ने कम्मर नाङ्गै पार्दै बीच बेन्चमा बसेर टोलाइरहेका थिए । कस्तो लाजसरम पचेका यी खैरेनीहरू । पोखी नै आँटेका अटेसमटेस कामुक छातीमा ट्याटुलाई थोरै लुकाएका फुचीहरू नाङ्गै तिघ्रा पारेर जिस्किँदै कसैले अँगालो मारेर, कोही टाँसिएर, कोही नाङ्गै काखमा बसेर, सेल्फी खिचिरहेका देखिन्थे । यात्राका सम्झना, कोसेलीहरू मनभरि बोकेर हामी बाटो लाग्यौं । सी यु अगेन आमस्ट्राडम ।

चारपाने झापा,हाल ब्रसेल्स ।

-–-

**शब्दार्थ प्रकाशनको वेबसाइटमा वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् है !**

mail : shabdarthaprakashan@gmail.com
web : www.shabdarthaprakashan.com/
www.nepalipublisher.com

**के तपाईंले हाम्रा प्रकाशनका शब्दकोशहरू पढ्नुभएको छ ?**

# बुद्ध खोज्ने गाउँले पर्यटक



**विष्णुप्रसाद शर्मा पराजुली**

'ख्याल-ख्यालमा स्याल पल्ट्यो' भन्ने उखान थाइल्याण्ड भ्रमणमा ठ्याक्क मिल्यो। तीन सातामा सम्पूर्ण तयारी पूरा भयो। मित्र लक्ष्मण अधिकारीको परिवार छोरा-बुहारीसमेत चार र हामी दुई गरी छ जनाको समूह बन्यो। वि.सं. २०८० फागुन ७ गते देशमा प्रजातन्त्र दिवस मनाइरहेको बेलामा हामी भने नेपाल एयर लाइन्सको विमान चढेर थाइल्याण्डको बैङ्ककतिर लाग्यौं। जहाजको खाना र पेयपदार्थ मिठै थियो। खान र लाउनमा नेपाली सौखिन नहुने भए नेपाल आमाका पुत्र दाइ युक्रेन र भाइ रुसमा युद्धमा होमिने थिएनन्। विद्वान् बालकृष्ण पोखरेलले 'खस जातिको इतिहास'मा नेपालीको पुर्खालाई आयुधजीवि भनेको त्यसैकारण ठीक रहेछ।

थाइल्याण्डको सुवर्णभूमि अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नासाथ सिमकार्ड लिने, थाइ भाट साट्ने, सुरक्षा जाँच गर्ने, थाइल्याण्ड प्रवेशको छाप हान्ने, आफ्ना पोकापुन्तुरा जिम्मा लिने काम सरासर भयो। बाहिर निस्कँदा हाम्रो टोली नेतृ श्रेया के.सी. लेखेको ब्यानरसहित ट्राभल एजेन्टका कर्मचारी उपस्थित थिए। आरामदायी सानो बसमा सिजन्स सियाम होटलमा पुग्यौं। सन् १९३९ सम्म थाइल्याण्डलाई सियाम भनिन्थ्यो। साइयाम संस्कृत शब्द श्यामाबाट आएको भनिन्छ। धेरै संस्कृतका शब्द जस्तै सुवर्णभूमि, रामा, यक्ष, गणेशा, इन्द्र, अरुण, अयोथा (अयोध्या) यहाँ पाइने भएकोले सियाम (Siam) संस्कृतको श्यामाबाट आएको मान्नुपर्ने हुन्छ।

नेपालका शहर साँझ नौ बज्दानबज्दै औंसीमा रूपान्तरण हुन्छन्। संसारको ७३ औं ठूलो शहर बैङ्कक राती नौ बजे ब्युँझँदै थियो। सडकपेटीमा थाइ खानाको लस्कर लहरै विभिन्न प्रकारको वासनासहित लहराएको थियो। पर्यटकहरू कतै खाना खाँदै थिए, भरखर यौवनावस्था प्रवेश गरेकाहरू फुकाफाल भएर बारमा झुम्मिँदै थिए, कोही डिनर झोलामा हालेर फर्कंदै थिए। रातको दश बज्नै लाग्दा हामी पर्यटक भई टोपलेका गोर्खालीले पनि बाटोमै थाइ खाना खायौं।

वेस्ट होलिडेज थाइल्याण्डले हाम्रो यात्राको व्यवस्थापन गरेको थियो।

बिहानको बुफे खाजा मज्जैले लाज नमानी थपीथपी खायौं । बुफे भनेपछि नेपाली मात्र होइन, अमेरिका, युरोप, अस्ट्रेलिया, चीन आदि देशका पर्यटकले पनि बढी नै खाँदा रहेछन् । हुन त त्यो हामी आफैले अग्रिम रकम बुझाएर कोठा र खाजमा समावेश गरिएको हो । हाम्रो दक्षिणका केही छिमेकी मित्रहरूको हल्ला बढी हुने, टेबलमा पोख्ने, प्लेटमा छोडने गरेको देखिन्थ्यो । अमेरिकी र युरोपियनले सभ्य भएर थपीथपी मज्जैले खान्छन् र फलफुल भए लाज नमानी झोलामा हाल्छन् । मान्छेको मन लोभी हुन्छ । पेट पनि पापी हुँदो रहेछ । आफ्नै पैसो तिरेको हो, बुफे हो भनेपछि मानिसको आन्द्रो पनि लामो र ठूलो हुँदो रहेछ । ट्रम्प, बिल गेट्स, वारेट बफेट्स, एलन मस्कले पनि बुफेमा थपीथपी खाँदा हुन् कि हामीले जस्तै ? मैले देखेको छैन तर मानवीय स्वभावका कारण अलि बढी त खान्छन् होला ।

बिहान ९:१५ बजे ठ्याक्क चालक श्रेयाको नाम लिएर रिसेप्सनमा आइपुगे । त्यो दिन रिक्लाइनिङ बुद्ध र मार्वल टेम्पल अवलोकन गर्ने, डिएमके विमानस्थल पुग्ने, त्यहाँबाट थाइ लायन हवाइजहाजबाट क्राबी पुग्नु थियो । क्राबी थाइल्याण्डको दक्षिणमा अण्डामन समुद्र तटमा पर्ने सानो पर्यटकीय समुद्री टापु हो ।

वाट फो बुद्धको सुतेको मुद्राको मूर्ति भएको मन्दिर हो । यो मन्दिर इमराल्ड बुद्ध र भव्य दरबारदेखि नजिक फराकिलो क्षेत्रमा फैलिएको छ । आराम गरेको मुद्रामा रहेको बुद्धको मूर्ति यहाँको सबैभन्दा महत्त्वपूर्ण मूर्ति हो । त्यो मूर्तिको लम्बाइ ४६ मिटर र टाउको तिरको उचाइ १५ मिटर रहेको छ । त्यसमा सुन लेपन गरिएको छ । निर्वाण गर्नु पूर्वको अवस्थाको यस्तो मूर्ति थाइल्याण्डको सबैभन्दा ठूलो हो । मूर्ति छुट्टै भवनमा रहेको छ । कुशीनगरमा भएको मूर्ति निर्वाण प्राप्त गर्ने अवस्थामा बुद्धले भिक्षुहरूसँग बिदा मागेपछिको हो । यहाँको मूर्ति दाहिने हातको कुहिनाले भुइँ टेकेर हत्केलाले टाउको अड्याएर दुवै आँखाले आकाशतिर हेरेको अवस्थामा रहेको छ । देब्रे हातका औंला सर्लक्क तन्केको मुद्रामा कम्मरमुनि राखिएको छ । भिक्षु वस्त्र पहिरिएको, दाहिने खुट्टामाथि देब्रे खुट्टा खप्टिएको छ । त्यस्तै शैलीको आराम गरेको अवस्थाको सानो मूर्ति ठूलो मूर्तिको अग्रभागमा रहेको छ । यो मुद्रालाई समग्र दुःखको अन्त भई बुद्धले ज्ञान प्राप्त गरेर दुःखबाट मुक्त भएको अवस्थाको हो भनेर चित्रण गरिएको पाइन्छ ।

मूर्तिको अगाडि १०८ भिक्षापात्र रहेका छन् । तिनले बुद्धको १०८ शुभ चरित्रको प्रतिनिधित्व गर्छन् । ती भिक्षापात्रमा थाइ सिक्का दान गर्न सकिन्छ । नेपालमा गोसाइँकुण्ड पुगी स्नान गरेमा मनले चिताएको पुग्छ भन्ने विश्वास भए

झैं त्यहाँ पनि दान दिएमा मनले चिताएको पुग्छ भन्ने विश्वास रहेछ । शाक्यमुनि बुद्धले भिक्षाटनबाट नै सङ्घ स्थापना गरेको ऐतिहासिक तथ्य छ । त्यसकै आधारमा प्राचीन परम्पराकै निरन्तरता स्वरूप त्यहाँ दिइएको दान भिक्षुको सहयोगका लागि जान्छ । त्यस प्रकारको विश्राम अवस्थाको मूर्ति नेपाल र भार तमा मैले देखेको छैन । थाइल्याण्डमा भने धेरै मन्दिरमा त्यो मूर्ति राखेको र स्थानीयले पूर्ण गौरव र श्रद्धासाथ पूजा गरेको पाएँ । वाट फोपरिसरमा बुद्धका धेरै मुद्राका धेरै मूर्तिहरू राखिएका छन् । एउटा मन्दिरमा बुद्धको भूमिस्पर्श मुद्राको सुनौलो मूर्तिसहित भित्तेचित्र रहेको छ । त्यसमा दुई भिक्षुले बुद्धलाई नमन गरेको मूर्ति रहेको छ । मन्दिरमा नेपाल, उत्तरी भारत र चीनको तिब्बतमा भन्दा धेरै सुनौला विभिन्न मुद्राका मूर्ति राखिएका छन् । सुनले लेपन गरिएका मूर्तिको चमक सधैं ताजा रहने हुनाले सुनको बढी प्रयोग गरिएको हुनुपर्छ ।

बाहिर एक छेउमा पीपलको रूख छ । त्यसमा बुद्धको मूर्ति रहेको छ । त्यो नेपालको लुम्बिनी जहाँ बुद्धको जन्म भयो, भारतको बोधगया जहाँ बुद्धले ज्ञान प्राप्त गरेका थिए त्यससँग सम्बन्धित कथा छ । अन्य मन्दिरमा पनि पीपलको बोटको फेदमा बुद्धको मूर्ति राखेको देखियो । हामीले अवलोकन गर्दै गरेको यो मन्दिर आजकल आराम गरेका बुद्ध मन्दिरको रूपमा परिचित छ । यो पुरानो बौद्ध मन्दिरमा पर्दछ । प्राचीन कालमा यहाँ बौद्ध धर्म र दर्शनबारे अध्ययन गरिन्थ्यो । थाइ मसाज र जडीबुटीको प्रारम्भ पनि यहींबाट भएको रहेछ । मन्दिरको अर्को छेउमा हात्तीको मूर्ति, एक हल गोरुले जोत्दै गरेको मूर्ति, मानिसका मूर्तिका साथै पुराना औषधी बनाउने भाडा थिए । वरपर कमल र अर्किडका सुन्दर फूलले मन्दिरलाई झन् भव्य बनाएको प्रतीत हुन्थ्यो ।

यो पुरानो दरबार दुसित क्षेत्रमा पर्छ । रामा पाँचौंले सन् १८९७ मा युरोप भ्रमण गरेपछि उनले युरोपको शैलीलाई थाइ कला दिएर भवन बनाए जुन प्राचीन मौलिक थाइ शैलीमा आधारित छ । अहिले त्यो ठाउँ बुद्धका विभिन्न मुद्राका मूर्तिका सङ्ग्रहालय भएको छ । यसको पुरानो नाम वात बेन्चमाबोफित दुसितवानाराम हो भने आजकल मार्वल मन्दिर भनेर चिनिन्छ । त्यहाँ प्रवेश गर्न एक सय भाट लाग्छ भने कुहिना र घुँडासम्म छोपिने लुगा लगाउनुपर्छ । सुन्दर थाइ शैलीमा निर्मित यस भवनको सुरुको खण्डमा भूमिस्पर्श मुद्राको सुन लेपन गरिएको बुद्ध मूर्ति रहेको छ । सुकोथाइ शैलीमा निर्मित त्यसलाई फ्रा बुद्धजिनाराजा भन्दछन् । यो खण्डको भुइँ, थाम, बरन्डा इटालीबाट झिकाइएका विभिन्न रङका आकर्षक मार्वलले सजाइएको छ । धेरै सुन्दर मार्वलले सिङारिएकोले यसलाई आजकल मार्वल मन्दिर भन्ने गरिन्छ ।

मन्दिरको भित्री बरन्डामा बुद्धका विभिन्न मुद्राका ५२ मूर्तिहरू लहरै

राखिएको छ । अहिले यसले सङ्ग्रहालयको रूप लिएको छ । एक छेउमा बुद्धलाई ज्ञान प्राप्त गरेका, बौद्ध दर्शनका पिता, मानव जातिलाई दुःखबाट मुक्त गर्ने मुक्तिदाता, शान्ति र मित्रताका दूत भन्ने जानकारी राखिएको छ । त्यसमा बुद्धको बाल्यकाल, युवराज हुँदाको वैभव, सुख, कला, विज्ञान, राजनीति र दर्शनको अध्ययन गरेको, १६ वर्षको उमेरमा विवाह गरेको, बाहिरी संसार देखेको, साधु भएको, ज्ञान प्राप्त गरेको र दुःखबाट मुक्त हुने उपाय बताएको विवरण सिलसिला मिलाएर राखिएको छ । त्यहाँ कतै उनी जन्मेको ठाउँ नेपालको लुम्बिनी भने लेखिएको देखिनँ । मैले नदेखेको हो कि ?

मन्दिरको बाहिरी भाग थाइ शैलीमा बनाइएको छानो र त्यसमा राखिएका गजुरहरू धेरै आकर्षक छन् । त्यसले भवन निर्माणको थाइ शैली र कलाको प्रतिनिधित्व गरेको बाहिरको बनोट, गजुर, विभिन्न आकृति देख्दा थाहा हुन्छ जुन नेपाल, भारतको भन्दा भिन्न छन् । मुख्य हल रहेको ठाउँमा दुई सिंहले सुरक्षा दिएका छन् । भित्री भागमा भित्तेचित्रका अतिरिक्त आकर्षक बनाउन ठाउँ ठाउँ सुनले लेपन गरिएको छ । यस मन्दिरमा बिहान भिक्षुहरू भिक्षापात्र लिएर भिक्षा लिन लामबद्ध हुन्छन्, जुन सिद्धार्थ गौतमले दरबार त्यागी भिक्षु बने पछि प्रारम्भ गरेका थिए । नेपालमा त्यसरी भिक्षपात्र लिएर तीर्थयात्रीबाट भिक्षा लिन लामबद्ध भएको (विशेष पर्वमा बाहेक) आजकल पाइँदैन ।

हामी सोही दिन क्राबी जानु थियो । चालकले हामीलाई दोन मुआङ विमानस्थलमा छोडे । त्यो साँझ हामी क्राबी ओ नाङको क्लिफ रिसोर्टमा बस्यौं । थाइल्याण्डको दक्षिण अण्डामन समुद्र तटमा पर्ने क्राबी प्रान्त पर्यटकीय क्षेत्र हो । हामी क्राबीको प्रमुख पर्यटकीय शहर ओ नाङमा पुगेका थियौं । ओ नाङ क्राबीको स-साना थुम्के पहाड, बलौटे चट्टान भएको अण्डामन समुद्री तटमा रहेको सानो पर्यटकीय शहर रहेछ । झलक्क हेर्दा अमेरिकाको जायन राष्ट्रिय निकुञ्जको प्रवेशद्वार स्प्रिङ्डेलजस्तो । क्लिफ रिसोर्टमा पुग्नासाथ रमाइलो अनुभूति भयो । नेपालको पहाडमा चराचुरुङ्गीले स्वागत गरे झैं त्यहाँ पनि चराचुरुङ्गीले हामीलाई स्वागत गरे । होटलको कोठाअगाडिको सानो चुच्चो परेको पहाड देख्दा मलाई जाजरकोटबाट देखिने पश्चिम रूकुमको सिस्ने हिमालको झल्को लाग्यो ।

साँझमा पर्यटकको हुल देखियो । सडकको दुवै किनारमा ठूला र सुन्दर रेष्टुरा टनाटन थिए । पर्यटकहरू रेष्टुराका साथै सडकका छाप्रामा झुम्मिएका देखिन्थे । पश्चिम नेपालको पर्वतको गाउँमा हुर्केको म, ठूलो जहाज चढेर, पर्यटक भएर, थाइल्याण्ड पुगेर, नेपालमा जन्मेका बुद्ध खोज्दै सडक किनारमा टहलिएको पत्यार आफूलाई लागेकै थिएन । साँच्चै समय परिवर्तन भएकै हो ।

आजकल त धेरै नेपाली पर्यटक बनेर विदेश यात्रा गर्न थालेका छन्। देश धनी भएर हो वा व्यक्ति धनी भएर हो ? त्यो त मलाई थाह भएन।

मन बिहादी गाउँ पुगे पनि पाइला त क्राबीमा थिए। त्यो साँझ थाइ रेष्टुरामा थाइ खाना खायौं। इच्छाअनुसार खाने र बिल पनि आ-आफैले तिर्ने नीति बनाएका थियौं। त्यसैले कसैले धेरै खायो कि ? कसैले महँगो खाना खाएर धेरै तिर्नेमा पाऱ्यो कि ? कसैले बियर खायो कि ? भन्ने जस्ता मन खिन्न पार्ने अवस्था आउन दिएनौं। पेयपदार्थ जुनसुकै देशका रेष्टुरामा अधिक महँगो हुन्छ नै तर खाना, कोक, जुस र बियर थाइल्याण्डमा नेपालमा भन्दा सस्तो रहेछ, सेभेन इलेभन र ठूला पसलमा। गर्मी नेपालको तराईको जस्तो अनि बियर सस्तो भएकोले बियर पारखीलाई त्यो यात्रा अझ बढी रमणीय भएको थियो। क्राबीमा बढी रमाउने पात्र त्यहीं गाउँले पर्यटक नै थियो।

बिहादी-३ पर्वत/हालः वुनपा-१०, काठमाडौं।

--


# के तपाईंलाई थाहा छ ?

**हामी २०८० र २०८१ को**
**वर्ष साहित्य पुस्तकमा जुटिसकेका छौं।**
**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका**
**पुस्तकहरूको हामी परिचय प्रकाशन गर्दछौं।**

**त्यसैले हामीलाई पुस्तक उपलब्ध गराउनुहोस्।**

**साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं ०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३

